# कल्पतरु

ISSN 3021-9531

९ ७७३०२१ ९५३००६

११४



# कल्पतरु द्वैमासिकका आजीवन सदस्य

## विशिष्ट आजीवन सदस्यहरू:

अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वरप्रसाद देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौँ
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा, क्यानाडा
गोविन्दराज पौडेल, काठमाडौँ
ताराप्रसाद चापागाई, युएई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी (साधु), गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.म.पा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तीपाइला
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्याण्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौँ
रश्मी भट्ट, अमेरिका
रमेशप्रसाद खनाल, काठमाडौँ
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
लक्ष्मणकृष्ण ताम्राकार, कुपण्डोल
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, वेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौं
विष्णबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौँ

## विशेष आजीवन सदस्यहरू:

अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चापागाई, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल ढुङ्गाना, मित्रपार्क
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौं
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, वेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौँ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
दामोदर संजेल, गोकर्णेश्वर न पा-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौँ
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाईं सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौं
पारु तिमल्सिना, काठमाडौं
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौं
प्रमोद नेपाल, काठमाडौँ
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी,गोठाटार
मधुवन पौडेल, काठमाडौं
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चापागाईं, काठमाडौँ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौँ
रमेश रिजाल,गोकर्णेश्वर
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानाडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा.रुपक श्रेष्ठ,
लिम्पिया नेशनल कलेज, गोकर्णेश्वर
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चापागाई, गोठाटार
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
श्रीकृष्णराज पुडासैनी, जोरपाटि
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

## साधारण आजीवन सदस्यहरू:

अनिल चन्द, कञ्चनपुर
अमर सन्तति, रामेछाप
अमृत भट्टराई, काठमाडौं
अर्जुन पुडासैनी, बानेश्वर
उपेन्द्र पौडेल, पोखरा
उमाकान्त पोखरेल, झापा
उमेश तिमिल्सिना, गोकर्णेश्वर
एल.पी. पराजुली, कपन
ऋषिराम भुषाल, काठमाडौं
ओम आचार्य, काठमाडौं
कविन्द्र खड्का, भक्तपुर
कान्छा तिवारी, काठमाडौं
कुमारराज सुवेदी, काठमाडौं
केशव शर्मा, अस्ट्रेलिया
केशव ज्ञवाली, भक्तपुर
कोमल प्र. लामिछाने, काठमाडौं
डा. खगेन्द्रप्रसाद दाहाल, झापा
खेमराज पोखरेल, अमेरिका
गङ्गा खड्का, बूढानीलकण्ठ
गङ्गा दाहाल, ललितपुर
गीता निरौला, काठमाडौं
गुप्तवहादुर श्रेष्ठ, काठमाडौं
गोपाल बराल, गोकर्णेश्वर
घन थापा, काठमाडौं
चिरञ्जीवी दाहाल, चितवन
चेवन वस्नेत, जडिबुटी
जीवन कश्यप, विराटनगर
टीकाराम देवकोटा, स्याङ्जा
टीकाराम रेग्मी, भरतपुर
तुलसीराम पुडासैनी, डाँछी
दमनबहादुर सिंह, रातोपुल
दिनेश खत्री, चन्द्रागिरि
दिलीप अर्याल, दक्षिणढोका
दीपक भण्डारी, बूढानीलकण्ठ
दुर्गा तिवारी, मण्डिखाटार
धुर्व नारायण जोन्छे, भक्तपुर
ध्रुव नेपाल, वानेश्वर
नवप्रज्ञापन, बारा
नरराज आचार्य, काठमाडौं
नवराज रिजाल, काठमाडौं
नवराज रिमाल, काठमाडौं
नवराज शर्मा, भक्तपुर
नानु राना थापा, बेलायत
नीता गुरुङ, आसाम, भारत
निर्मलादेवी तिम्सिना, साइप्रस
निरु बिन्दु, दार्जिलिङ
निशा के.सी., काठमाडौं
नीला घिमिरे, जनकपुर
नेत्रमान श्रेष्ठ, नुवाकोट
प्रकाश तिवारी, काठमाडौं
प्रदीप पुडासैनी, डाँछी
पदम दाहाल, भक्तपुर
परशुराम गौतम, जोरपाटी
पागल यात्री, जोरपाटी
पुष्कर रिजाल, कोहलपुर
प्रकाश कोइराला, भक्तपुर
प्रजापति तिमल्सिना, काठमाडौं
प्रदीपरत्न शाक्य, बौद्ध
प्रमोद भट्टराई, भक्तपुर
प्रेमलाल श्रेष्ठ, रामेछाप
बज्र इ. कलेज, जोरपाटी
बद्रीप्रसाद ढकाल, काठमाडौं
बद्रीनारायण श्रेष्ठ, रामेछाप
बलभद्र भारती, सुर्खेत
बाबुराम न्यौपाने, झापा
बालकृष्ण बराल, जोरपाटी
बुद्धिराज पाण्डे, काठमाडौं
भगवान पुडासैनी, गोकर्णेश्वर
भीम गौतम, चितवन
भोजराज रेग्मी, पेप्सीकोला
मणिराज सिंह
मधुसूदन अधिकारी, भक्तपुर
मनीषकुमार शर्मा, भक्तपुर
मातृका घिमिरे, काठमाडौ
मीरा पुडासैनी, काठमाडौं
मित्रलाल पंज्ञानी,कपन
मुरारि सिग्देल, गोकर्ण
मैना विष्ट, साँखु
यकिना अगाध, झापा
यम रेग्मी, दाङ
राज श्रेष्ठ, वेलायत
राजु शर्मा, काठमाडौं
डा. राजेन्द्र पौडेल, कपन
राजेशराज गड्तौला, काँडाघारी-काठ.
राजेशमान के.सी, भक्तपुर
राजेन्द्र श्रेष्ठ, काठमाडौं
राम आचार्य, झापा
रामबहादुर पहाडी, काठमाडौं
रामेश्वर श्रेष्ठ, साँखु
रामचन्द्र तिमल्सिना, रौतहट
लख्खु सिंह, वझाङ
लक्ष्मी स्मृति, विराटनगर
लीला कुँवर, वेलायत
लेखनाथ न्यौपाने, झापा
वसन्त अनुभव, दाङ
वासु पोखरेल,उदयपुर
विकल त्यागी, खोटाङ
विकास शैलपुत्र, भक्तपुर
विजयदेव खनाल, न्यूयोर्क
विनोद उपाध्याय, विराटनगर
विनोद नेपाल, पाल्पा
विष्णु प्र.श.पराजुली, बु.न.पा-१०
विष्णु भण्डारी, मोरङ
विश्वनाथ सञ्जेल, मकवानपुर
शंशेर व. न्हुछे प्रधान, भक्तपुर
शारदा घिमिरे, भैल, बनेपा
शेखरकुमार श्रेष्ठ, फर्पिङ
शैलेन्द्रकुमार शाह, काठमाडौं
श्रीराम अर्याल, वानेश्वर
सीता शर्मा, पर्वत
सीता शर्मा पन्धी, वीरगन्ज
सुभाषचन्द्र पौडेल, भीमफेदीया, मकवानपुर
हरिप्रसाद घिमिरे, काठमाडौं
हरिहर भण्डारी, बानेश्वर
हिमलाल पाठक, स्याङ्जा
हेमराज पौडेल, काठमाडौं
त्रिलोचन आचार्य, कपन
त्रिविक्रम पाण्डे, दोलखा

### दिवंगत आ.सदस्य

राजदाश श्रेष्ठ, साँखु
अर्जुन विलास पन्त, भक्तपुर
झषनाथ दाहाल, मोरङ

## कल्पतरु प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरू

अध्यक्ष
**नवराज पुडासैनी ज्योत्स्ना**
उपाध्यक्ष
**डा. विदुला घिमिरे**
उपाध्यक्ष
**विमल अर्याल**
सदस्य सचिव
**राजन पुडासैनी**
सचिव
**सुमन पुडासैनी**
कोषाध्यक्ष
**उमेश तिम्सिना**
सदस्य
**देविका तिमिल्सिना**
**मधुसूदन पाण्डेय**
**निर्मल अर्याल**
**राजेश खनाल**
**गोकुल अधिकारी**
**राजेशमान के.सी.**
**रेहित सैंजु**

## महाकवि देवकोटा-कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १) | वसन्त रिजाल | १,१३,८५०/- |
| २) | कृष्ण अधिकारी | ५०,०००/- |
| ३) | विमल अर्याल | ५०,०००/- |
| ४) | नवराज पुडासैनी | २५,०००/- |
| ५) | शिवहरि पोखेल | २५,०००/- |
| ६) | विष्णु बहादुर सिंह | १२,८६४/- |
| ७) | डा. रामप्रसाद ज्ञवाली | १२,५००/- |
| ८) | उषा पन्थी ज्ञवाली | १२,५००/- |
| ९) | कोमल लामिछाने | १२,१५४/- |
| १०) | शिवानी घिमिरे | १२,१५४/- |
| ११) | ईश्वरीप्रसाद लामिछाने | १२,१५३/- |
| १२) | बालमुकुन्द कार्की | १०,९९९/- |
| १३) | गोपाल प्र. बराल | १०,०००/- |
| १४) | गंगा कर्माचार्य पौडेल | १०,०००/- |

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १५) | गोविन्द घिमिरे वेदमणी | १०,०००/- |
| १६) | दुर्गा घिमिरे | १००००/- |
| १७) | मेनका पोखरेल | १०,०००/- |
| १८) | युवराज मैनाली | १०,०००/- |
| १९) | वाजुराम पौडेल | ८८२०/- |
| २०) | डा. चन्द्रमणी अधिकारी | ८१४४/- |
| २१) | कृष्ण सुवेदी | ७३१५/- |
| २२) | अर्जुन नेपाल | ५०००/- |
| २३) | राजेन्द्र पौडेल | ५०००/- |
| २४) | मनिता घिमिरे | ४११२/- |
| २५) | रामकुमार पण्डित | ३०००/- |
| २६) | अन्य (नाम खुलाउन नचाहने दाताहरू) | ५१४२३/- |
| | जम्मा | ५,०१,९८८/- |


- बौद्धनाथ क्षेत्रलाई सफा राखौं, सभ्य समाजको परिचय दिऊँ।
- विश्व सम्पदाको सम्मान गरौं, शान्तिदूतको श्रद्धा गरौं।

**राजकुमार लामा**
अध्यक्ष
बौद्धनाथ क्षेत्र विकास समिति, का म न पा -६


**शुल्क वा सहयोग रकम पठाउनु परेमा QR Code**

We Accept
fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त

KALPATARU PRAGYA PRATISHTHAN
Terminal : 2222380016452678

We Accept
fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त

KALPATARU DWAIMASHIK
Terminal : 2222080006165369

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित

ISSN: 3021 - 9531
जि.प्र.का.द.नं. १३/०५४/०५५

प्रेस काउन्सिल-पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

# कल्पतरु द्वैमासिक

(Kalpataru Bimonthly litretary Magazine)

वर्ष : २४ अङ्क : १ पूर्णाङ्क ११४ २०८२ साउन - भदौ

**प्रकाशक/प्रधान-सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**कार्यकारी सम्पादक**
सिद्धनारायण आचार्य

**विशेष सम्पादक**
गोकुल अधिकारी, मुकुन्द अर्याल, रेहित सैजु

**सम्पादक**
सुमन पुडासैनी 'मित्र', उमेश तिमिल्सिना
राजन पुडासैनी, तुलसीराम पुडासैनी

**सहसम्पादक**
राजेशमान केसी

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**कार्यालय व्यवस्थापक**
रमेशमान श्रेष्ठ

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**संरक्षक**
कञ्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर', बाजुराम पौडेल

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल, महेशराज खरेल

**संस्थापक सहयोगी**
मा. बहादुरसिंह लामा

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpudasaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुप : कल्पतरु द्वैमासिक
Web .: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण**
नेपाल प्रेस सपोर्ट, अनामनगर, काठमाडौं

**गाता मुखपृष्ठ**
एआई

**मूल्य : रु. २००।–**

## 'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

| सल्लाहकार/निर्देशक | कार्यक्रम समीक्षक | सञ्चालक/सम्पादक |
|---|---|---|
| नवराज पुडासैनी 'ज्योत्स्ना' | जीवनाथ अधिकारी | निर्मलादेवी तिम्सिना 'कान्छी' |

हरेक हप्ता बिहीबार साँझ ६:३० बजेदेखि

# घट्दो नेपाली भाषा र साहित्यको मोह

सम्पादकीय

नेपाली भाषाको आधुनिकीकरण र नेपाली भाषामा साहित्यको श्रीगणेश भएको अढाइ सय वर्ष नाघेको छ । यस क्रममा यिनीहरूले अनेकौं आरोहावरोह छिचोल्दै समृद्धिको बाटातिर गुड्दै छन् । यिनीहरू यस अवस्थामा पुग्न धेरै भाषिक र साहित्यिक आन्दोलनको योगदान रहेको इतिहास जगजाहेर छ । यी आन्दोलनलाई शिखरमा पुऱ्याउन धेरै भाषा र साहित्यप्रेमीको त्याग, तपस्या र साधना अनुपम रहेको छ । अहिलेका विद्यार्थीहरूमा अन्य विषयको तुलनामा नेपाली भाषा र साहित्यको अभिरुचि क्रमशः ओरालो लाग्दो अवस्थामा रहेको छ । यसरी ओरालो लाग्दै जाने हो भने नेपाली भाषा साहित्यको आकाशमा ग्रहण लाग्ने छ ।

नेपालीहरू माम, दाम र नामका लागि बिदेसिनुपर्ने अवस्थामा विद्यार्थीहरूमा आफ्नो भाषा र साहित्यप्रतिको मोहमा क्षयीकरण हुनु स्वभाविक हो । नेपालमा आफ्नो भविष्य उज्ज्वल नदेख्ने विद्यार्थीहरूले नेपाली भाषा र साहित्यलाई किन माया गरून् ? बच्चालाई नेपाली भाषा र साहित्यको परिवेशबाट क्रमशः टाढा लैजानमा परिवार, समाज र सरकारले हद पार गरेका छन् । बच्चाले नेपाली बोले नाक खुम्चाउने र उसले अङ्ग्रेजी बोले नाक घिरौंला जत्रो पारेर फलानाका छोराले आफ्ना आमाबुबालाई फलानो देश घुमायो भनी परिवारले बालमस्तिष्कमा वितृष्णाको बीज रोप्दै छन् । समाजले विदेश गएका मान्छलाई दिएको इज्जतबाट कलिला मस्तिष्कमा विदेशी भाषा र साहित्यको मोह हुर्किंदै जाँदै छ अप्रत्यक्ष रूपमा । सरकारले माटो सुहाउँदो पाठ्यक्रम निर्माण नगरी देशमा नै पर्याप्त रोजगारीको अवसर सिर्जना नगर्दा नेपाली भाषा र साहित्यको भविष्यमा कालो बादलको धमिलो छाया मडारिँदै छ ।

नेपाली महान् व्यक्तिहरूको किस्सा, कहानीहरू सुनाई परिवारले बच्चालाई नेपाली नाटक र चलचित्र देखाएर उसमा भएको राष्ट्रियताको बीजलाई भाषा र साहित्यका माध्यमले अङ्कुरित गर्नुपर्दछ । विद्यालयले आफ्नो सांस्कृतिक पोसाकलाई अनिवार्य गरी विद्यार्थीहरूमा नेपालीपन बोध गराई उनीहरूलाई नेपाली भाषाको प्रयोगमा निरूत्साहित गर्नका सट्टा प्रोत्साहित गर्नुपर्छ । समाजले समाजमा उदाहरणीय काम गर्ने मान्छेका कामका प्रंशसा गर्दै सकारात्मक दिशातिर आजका बालबालिकालाई उन्मुख गराई देशमा नै गौरवपूर्वक बाँच्न सकिन्छ भन्ने कुराको आभास दिलाएर उनीहरूमा अङ्कुरित भएको राष्ट्रियताको बीजहरूलाई हुर्काएर पुष्पित गर्नुपर्दछ । सरकारले अङ्ग्रेजीबाहेक अन्य विषय नेपालीमा पठनपाठन पुनः सुचारु गरी ठाउँठाउँमा साहित्यिक पुस्तकालयको निर्माण गर्दै विद्यार्थीहरूलाई हप्ताको सात घण्टा यसैमा बिताउन बाध्यात्मक परिस्थितिको सिर्जना गरेर पुष्पित भएको राष्ट्रियतालाई फलित गर्नतिर अग्रसर हुनुपर्दछ । यसरी सबै निकायले राष्ट्रियतालाई फलित गराउन योगदान पुगाई नेपाली भाषा र साहित्यलाई सबै नेपालीहरूको नसानसामा बगाउन सकेमा साहित्यकारलाई शब्दहरूसँग जिस्किन, भावहरूसँग खेल्न र कलमसँग मस्किन जाँगर पलाउने छ । साहित्यबिना भाषा दरिद्र बन्छ, भाषाबिना राष्ट्रियता वलिष्ठ हुन सक्दैन र राष्ट्रियताबिना देश धमिरा लागेको रूखजस्तै बन्छ ।

विज्ञान र प्रविधिले अकल्पनीय रूपमा फड्को मार्दै गरेको आजको युगमा विद्यार्थीहरूका मुटुमा राष्ट्रियता धड्काएर यिनैका गतिसँग भाषा र साहित्यलाई बगाउनु आजको चुनौती र आवश्यकता दुवै हो । विज्ञान र प्रविधिको विकासले विद्यार्थीहरू र किताबको सम्बन्ध जेठाजु र बुहारीको जस्तै भएको छ । यस्तो अवस्थामा भाषा र साहित्यको विकास फलामको चिउरा चपाएसरह भए तापनि राष्ट्रियताका लागि यी निर्विकल्प हुन् । कल्पनामा पनि भाषा र साहित्यको कल्पना नगर्ने विद्यार्थीहरूलाई साहित्य भनेको कल्पनाका जरासम्म पुग्ने माध्यम हो र विज्ञानको जरा पनि कल्पना हो भन्ने कुरालाई बुझाएर उनीहरूको ध्यान भाषा र साहित्यतिर आकृष्ट गर्दै उनीहरूको सिर्जनशीलतालाई मलजल गर्नु आजको आवश्यकता हो । यसका लागि सम्बद्ध पक्षहरू हातेमालो गर्दै दत्तचित्त भएर निरन्तर अगाडि बढ्न नसके नेपालमा नेपाली भाषा र साहित्य खतरामा पर्न सक्छ ।

**- कार्यकारी सम्पादक**

# यस अङ्कमा

## कविता/गीत/गजल/मुक्तक/हाइकु


- कविन्द्र पुडासैनी / ४१
- गङ्गा लिगल / १५
- गिरिराज डल्लाकोटी / १३
- दीनानाथ पोखेल / ३६
- नवशिला / १३
- पदम दाहाल / २१
- मिथिलेश आदित्य / ७
- मुकुन्द खनाल / ४२
- राजेशमान के.सी. / ४२
- रवीन्द्र आशिष शैली / ३१
- रेणु अधिकारी 'मौनता' / ५३
- लक्ष्मी स्मृति / ४९
- लीलाराज दाहाल / ३०
- विजया बस्नेत / ४१
- विनोद अधिकारी / ३४
- विनोद नेपाल / १९
- शशीश्री आचार्य / ५०
- सीता पाण्डे / ३१
- सुधा बाँस्कोटा ढकाल / ३६
- सुमित्रा बजगाईं / ५०
- हरिभक्त सिग्देल 'महेश' / ५३


## पाठक-चक्षु


- शारदा पराजुली / ४


## सम्पादकीय / २

## पुस्तक वार्ता


- राजेन्द्र कार्कीसँग / १६


## कथा/लघुकथा


- धनराज गिरी / ८
- प्रमोद प्याकुरेल / ३७
- सुरेशकुमार पाण्डे / ५२
- सीताराम नेपाल / ५४


## बालकथा


- डा. छायादत्त न्यौपाने / १४
- देवराज सिम्खडा / ४६


## निबन्ध/संस्मरण


- जर्ज केन्ट / ९
- दशराज शाक्य / २०
- रमेशप्रसाद खनाल / २२


## चिल्लो पात


- युगलनारायण पन्त / ३५
- सेविका पराजुली / ३५
- अञ्जु अधिकारी / ३५


## विलोम


- महेश प्रसाईंसँग कुराकानी


## समालोचना/समीक्षा


- देवेन्द्र अर्याल 'आँसु' / ४८
- अरूणबहादुर खत्री 'नदी' / ५१


## एकाङ्की


- युगल बसेल / ४३


## नारदीय


विभिन्न साहित्यिक गतिविधिका झलक / ५५

# 'कल्पतरु'को ११३औँ अङ्कमाथि चिहाउँदा



✍ **शारदा पराजुली**

साहित्य भनेको लेख्ने–लेखाउने, पढ्ने–पढाउने, सिक्ने–सिकाउने पाठशाला हो । जसरी बाल्यकाल पार गरेर किशोरावस्थामा पुगेको मान्छेले विविध विषयहरूमध्ये आफूलाई मन परेको विषय अध्ययन गरी त्यसैमा आफ्नो दक्षता देखाउँछ । त्यसै गरी मानिस साहित्यका विविध विषयहरू जस्तै– कथा, कविता, निबन्ध, मुक्तक, हाइकु, सुसेली, समालोचना तथा खोज–अनुसन्धानका पक्षहरूमध्ये कुनै एक विषयमा आफ्नो शिल्प प्रस्तुत गर्न थाल्छ । आफूले आफ्नो विषय पहिचान गर्दै साहित्य सिर्जनामा जुटेको मानिसले लेखेका रचनालाई चिनाउन विभिन्न पत्रपत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यस्ता पत्रिकामध्ये 'कल्पतरु' पत्रिकाको पनि आफ्नो छुट्टै पहिचान रहेको छ । २३ वर्षदेखि द्वैमासिक रूपमा प्रकाशन हुँदै आएको यस पत्रिकाले यति लामो समयावधिमा कैयौँ व्यक्तिलाई साहित्यकार बनाइसकेको छ । 'शारदा', 'गरिमा', 'मिर्मिरे', 'मधुपर्क', 'युवामञ्च'जस्ता पत्रिकाले मात्र साहित्य लेखनको अभिव्यक्तिलाई धान्न नसक्ने भएपछि 'शब्दाङ्कुर', कल्पतरु', 'शब्दसंयोजन', 'दायित्व', 'वाङ्मय'जस्ता अनेकौँ पत्रपत्रिका प्रकाशित हुन थालेका हुन् । यी पत्रिकाले स्थापित तथा नवप्रतिभाका रचनालाई पनि स्थान दिन थालेपछि साहित्यले जनमानसमा राम्रै प्रभाव पारेको कुरा घामजस्तै छर्लङ्गै छ । यस्ता पत्रिकाले साहित्यको श्रीवृद्धिमा पुऱ्याएको योगदानको प्रशंसा नगरी रहन सकिँदैन । यस्ता साहित्यिक पत्रिकामध्ये 'कल्पतरु' पत्रिकाको ११३ औँ अङ्कभित्र पसेर त्यहाँ प्रकाशित रचनाको सङ्क्षेपमा चर्चा गर्नुपर्ने दायित्व मेरो भागमा परेको छ ।

यस अङ्कभित्र १० ओटा कविता रहेका छन् । तीमध्ये रञ्जना शर्मा र बाबुराम पाण्डेका कविता फरकफरक धारमा लेखिएका छन् । दुवैले तीनतीन ओटा 'स्टेन्जा'का कविता लेखेर ट्वाक्क ट्वाक्क व्यङ्ग्य हानेका छन् । साक्षी घिमिरेले आफू बाल्यावस्थामा रहेकाले बालकविता लेखेर 'आफू नै आफ्ना लागि दरिलो हतियार' भएको कुरा व्यक्त गरेकी छिन् । त्यसैगरी 'बालबालिकाको मन' शीर्षकमा सुशील आचार्यले बालसुलभ व्यवहारलाई कविता बनाएका छन् । भरतमान श्रेष्ठले 'धान्य पूर्णे' शीर्षकमा राईहरूले मनाउने धान्यपूर्णे चाडको महत्त्व देखाएका छन् । 'बिगबिगी उपियाँ–उडुसको' कवितामा प्रमोद नेपालले उडुस र उपियाँलाई प्रतीक बनाएर राजनीतिप्रति कटाक्ष गरेका छन् । कोही रहरले त कोही बाध्यताले विदेशी भूमिमा पुगेर नुनिला आँसु पिउँदै श्रम बेच्नुको विवशताले गाँजिएका सन्तानको पीडा 'पापी सन्तान' शीर्षकको कवितामा समेटेकी छन् निर्मलादेवी तिम्सिना 'कान्छी' ले । उमा शर्माले चाहिं मूल्यहीन भएर खोलामा यत्रतत्र फालिएको ढुङ्गा कालिगढको हात परेपछि कुँदिएर मूर्ति बन्छ र मन्दिरमा प्रतिस्थापन गरिन्छ । पत्थर कुँदिएर मूर्ति बनेपछिको ढुङ्गाको महत्त्व देवत्वको रूपमा पूज्य हुन्छ भन्ने भाव 'मन्दिर बाहिरको पाषण म' शीर्षकमा समेटेकी छन् । ' भ्रष्टाचार' शीर्षकमा महेशराज खरेलले हाम्रो देशको जुनसुकै क्षेत्र पनि भ्रष्टाचारको दलदलमा फसेको कुरा देखाएका छन् । भ्रष्टाचारमा जेलिएको जालोले नेपाली समाजलाई यसरी गाँजेको छ कि त्यसको रेशा खोज्दै जाने हो भने कोही पनि चोखो नरहने ठहर यस कविताले व्यक्त गरेको छ । भ्रष्टाचार सर्वव्यापी भएकाले पनि होला यो कविता केही लामो भएको जस्तो देखिन्छ । गीता त्रिपाठीद्वारा रचित 'अन्यमनस्कता' कविताले पहिला आफूसम्म रहँदा त्यही कुराको मूल्य न्यून लागे पनि पछि आफूबाट टाढा भइसकेपछि त्यही कुरा अमूल्य भएको महसुस हुने

शाश्वत सत्यलाई उजागर गरेकी छन् । यस अङ्कमा लक्ष्मी स्मृतिले गजलका माध्यबाट अप्ठ्यारो पर्दा म छु भन्ने कुरा कसले भनिदेला भन्ने भावको गजल लेखेका छन् भने नानु राना थापाले लेखेका दुइटा मुक्तकलाई गजलको कोटीमा राखिएको छ तर उनको लेखन गजल नभएर मुक्तकको कोटीभित्र राख्दा ठिक हुन्छ । अरूणकुमार भुजेलले १२ अक्षरे चारूका माध्यमबाट वसन्त ऋतुमा आउने परिवर्तनलाई देखाइएका छन् ।

मीना चौलागाईं नवशिला, उपेन्द्र पौडेल र राजेन्द्र ढुङ्गेलले समाजका विभिन्न पक्षलाई औँल्याउँदै मुक्तकहरू लेखेका छन् । अदिती आचार्यले भने 'छुच्चो रूख' शीर्षक राखी जस्तो कर्म गऱ्यो उस्तै फल पाइने कुरा अङ्गुर र सुन्तलाको रूखको भनाइ तथा कार्यबाट पुष्टि गर्न खोजेकी छन् । कुनै पनि कुराको आविष्कारसँगै त्यसका सबल र दुर्बल पक्षहरू सँगसँगै जोडिएर आएका हुन्छन् । मोबाइललाई सही सदुपयोग गरेमा यसका राम्रा फाइदा त अवश्य छन् दुरूपयोग गर्दा भने यसले मानवलाई दास बनाउँछ भन्ने चित्रण गर्दै दास हुने वा मालिक हुने छनौट हाम्रै हातमा छ भनेर आम मोबाइल प्रयोगकर्तालाई सचेत गराउँदै गङ्गा खड्काले 'तौरतरिका' लघुकथा लेखेकी छन् । बाल लघुकथा 'माया' शीर्षक दिएर रामसुन्दर देउजाले जुरेलीका बचेराहरूको दुखान्त मृत्युलाई चित्रण गर्दै आमाको वात्सल्यप्रेमलाई देखाएकी छन् । 'उमेरविज्ञ' शीर्षकको कथाभित्र डा. टीकाराम पोखरेल लेख्छन् 'कुनै पनि नियम विनियमहरू सिंहदरबारभित्र बसेर बनाइन्छ तर तिनै नियमका बारेमा दूरदराजमा बस्नेहरू बेखबर हुन्छन् ।' यसै प्रसङ्गमा उनी बिहे गर्ने उमेर कति भनेर विभिन्न विषयका विज्ञले आ-आफ्ना तर्क राखिरहँदा दूरदराजका कलिला बालिकाहरू अबोध अवस्थामै गर्भवती भएर प्रसव पीडाले छटपटाउँदै मृत्युवरण गर्नुपर्ने दुःखलाग्दो अवस्थालाई प्रस्तुत गर्छन् ।

देवकी केसीले 'लेकबाट झरेको दिन' शीर्षकको कथा अत्यन्तै मार्मिक विषय प्रस्तुत गरेकी छन् । यस कथामा एकातिर गरिबीको पीडा छल्न मानिसहरू लेकबाट बेँसी र सहर पसेको कुरा देखाइएको छ भने अर्कोतिर गाउँघर र लेकतिर अझै पनि अन्धविश्वास र रूढिवादी परम्परा रहेको कुरा चित्रण गरिएको छ । आफू जन्मेहुर्केको थातथलो छोडेर तराई नझर्ने अडान लिएर बसेका भक्ते र साइँलाको परिवारलाई पैराले सर्वनाश बनाएको कारूणिक दृश्य यसरी देखाइएको छ, "हिजो मरेपछि पनि बेँसी झर्दैनौं भनेर अडान लिएका साइँला र भक्तेको परिवार त आफ्नो अडानमा टिकिरहे । उनीहरूको परिवारसँगै लेकका दस घर पनि बेँसीतिर झरे आफ्नो जीर्ण स्वरूपबाट मुक्ति पाउन सहारा खोज्दै बेँसीतिर । हिजो आफ्ना दाजुभाइहरूले कति कति गर्दा पनि बेँसी बसाइ नसरेका साइँला र भक्ते त्यो लेकको शान आज अनायासै बेँसी झरें ।" (पृ ३६) । यस अङ्कको सुरूकै पृष्ठमा अमर अधिकारीले लेख्नुभएको 'कल्पतरु ११२ मा सरसर्ती नजर लगाउँदा' शीर्षकमा समीक्षा अत्यन्तै गहन र पठनीय छ । जसमा 'कल्पतरु' द्वैमासिक पत्रिकाको ११२ अङ्क छापिएका रचनाहरूको सूक्ष्म ढङ्गले समीक्षा गरेर अधिकारीले आफ्नो लेखन क्षमताको प्रस्तुतीकरण गरेका छन् ।

वियोगी बुढाथोकीद्वारा लेखिएको 'साहित्यमय बन्यो पब' नियात्रामा लेखकले लन्डनको यात्रामा देखेभोगेका भावहरू समेटेका छन् । कस्तो अचम्म हुँदो रहेछ विदेशमा जाडो छल्ने तरिका । जतासुकै जहाँसुकै महिला होस् या पुरूष चुरोट तान्दै जाडो छल्न प्रयत्न गरेको देखेर उनी भावुक भएका छन् । यति मात्र होइन त्यहाँ उनले पाएको मित्रवत् व्यवहार र आदर सत्कारलाई पनि अत्यन्तै कृतज्ञताका साथ व्यक्त गरेका छन् । विदेशी भूमिमा बसेर पनि अन्तर्राष्ट्रिय नेपाली वाङ्मय प्रतिष्ठान स्थापना गरी नेपाली भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण गर्ने साथीहरूको कार्यप्रति सदासयता प्रकट गर्दै आफू साहित्यकार भएकाले पाएको मित्रवत् व्यवहारप्रति गर्व गरेका छन् । गोपी सापकोटा र विकल चन्दजस्ता साहित्यकारसँग स्टार्टफोडमा भेटघाट गर्दाको आनन्दानुभूति न कापीमा व्यक्त गरेर सकिन्छ न फोटोमा कैद गरेर सकिन्छ भन्ने अभिव्यक्ति यसरी गरेका छन् -

*स्ट्रार्टफोर्डमा भेटिए नेपाली साहित्यका उज्याला अनुहार*
*सँगै बसेर रचना गर्भको साटासाट सधैँ नै गरौँ भैँ व्यवहार*

*गोरखा गैँडाकोटा र काठमाडौँको विदेशमा भयो सुखद भेट*
*निरन्तर लेखौँ लेखेर नै सिर्जनको गरौँ मायाले सम्भार ।*

(पृ १३)

'कल्पतरु'को ११३ अङ्कमा रहेको अर्को रचना हो दशराज शाक्यको 'आवरण' शीर्षकको नाटक । यो नाटकका पात्रले बोलेका कुरामा विरोधाभास छ । नाटकको सुरुआत संयुक्त कलेजको प्राङ्गणबाट भएको छ । सुरुमा विजयालक्ष्मीलाई अविवाहित नारीका रूपमा चित्रण गरिएको छ भने पछि गएर उसका श्रीमान् पोखराबाट सरुवा भएर काठमाडौँ आउन लागेको कुरा गरिएको छ । त्यस्तै सन्ध्यालाई चिनाउँदा मोडलजस्तै अत्यन्तै आकर्षक र सुन्दर नारीका रूपमा चित्रण गरिएको छ तर उसका पीडा अनन्य रहेको कुरा व्यक्त गरिएको छ । लोग्नेले रातो दिन रक्सी खाएर भकुर्ने सन्ध्याको शरीर आकर्षक र अनुहारमा चमक नहुनुपर्ने हो तर यहाँ त सन्ध्या पीडा र सास्ती व्यहोरेर पनि अत्यन्तै आकर्षक देखाइएको छ । यस्तो विरोधाभासपूर्ण कुरा भएको नाटक पढ्दा लाग्छ कि त यो नाटकको भित्री भाग टाइपिङ गर्दा राखिएन कि त लेखकले सन्तुलित अवस्थामा लेखेको होइन । चाहे जे होस् यस नाटकले महिला हिँसाको कुरा उठाएर सकारात्मक सन्देश चाहिँ दिन खोजेको छ ।

नारायणबहादुर बस्नेतद्वारा लेखिएको 'पत्र साहित्य' मा आफू पुरुष भएकाले कुनै स्त्रीलाई मन पराएर चिठी लेखेको स्वीकारोक्ति छ । यसै क्रममा आफू विवाहित पुरुष भएकाले घरपरिवारको र सन्तानको जिम्मेवारी वहन गर्नुपर्ने हुँदा कुनै स्त्रीसँग नजिकिने चाहना भए पनि टाढा हुनुको विकल्प नभएको भाव व्यक्त गरेका छन् । यस अङ्कमा 'भाते पाहुना' र 'पूर्वविशिष्टलाई शिष्ट सुविधा किन ?' जस्ता निबन्ध रहेका छन् । 'पूर्वविशिष्टलाई शिष्ट सुविधा किन ?' शीर्षकमा प्रधानमन्त्री, मन्त्री र न्यायाधीशजस्ता व्यक्ति पदबाट बाहिरिसकेपछि पनि उनीहरूलाई पूर्वविशिष्ट व्यक्तित्वको पद र सुविधा दिनुहुँदैन भन्ने कुराको सङ्केत पाइन्छ । पूर्वविशिष्टलाई पनि विशिष्ट सम्मान र सुविधा दिँदै जाने हो भने देश झन्-झन् गरिबीको खाल्डोमा जाकिन्छ भन्ने कुरा प्रस्तुत गरेका छन् । 'भाते पाहुना' निबन्धले विभिन्न निहुँमा अरूको घरमा भात खान पुगेका मानिसलाई भाते पाहुनाका रूपमा चिनाएका छन् । चाहे लमी बनेर होस् या गाईगोरु किन्ने निहुँमा नै किन नहोस् अर्काको घरमा भात खान पुगेकालाई अतिथि देवो भवः भन्दै सम्मान सत्कार गरिने नेपाली परम्परालाई यस व्यङ्ग्य निबन्धमा उल्लेख गरेका छन् । यसै क्रममा उनले दुनु नसोझिउन्जेल उः पार्टी र उः पार्टी गर्दै विभिन्न पार्टीमा प्रवेश गरेर मुख्य-मुख्य पद ओगटिहाल्ने अवसरवादीप्रति भाते पाहुनाको दर्जाले सम्बोधन गरी व्यङ्ग्य हानेका छन् ।

अर्को पृष्ठमा डा. ऋषि बस्ताकोटीले अभय श्रेष्ठको 'लहना र तीर' कवितासङ्ग्रहलाई केन्द्रमा राखेर स्रष्टा अभय श्रेष्ठसँग अन्तर्वार्ता लिएका छन् । यस अन्तरर्वार्तामा स्रष्टाको विचार, साहित्यले दिने चेतना, साहित्यले सामाजिक रूपान्तरणका लागि गरेका कार्य आदि इत्यादि कुराले स्थान पाएका छन् । पृष्ठ १७ मा नवराज रिजालको कथाकृति 'अब उप्रान्त' मा देशको चित्र उतार्ने कार्य विष्णुप्रसाद शर्मा पराजुलीले गरेका छन् । उक्त कृति आद्योपान्त पढेपछि लेखकलाई कृतिभित्रका केही कुरा लेखौँ भन्ने लाग्यो त्यसैले उनले उक्त कृतिको समीक्षा गरेका हुन् भन्ने कुरा लेखकको स्वीकारोक्तिबाट पुष्टि हुन्छ । मूलतः तराई र पहाडका गाउँले बस्तीभित्रका विषयलाई टपक्कै टिपेर लेखिएका यस कृतिका कथाहरू छोटा र बान्किला रहेको अनुभूति पराजुलीले गरेका रहेछन् । हुन त गाउँले जीवनका अलवा सहरी परिवेशलाई पनि कथाकारले उठाएका रहेछन् । सहरी परिवेशमा बुनिएका कथाको तुलनामा गाउँले परिवेशमा बुनिएका कथाहरू बढी सशक्त रहेको कुरा पराजुलीको समीक्षा लेखनबाट बुझ्न सकिन्छ । अन्तिम पृष्ठमा अरुणबहादुर खत्री 'नदी'द्वारा लेखिएको 'आवाजका रेखाहरूभित्र चिहाउँदा' समीक्षा रहेको छ । यस समीक्षात्मक अभिव्यक्तिमा ताराप्रसाद चापागाईंद्वारा लेखिएको टुक्का कवितासङ्ग्रह (२०८१) को चर्चा गरिएको छ । यस कृतिभित्र ४५० ओटा टुक्रा कविताहरू राखिएका रहेछन् । यी कविताभित्र पाठकीय दृष्टिकोणले हेर्दा देखिएका भावलाई नदीले विश्लेषण गरेका रहेछन् ।

यस अङ्कलाई सरसरी अध्ययन गर्ने क्रममा मैले

कविता

# स्पर्शको सम्झना



**मिथिलेश आदित्य**

म तिमीकहाँ आउनेछु
जसरी आउँछ बिहानको पहिलो किरण–
शान्त, चुपचाप ओर्लन्छ
निद्राको गहिराइमा,
र बिउँझाइदिन्छ तिमीभित्र
एउटा अदृश्य स्पर्शको सम्झना ।
म आउनेछु
जसरी आउँछ जून
आफ्नो सौम्य उज्यालोसँग–
जुन ओछ्याइदिन्छ थाकेको मनको
सुख्खा माटोमाथि,
जहाँ प्रत्येक कुनो
शब्दविहीन संवादमा भिज्न थाल्छ।
म बगेर आउनेछु
जसरी नदी ओर्लिन्छ
समुद्रको खुला अँगालोमा–
आफ्नो थकाइ त्यहीं छोडेर,
प्रवाह बनिरहन्छ तिमीभित्र
एउटा मधुर सङ्गीतको तरङ्गझैं ।
म समाइनेछु
जसरी हावा समाइन्छ
फोक्सोभित्र, बिना कुनै आवाज–
र प्रत्येक सासमा जीवनझैं
बगिरहन्छ,
तिम्रो स्पर्शको गहिरो सम्झनाजस्तै ।
म तिमीभित्र प्रवेश गर्नेछु
जसरी कुनै पुरानो सम्झना
मनको गहिरो कुनामा उदाउँछ–
जहाँ तिम्रो अनुहार
धूमिल उज्यालोमा
स्वप्नझैं टल्किएको हुन्छ ।
म तिमीलाई भेट्नेछु कविता बनी–
तिम्रो हातमाथि
पहिलो पानीको थोपाझैं,
माटोलाई छोएपछि
कविताको सुवासमा परिणत हुने ।
तिम्रो स्पर्शबाट त्यो कविता
सञ्जीवनी पाउनेछ–
जसरी कुनै मौन शब्द
तिम्रो उच्चारणले धढ्कन थाल्छ ।
म फर्किनेछु बारम्बार
यो संसारमा–
कहिले हावा, कहिले थोपा,
कहिले उज्यालो बनी,
तर प्रत्येक पटक
तिम्रो मौनताको गर्भमा
एउटा अदृश्य अर्थ
रोपेर जानेछु ।

१० ओटा कविता, एउटा बाल कविता, एउटा गजल, ४ ओटा मुक्तक, एउटा लामो कथा, २ ओटा लघुकथा, एउटा नाटक, एउटा पुस्तक वार्ता, एउटा निबन्ध, एउटा व्यङ्ग्य, एउटा नियात्रा, एउटा पत्रसाहित्य र दुई ओटा समीक्षात्मक लेखका साथै एउटा पाठक चक्षु पनि समावेश गरेको पाएँ । एउटै अङ्कमा विभिन्न रङ र स्वादका रसिलो भोजन पस्कनु 'कल्पतरु'को आफ्नै विशेषता हो । यही विशेषताको रसास्वादन गर्ने र त्यसलाई अक्षरमा उतार्ने अवसर दिनुहुने 'कल्पतरु' पत्रिकाका सम्पादक नवराज पुडासैनी 'ज्योत्स्ना'लगायत सिङ्गो टिमप्रति आभार व्यक्त गर्दछु । ■■

लघुकथा

# सङ्गम दुई युगको !



धनराज गिरी

....फ्लिटवुड पार्क, सरी, भ्यान्कुभर, क्यानडा, प्रोफेसर श्री ९ हितेन्द्र धीरसिक्रम राहदेव रत्नेश्वर सुमेधाश्री, सदाबहार, उही शेर खान कुमरोज सामुदायिक वनमा पुगेजस्तै, रूपनगर, प्रेमनगर, यता पनि, शारदा जोर, यहाँ पनि, रफी र किशोर बनी मस्त थियो, 'अच्छा गाया, जादू है आवाज में' एक भारतीय नागरिक, 'आप की तारीफ ?'

गफ हिन्दीमा, यहाँ अनुवादः 'म गजेन्द्र चौहान, यो युगमा, तर विदुर, द्वापरमा ।' 'उनी ।' म पनि यो युगको विदुर, म धर्मराज पनि ! होइन, के अचम्म, दुई युगको सङ्गम भयो, खैर, एउटा प्रश्न गर्न सक्छु ?' प्रोफेसर ।

'एउटा किन ? जति पनि । आज त देवकीनन्दन पनि याद आए । तपाईंभित्र देवकीनन्दन, गोविन्द पनि देख्दैछु ।' चौहान ।

'मुकेश खन्ना र नितिश भारद्वाजको झझल्को होला, सुकर्म टोलको असर ! खैर, मेरो प्रश्न, हे द्वापरयुगे विदुरजी, जब आँखाबाहेक, हरेक कुराले गान्धारीकान्त राजा हुन लायक थियो भने त्यतिखेर हजुरले आफ्नो नीतिको वाण चलाएर किन माहिला भाइ ती पाण्डुको पक्षमा वकालत गरेको ? किन ? आखिर नैन, बाहिरी नभए पनि' सृष्टि केसी, रमेश प्रसाईंहरूले कमाल गरेकै छन् । किन? 'प्रोफेसर ।'

'जेठो दाजुको दुष्ट स्वभाव, भित्री, मलाई दासीपुत्र भनेर खुब हेप्ने । जसरी नेताको दैनिक व्यवहारले जनतामा प्रभाव पार्छ, त्यसैगरी परिवारभित्र पनि पक्षधरता हुन्छ । माहिला दाजुले अति मायाँ गरे । उही साहित्यिक पुरस्कार दिएजस्तै हो । उही चुनावमा टिकट दिएजस्तै हो । मलाई थाहा थियो, मेरो वाकपटुता, किन्तु, परन्तु, लेकिन, कदाचित, पितामह, तातश्रीलाई मनपरेको छैन भन्ने कुरा ! तर म पनि विवश, विवश, बदला लिन । बाल्यकालको हेपाइको प्रतिशोध लिएको, प्रतिशोध महङ्गो भयो । जिन्दगी शकुनिसित भिड्दैमा सकियो । यही हो कारण ! आज आएर खुलस्त ।' उदास देखिए चौहान।

'यस्तो हरेक युगमा हुन्छ । हामी जोर' विदुर 'को मिलन भयो, मेरो अर्को प्रश्न ...'

'बा, ए बा, आज त नौ बजेसम्म भुसुक्कै, भिक्टोरिया जाने आज !' कान्छी छोरीको पीयूषमय स्वर, खुले आँखा, 'हैट, हिजो महाभारत हेरेको आज यस्तो सपना देखियो, विदुर त म आफैं, कि अस्तिको कल्पनाको असर हो ?' मनमा 'कन्ट्रोल अनुज' आए, मुस्कुराए, पर्याधाम सम्झी, विजय हितान अनुज र नयाँ मुगलानका जनक, उत्तरआधुनिक कनकको नाममा एउटा गजल लेख्न थाल्यो प्रोफेसर । 'चिया पाक्यो !' पत्नी मधुबाला भाग्यश्रीको कायाकैरन । 'भाइ एक वनमारा हो जाए !' मेसेन्जरमा सन्देश, गुरु गोविन्दको । मुस्कुरायो प्रोफेसर । विदुर विदुर र दुई युगको सङ्गमको झझल्को मनमा लिएर गजल कोर्न थाल्यो । ■■

www.kalpatarupub.com.np मा
'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

अनूदित निबन्ध

# जिन वाल्टरको साहसिक स्कुल

✍ **जर्ज केन्ट**

धेरै वर्षअघि प्रसिद्ध पत्रिका 'रिडर्स डाइजेस्ट'मा फरक प्रकारको साहसिक स्कुलबारे एउटा लेख प्रकाशित भएको थियो । हामीले वास्तविक अर्थमा आफूलाई शिक्षित हुँ भन्नुअगाडि साहसिक यात्रा वा कार्य गरेको हुनुपर्छ । साहसिक कार्य भनेको राम्रो उद्देश्यका लागि जोखिम लिनु हो । जिन वाल्टरको भनाइअनुसार साहसिक स्कुलले युवाहरूलाई आफ्ना क्षमताले जीविकोपार्जन गर्ने र आत्म-सम्मानका साथ उपयोगी जीवन कसरी जिउन सकिन्छ भन्ने कुरा सिकाउँछ । त्यसैले परम्परागत स्कुलभन्दा फरक स्कुलको परिकल्पना गरेका छन् उनले । वास्तविक शिक्षालाई बुझ्ने, बुझाउने र रुचि राख्ने सबैका लागि उनको विचार मननयोग्य छ । यदि विवेकसाथ नीति कार्यान्वयन गरियो भने यस स्कुलले त्यस्ता भद्रपुरुष र महिलाहरू उत्पादन गर्ने छ, जो आफ्नो मातृभूमिमा उज्यालो छर्न सक्ने चम्किला रत्न हुने छन् । यसको सफल प्रयोग एकजना फ्रान्सेली व्यवसायीले खुल्ला सडकमा कठिन यात्राको माध्यमबाट सयौँ जना युवाहरूलाई आत्मनिर्भरता सिकाउने साहस गरेका छन् ।

उस वेला जिन वाल्टर फ्रान्सका एक वास्तुकलाका विद्यार्थी थिए, उनी एक बिहान साइकल चढेर दुई हजार माइल टाढा इस्तानबुलको यात्रामा प्रस्थान गरेका थिए । होटल बास खर्चको अभावमा उनी खुल्ला चौर र सडकको ओतमुनि सुते । यात्रामा पेट भर्न उनले खेतबारी र कलकारखानाहरूमा काम गरे । उनले कतै कठ्यांग्रिँदो जाडो, कतै गर्मीको असह्य ताप खपे । कैयौं दिन निराहार हुँदै भोकले मरणासन्न अवस्थामा पुगे । अद्भुत साहसिक यात्रा पार गरेर अन्ततः उनी अग्ला-अग्ला मुस्लिम धर्मस्थल मिनारहरूले भरिएको गोल्डेन हर्न (Golden Horn) सहर पुगे ।

आज ७३ वर्षका एक अग्लो, शक्तिशाली मानिस वाल्टर विश्वस्त छन् कि उनको जीवनमा असाधारण सफलता पाउनुको मुख्य कारण आफ्नै पहलमा लामो साइकल यात्रामा अवलोकन गरेर आर्जित सिकाइ, शिक्षा र स्वतन्त्र निर्णय क्षमता नै जिम्मेवार छन् । पहिले अरू मानिससँग सम्बन्धहीन एक गरिब केटा पछि प्रसिद्ध वास्तुकलाविद्, इन्जिनियर बने । उनी ५० वर्ष पुग्नअघि उनले ३७ नमुना गाउँहरू, १० हजार जति आवसगृह, अस्पताल र कार्यालय भवनहरूको डिजाइन गरेका थिए । यो उनले उत्तर अफ्रिकामा हासिल गरेको उपलब्धि थियो जुन साहसिक साइकल यात्रामा हासिल गरेका ज्ञान र गुणहरूले उनलाई सबभन्दा ठूलो लाभांश तिऱ्यो । उनले मोरक्कोको दुर्गम मरुभूमि प्रदेशमा केही जग्गा खरिद गरेका थिए र त्यहाँ उनले निरीक्षण गर्दा फ्लाइस्पेक आउटक्रपिङहरू देखे, जसबाट उनले अचानक एउटा कुरा सम्झिए कि ती पूर्वी जर्मनीको उनले एक ठुलो सिसाखानीमा देखेका उस्तै प्रकारका आउटक्रपिङहरू थिए ।

जिन वाल्टरले त्यस भूमिलाई खन्न लगाए । विज्ञहरूले उनको खिल्ली उडाएर हाँसे तर आफूले फ्रान्समा मेहनतसाथ बचत गरेको सबै फ्राङ्क त्यसैमा खन्याए । त्यहाँको कच्चा धाउ सयौँ माइल टाढाको बन्दरगाहसम्म लैजान ऊसँग ऊँट र गधाहरू मात्रै थिए । उनका कामदारहरूले पनि उनलाई त्यागेर हिँडे तैपनि उनी लक्ष्यमा अघि बढिरहे । वाल्टर भन्छन्, 'मैले साइकलमा लगनशीलता सिके । अन्ततः त्यसैले मलाई संसारको सबभन्दा ठुलो सीसा र जिङ्क खानीहरूमध्ये एकको मालिक र फ्रान्सको सबैभन्दा धनी व्यक्ति पनि बनायो ।'

जीनले साइकल यात्राबाट सिकेको पाठ अरूलाई सिकाउन चाहन्थे । उनले भने, 'साहसिक कामले मलाई जे गरेको छ, यसले अरूको लागि पनि काम गर्न सक्छ ।' त्यसैले उनले जेल्लिड्जा छात्रवृत्ति (Zellidja Scholarships) खानी कम्पनीका नाममा स्थापना गरे । यस सन्दर्भमा उनले उल्लेखनीय प्रयोग गरे जसलाई 'डुब वा पौड शिक्षा' (Sink or Swim Education) भनिन्छ । फ्रान्सेली माध्यमिक विद्यालयहरूबाट प्रत्येक वर्ष लगभग २ सय ५० सम्भाव्य तन्नेरीहरूले प्रतिव्यक्ति १८ हजार फ्राङ्क छात्रवृत्ति पाउँछन् र आमाबाबु, शिक्षक वा गाइड बिना घर छोडेर टाढा

जान्छन् । तिनीहरूले सधैँ एक्लै यात्रा गर्ने, पैसाको अभाव भएमा घरमा पत्राचार नगर्ने र कम्तीमा ३० दिन बाहिर टाढा बस्ने सर्तमा उनीहरू सहमत हुन्छन् ।

दोस्रो विश्वयुद्धपछि १८ वर्ष, सोभन्दा कम उमेरका करिब २ हजार जना केटाहरू आमाबाबुको स्विकृतिमा यसरी घरबाट टाढा एकान्त साहसिक कामहरूमा गएका थिए । तिनीहरूमध्ये धेरैजसो युरोपमा यात्रा गर्छन् तर केहीले एट्लान्टिक महासागर पार गर्दै संयुक्त राज्य अमेरिका र क्यानडा, पूर्वमा सिलोन, दक्षिणमा इक्वेटोरियल अफ्रिकासम्म पुगेर काम गरेका छन् । एउटा केटोले अढाइ महिनामा १८ हजार ७ सय ५० माइलको दूरी पार गरेको थियो ।

उनीहरू १८ हजार फ्राङ्क रकमले धेरै टाढा जान सक्दैनन् । ती युवाहरूमध्ये अधिकांशले आफ्नो हातले कहिल्यै एक फ्राङ्क पनि कमाएका हुँदैनन्, उनीहरू आफ्नो गाँस र बासको लागि चाँडै केही न केही काम गर्न बाध्य हुन्छन् । उनीहरूले खानीमा वा खेतमा गएर काम गर्छन्, जहाज कम्पनीमा सेवा गर्छन्, होटलमा भाँडाकुँडा माझ्ने, आलुका बोक्रा छोडाउने, पकाउने काम गर्छन् । फ्रेन्च भाषा सिकाउने, पेट्रोल पम्प सञ्चालनको कामहरू पनि उनीहरूले गरेका छन् । एकजना केटाले बाटोभरि गीत गाएर खर्चको जोहो गर्दै फ्रान्स फर्कियो । अर्को एकको स्पेनको होटलमा सबै पैसा हरायो तर ऊ फ्रान्सेली राजदूताबासमा गएर दयाको भिख याचना गर्नुको सट्टा ग्रानाडामा पर्यटक गाइड गर्दै पर्याप्त रकम कमाएर घर फर्क्यो । अर्को युवा अफ्रिका गयो । पुतलीका दुर्लभ नमुनाहरू सङ्कलन गर्‍यो र यति धेरै बेच्यो कि मोटो रकम नाफा कमाएर घर फर्कियो ऊ । कम्तीमा तीनजना युवाले आफ्नो साहसिक कार्यका बारेमा पुस्तक लेखेर पछि निकै पैसा कमाएका थिए ।

यात्राहरू देशबाट पलायन वा भाग्ने काम होइन । ती प्रत्येक युवाहरूले कुनै उद्योग, संस्कृति वा कलाको गम्भीर अध्ययन गर्ने जिम्मा सम्हालेका थिए । तिनीहरूले स्पेनको मुरिस वास्तुकला, क्यानडामा काष्ठ-पल्प उद्योग, फ्लोरेन्सको विभिन्न कला, नर्वेमा ह्वेल उद्योगहरूका बारेमा अध्ययन गरी आश्चर्यजनक अनुसन्धान, अध्ययन प्रतिवेदनहरू तयार गरेका छन् ।

सक्रिय, जागरूक नवजवानहरूको लागि जिन वाल्टरको ढोका सधैँ खुल्ला रहन्छ । यस्ता साहसिक कार्यहरूले युवाहरूलाई सफल हुन आवश्यक पर्ने आत्मविश्वास, साहस र नेतृत्व सिप विकास गरिरहेको छ कि छैन भन्ने जान्न उनी आफैँ कामको निगरानी गरिरहन्छन् । युवाहरूको कामबाट सन्तुष्ट र खुसी हुने रूचाउने वाल्टर एक सजिला मान्छे हुन् ।

यस स्कुलका एक छात्र जिन रूसेलेट भन्छन्, ' जब मैले साइकलमा २० माइल यात्रा सुरु गरेँ, यो एक भयानक धेरे लामोजस्तो लाग्थ्यो, अन्तमा म हावाहुरी र वर्षायाममा पनि दिनको ८० माइल हुइँकिदै थिएँ ।

उनको मामला सामान्य छ । जिन मारी डेसप्रोजेस भन्छिन्, 'मेरो शरीर दुब्लाएर हाडछाला मात्र बाँकी थियो । यात्रामा सबै कुरा कठिन तरिकाले सिक्नुपर्‍यो, आगो कसरी सल्काउने भनेर सिक्न मलाई दुई दिन लाग्यो । मैले शरीरको सुरक्षा कसरी गर्ने भन्ने सिक्नुअघि मेरो खुट्टाका छालामा पानी फोकाहरू उठेका थिए । तर जब म घर पुगेँ, मलाई थाहा भयो, मेरो शरीर अरूको जस्तै स्वस्थ र राम्रो थियो ।'

सजन हार्डी उत्तरी स्विडेनमा थिए, आठ इन्च हिउँको बिचबाट चिप्लेकिराभैँ घस्रिँदै उनी एक खाली छाप्रोमा आश्रय लिन पुगे र कफी बनाउन चुलामा आगो बाले र उनको भिजेको जुत्ता चुलामा सुकाउन राखे । कफी पिउँदै उनले दिवा सपनामा भुलेर आफ्नो जुत्ता बिर्सिए जब याद आयो, उनको जुत्ता जलेर खाक भएको पाए । उनीसँग एकजोर टेनिस जुत्ता मात्र बाँकी थियो । भोलिपल्ट मुस्किलले ट्रकमा लिफ्ट पाउनुअघि लगभग ३० माइल हिउँमा खाली खुट्टा हिँडे उनी । सौभाग्यवश, कुनै नराम्रो असर भने परेन उनलाई ।

यसरी नयाँपुस्ताका युवाहरूले कुनै पनि काम गर्न अगाडि कसरी योजना गर्ने, किफायती हुनुपर्ने र उनीहरूले आफ्नो उपकरणको ख्याल राख्नुपर्छ भन्ने कुरा सिक्छन् । तिनीहरूले धनको मूल्य र व्यक्तिगत उद्यमको पुरस्कारको कदर गर्न सिक्छन् । हरेक देशका मानिसहरूमा पाइने असलपन र सद्भावबाट ती केटाहरू अतिप्रभावित हुन्छन् । एक केटाले भने, 'म खुसी छु कि मैले एउटा शिष्ट मानिसहरूको जाति देखेँ, जो सदा अमर रहने छन् ।' अर्को केटाले बाभेरियामा आफ्ना सुखद अनुभवहरूको परिणामस्वरूप

आफ्नो जीवन फ्रान्को–जर्मन सम्बन्ध सुधार गर्न समर्पित गर्ने सङ्कल्प गरे ।

तिनीहरू सबैले आफ्नो भोगाइ र अनुभवबारे केही कुरा बताउनुपर्छ र सबैभन्दा ठुलो परीक्षा, एकान्तबासका बारेमा एक आपसमा कुराकानी गर्नुपर्छ । डेसप्रोजेस भन्छन्, 'तपाईंले अँध्यारामा एक्लै आफ्नो गोडाको पासुला मुसार्नुपर्ने छ, त्यहाँ तपाईंलाई सान्त्वना दिने कोही हुने छैनन् । जब तपाईं एक अद्भुत परिदृश्य देख्नुहुन्छ, तपाईंको अन्तरहृदय खुसीले आह्लादित हुन्छ, तर खुसी बाँड्नलाई कोही हुँदैनन् ।' केही समय यसरी बिताएपछि ती केटाहरू आफ्नो सहयात्री साधन साइकलसँगै गफ गर्न थाल्छन् । उनीहरूलाई आवश्यक लगबुक नोट सान्त्वनाको अर्को स्रोत हुन् जसले यात्राका सबै कुरा बताउँछ । सबैजना यस कुरामा एकमत हुन्छन् कि मनमा शान्ति र आध्यात्मिक शक्ति निर्माणका लागि एक्लोपन सबैभन्दा आवश्यक महत्त्वपूर्ण कारक तत्त्व हो ।

हेनरी रामेट भन्छन्, 'मैले एक्लोपनलाई निकै गम्भीर कुरा सोचेको थिएँ, तर यो कोमल थियो, यसले मलाई स्वतन्त्रता दियो । यात्राको अन्तमा आफैं थिएँ र अन्तरमन भित्रबाट उन्मुक्त थिएँ म । अब म आफूलाई वस्तुनिष्ठरूपमा हेर्न सक्छु र भविष्यको लागि स्पष्ट योजनाहरू बनाउन सक्छु ।'

तिनीहरूले यात्रा गर्दा, आलु खन्ने, घाँस काट्ने औजार चलाउने, कडा ओछ्यानमा सुत्ने, कहिलेकाहीं थोरै खानेकुरा खाने र निराहार बस्दा जीवनको दर्शन र ज्ञान हासिल गर्छन् । रामेट थप्छिन्, 'मैले सादगी जीवनको आनन्द के रहेछ भन्ने सिकैं । वसन्त ऋतुको पानीको शीतलता र आनन्द, नयाँ घाँस उम्रिएको मनोरम खेतको छेउमा बसेर आफ्नै हातले पकाएको खानेकुराको स्वाद चाख्न पाएँ मैले ।'

यस स्कुलबाट वयस्कहरूले हासिल गरेका छात्रवृत्तिको असरको नतिजा मापन गर्न चाँडो हुनसक्छ । धेरैजसो स्नातकहरू अझै विश्वविद्यालयहरूमा अध्ययनरत छन् तर तिनीहरूमध्ये धेरैसँग कुरा गरैं, तिनीहरूको अनुहार र उनीहरूले सुनाएको कथाहरूले वाल्टरको कुरा प्रामाणित गरेको जस्तो देखिन्थ्यो, एकान्तबास र साहसिक कार्यले मानिसको व्यक्तित्वमा उत्कृष्टता ल्याउँदो रहेछ ।

हरेक वर्ष शरद ऋतुमा जेल्लिड्जा छात्रवृत्तिका लागि प्रतिस्पर्धा सुरु हुन्छ । फ्रान्सेली माध्यमिक विद्यालयहरूको माथिल्लो कक्षाका तोकिएका विद्यार्थीहरूले आफ्ना दुईजना साथीहरूलाई सबैभन्दा बढी चरित्रवान् व्यक्तित्वका रूपमा चयन गर्छन् । छनोट गरिएका १ हजार २ सय युवाहरूले साहसिक-अध्ययनका लागि यात्रा कार्यतालिका र आफूले अध्ययन, अनुसन्धान गर्न चाहेको विषयका कार्यक्रमका रूपरेखा समेत संलग्न गरेर पेस गर्छन् । वाल्टरका सहयोगी कर्मचारीहरू र शिक्षा मन्त्रालयका अधिकारीहरूको समितिले निवेदकमध्येबाट सबैभन्दा आशाजनक र उत्कृष्ट २ सय ५० जना सफल उम्मेदवार छनोट गर्दछन् ।

जब स्कुलको कोर्स समाप्त हुन्छ, त्यहाँबाट बाहिर निस्कँदा उनीहरू प्रत्येकलाई विभिन्न चार भाषामा छापिएको प्रमाणपत्र प्रदान गरिन्छ, जसले तिनीहरूको व्यक्तिगत चिनारी र परिचयपत्रको काम गर्दछ । यात्राको अन्त्यमा, प्रत्येक युवाले आफ्नो भ्रमण प्रतिवेदन बुझाउँछन् । तीमध्ये उत्कृष्ट ५० प्रतिवेदनहरू तयार गर्ने युवाहरूले पहिलेका भन्दा कम कठिन दोस्रो पटकको यात्राको लागि आर्थिक अनुदान पाउँछन् । अन्तमा, सबै रिपोर्टहरू छानविन, मूल्याङ्कन गरिन्छ, जसबाट ५ देखि २० शीर्षविजेताहरू छानिन्छन् । यसरी छनोटमा परेका प्रत्येकलाई १ लाख फ्राङ्क रकमबाट पुरस्कृत गरिन्छ । फ्रान्सका तत्कालीन राष्ट्रपति अरा बैक्युटले उनीहरूलाई उक्त पुरस्कारले सम्मानित गरेका थिए ।

जिन वाल्टरले आफ्ना स्नातकहरूमाथि निगरानी गर्छन्, आत्मनिर्भर नहोन्जेलसम्म उनीहरूलाई नैतिक र आर्थिक सहयोग दिन्छन् । उहाँको मृत्युपछि पनि यो कार्यक्रम निरन्तर चलिरहोस् भनेर उहाँले यस योजनाको व्यवस्थापन शिक्षा मन्त्रालयको जिम्मामा दिने र त्यसका लागि पर्याप्त बजेटसहित व्यवस्था गर्नुभएको छ । यस प्रकारको छात्रवृत्तिले अन्य देशहरूमा समेत ठूलो चासो जगाएको छ । एक वर्षअघि पश्चिम जर्मनीका शिक्षामन्त्रीले वाल्टरलाई लामो कुराकानीको लागि निमन्त्रणा गरेका थिए ।

यसको सफल कार्यान्वयनको फलस्वरूप Zellidja विजेताले पश्चिम जर्मनीका अधिकारीहरू र माध्यमिक विद्यालयका विद्यार्थीहरूसँग कुरा गर्दै छ महिना बिताए र त्यसपछि वाल्टर योजना सञ्चालनमा आयो । पहिलो १ सय ९५ जना जर्मन विजेताहरू विश्वको सडकमा निस्किएका थिए । ग्रिसकी महारानी

फ्रेडेरिकाले पनि वाल्टरसँग कुरा गरेकी थिइन् र शाही घरानाले वित्तपोषण गरेको ग्रिक छात्रवृत्तिहरू सन् १९५७ मा सुरु भएको थियो । यस्तै-यस्तै योजनाहरू स्विट्जरल्यान्ड र नर्वेमा पनि हालसम्म जारी रहेका छन् ।

शिक्षा निरीक्षण विभागका महानिरीक्षक लुइस फ्राङ्कोइसले भने, "छात्रवृत्तिको उद्देश्य, युवाहरूलाई संसारको राजमार्गहरूमा हुत्याउनु मात्र होइन, अपितु उनीहरूले कक्षाकोठामा पाउन नसकेका कतिपय महत्त्वपूर्ण ज्ञान, सिप र अनुभवहरू दिलाउनु हो । उनीहरूले मानिसलाई भेट्ने अवसर, जीवनका कठिनाइ र वास्तविक समस्याहरूको अनुभूति गर्दछन् जुन तिनीहरूले भविष्यमा वयस्क भएपछि सामना गर्नुपर्ने हुनसक्छ ।"

वाल्टरलाई लाग्छ कि यो केवल सफल नागरिकहरू उत्पादन गर्ने योजना मात्र होइन, नेतृत्वका लागि एउटा बीजारोपण हो जसबाट उद्देश्यपूर्ण क्षमता भएका तन्नेरीहरू सहतमा आउने छन्, तिनीहरूले एक बलियो र थप स्रोतसाधनमार्फत फ्रान्सको सम्पन्नता र सिर्जना गर्न मद्दत गर्ने छन् । जर्मनीका महान् प्रधानमन्त्री जर्जेस क्लेमेन्सेउको भनाइलाई उधृत गर्छन् । उनले भनेका थिए, 'युवाहरू, आफ्नो पाखुराका बाहुलाहरू पट्याउनुहोस् र आफ्नो भाग्यरेखा आफैँ कोर्न थाल्नुहोस् ।'

अङ्ग्रेजी लेखबाट नेपाली भाषानुवाद : **सुवर्णकुमार कर्माचार्य**

*(नोटः प्रस्तुत लेख निबन्ध, मैले वि. सं. २०३०-३१ सालमा अङ्ग्रेजी दोस्रो पत्रमा अध्ययन गरेको पाठ्यपुस्तक The SLC Prose Selection बाट साभार गरिएको हो । यो निबन्ध उक्त पुस्तकमा समावेश भए तापनि हामीले पढ्नु पर्दैन थियो । हाल त्यस बेलाको पाठ्यक्रमको सिंहावलोकन र वर्तमानमा सान्दर्भिकताको विश्लेषण गर्ने सिलसिलामा सबै पाठहरू अध्ययन गर्दा यो निबन्ध, लेख मननयोग्य भएकोले पाठकगणमा जानकारी होस् भन्ने उद्देश्यले नेपाली भाषामा अनुवाद गरी प्रस्तुत गरिएको हो ।*

*स्मरणीय छ कि, नेपालमा नयाँ शिक्षा योजनाको पद्धति, २०२८-३२ को कार्यान्यवनपछि त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर प्रथम वर्षको परीक्षापछि सबै विद्यार्थीहरूले दस महिनासम्म राष्ट्रिय विकास सेवा कार्यक्रममा सहभागी भई नेपालका गाउँ पञ्चायत, वडा र समुदायका स्कुलहरूमा गई अध्यापन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको थियो । नेपालको ग्रामीण समुदायमा सचेतना फैलाउन र विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गर्न यस कार्यक्रम अत्यन्त प्रभावकारी रहेको थियो । तथापि, देशमा राजनीतिक परिवर्तन स्वरूप वि.सं. २०३६ साल, जेठ १० गते जनमत सङ्ग्रहको घोषणासँगै रा. वि. से. कार्यक्रमलाई तीन महिना अवधिमा निष्कृय गराएर पछि खारेज गरिएको थियो ।)* ■■


## साहित्यिक पत्र-पत्रिकाहरू पढौँ र पढाऔँ

**साप्ताहिक साहित्यिक पत्रिकाः** कपन बानेश्वर, **मासिक साहित्यिक पत्रिकाहरूः** अक्षय ज्ञान/ आलेख/उदय /उद्यान/कलश/गोलसिमल/गौरी/चम्पक/जनमत/भानु/मधुपर्क/रातो लालटिन/लहरा/शब्द संयोजन/ /शब्दाङ्कुर/शारदा/शाल्मली/शृङ्खला/सङ्गम अभियान /सुलेख/

**द्वैमासिक साहित्यिक पत्रिकाहरूः** अभिव्यक्ति/आरब्ध/कल्पतरु/कौशिकी/जमघट/तन्नेरी/दायित्व/रचना/वैजयन्ती /समीरण / सुदूर चिनारी / हिमाली गुराँस / हिमाली सौगात

त्रैमासिक साहित्यिक पत्रिकाहरु :अन्तर्बोध/अन्तर्ध्वनि/अभिनवप्रभा/अक्षय अक्षर/अक्षरमार्ग/अक्षलोक/उदय मञ्जरी/कालीको सुसेली / चेतना सन्देश/ज्याग्दी खोलाको तरङ्ग/दोभान/नव प्रज्ञापन/नव माधुरी/नारी स्वर/महामण्डल/रजस्थल /रूयायन / लहरा/लोकभावना/वनिता/शिवपुरी सन्देश/सगुन/समुदाय र सृजना/हाम्रो पुरुषार्थ हाम्रो मातृभूमि/हाम्रो सिर्जना/हिमाद्री

**मातृभाषामा प्रकाशित साहित्यिक पत्रिकाहरूः** गुगुल्डि (डोट्याली) / लाजा डग्गर (थारू) / माटी (भोजपुरी) /आङन (मैथिली) / इक लिब्जु-भुम्जु (बाम्बुले राई) / बुङ्वाखा (वान्तवा राई) / सितिमी (चाम्लिङ राई)/ थौकन्हे, कुँध्वाखा, नःली, थायभू (नेपालभाषा) / बिम्लिक (मगर ढुट) / तान्छोप्पा, नुमाफुङ, लुडा, फक्ताङ्लुङ (लिम्बू) /तामाङ दाजाङ (तामाङ) / हाम्सो, चुप्लु (सुनुवार)

# गीत



✍ **नवशिला**

आस मेरो तिमी नै हौ बाँच्ने तिमी सास मेरो
तिमी मरे मुर्दा घर नै हुन्छ बस्ने बास मेरो ।

तिमीभित्रै मैले पाउने सारा खुसी देखेको छु
मैले पनि यो छातीमा तिम्रो नाम लेखेको छु ।

तिमी हौ बाँच्ने आधार जिन्दगीमा खास मेरो
तिमी मरे मुर्दा घर नै हुन्छ बस्ने बास मेरो ।

तिमीले नै दिएकी छौ मलाई बाँच्ने ऊर्जाहरू
तिमी भए पुग्छ मलाई चाहिँदैन है केही अरू

भइरहनु हरदम हरक्षण तिमी आसपास मेरो
तिमी मरे मुर्दा घर नै हुन्छ बस्ने बास मेरो ।

नजानु है मलाई छाडी कुनै पनि बाहानामा
हिम्मत बनेकी छौ तिमी मेरा हरेक चाहनामा

तिमी बिना हुन्छ सुन्दर संसार नै नाश मेरो
तिमी मरे मुर्दा घर नै हुन्छ बस्ने बास मेरो ।

# मुक्तक



✍ **गिरिराज डल्लाकोटी**

१.

देउरालीलाई भाकेकी मेरै लागि हो कि
आधा रातमा जागेकी मेरै लागि हो कि
सोधूँसोधूँ लाग्यो मलाई नढाँटी भन त
सिउँदो खाली राखेकी मेरै लागि हो कि ।

२.

भाग्यभन्दा ठुलो अझै कर्म लाग्छ मलाई
त्यही कर्म पूरा गर्नु धर्म लाग्छ मलाई
हरेक चिज किनबेच हुन्छ बजार हो संसार
मायाप्रीति भन्नेकुरा पर्म लाग्छ मलाई ।

चितवन


पुस्तक-पत्रिका मागेर होइन किनेर पढौँ ।
लेखक-सम्पादकहरूको मिहिनेतको कदर गरौँ ।।

धूमपानले लिन्छ ज्यान, सबैलाई होस् ज्ञान !

# छोराछोरीको उत्साह



डा. छायादत्त न्यौपाने

'आज बाबासँग पुस्तक पसल जान्छु । म पनि के कम ! कथा, कविता, निबन्ध, नाटकका ३/४ ओटा किताब किन्छु । किताबहरू मजाले पढ्छु र भोलि त मैले पनि उमाले जस्तै कक्षामा कथा सुनाउँछु । गृहकार्यमा निबन्धलेखन पनि राम्रो गर्छु ।' मनमनै कुरा खेलाउँदै अंशु घर पुगे ।

अंशु ढोकैबाट 'बाबा ! बाबा' भन्दै घरभित्र पसे । बाबा कार्यालयबाट आइपुग्नुभएको थिएन । उनले झोला बिसाए, लुगा फेरे । हातमुख धुन धारातिर गए । 'किन बाबा भनेर चिच्याएको ?' आमाले सोध्नुभयो । 'आज बाबा किन ढिला ? मलाई बालसाहित्यका कति किताब किन्नु छ ! पसल जाऔँ भनेर' अंशुले उत्तर दिए । दुवै हातगोडा धोइसकेर भान्छातिर लागे खाजा खाए ।

कति ढिला गर्नुभा बाबाले ? अघिपछि त ५ बजे आउनुहुन्थ्यो । आजै बाबालाई ढिलो हुनुपर्ने ? अंशुको हतारो देखेर 'किन किन्नुपर्‍यो किताब ? बरु ल, मेरो मोबाइल हेर, यसैमा त आउँछन् रमाइला रमाइला प्रसङ्ग ।' यतिबेरसम्म बाबा आउनुभयो ।

'किन मोबाइल दिएको अंशुलाई ?' बाबाले 'मोबाइल हेर्नु राम्रो होइन' भन्नुभयो । आमाले दिएको मोबाइल बाबाले रोकिदिनुभयो । 'अँ, तपाईंहरू पनि आमाले दिए बाबाले नदिने बाबाले दिए आमाले नदिने ?' दिक्क लाग्यो मलाई । उनले 'भैगो मलाई छिटो किताब पसल लिएर हिँड्नु, अहिले बन्द भइसक्छ ।' अंशुको कुरा सुनेर 'हँ, के भन्छ यो आज त अनौठो भो त किताब किन्न खोज्छ !' बाबाले अचम्म मान्नुभो । 'हो, अघिदेखि तपाईंलाई पर्खिरा नि । त्यै भएर मोबाइल हेर भनेको तपाईंले हुन्न भनेसी फेरि किताब किन्ने भन्दै छ ।' आमाले कुरा प्रस्ट्याउनुभो ।

'ए, कुरा यसो पो ! ल, ठिकै छ नि । मलाई त आज अंशुले किताब किन्ने भनेको सुनेर खुसी लाग्यो तर किन्ने मात्र होइन पढेर सुनाउनुपर्छ नि ।' बाबाको कुरा नसिद्धिदै 'किन पैसा खर्च गर्नुपर्‍यो बरु एकछिन एकछिन मोबाइल हेरे भइहाल्छ नि' आमाले दोहोर्‍याउनुभयो ।

'त्यसो होइन अंशुकी आमा, किताब किन्नु राम्रो हो । मोबाइल एकछिन भन्यो धेरै बेर हेरिन्छ । फेरि यसमा कहाँ राम्रा कुरामात्र आउँछन् र ? के-के आउँछ के-के ? मन बहकिएर कताकता पुगिन्छ । यो भन्दा त अक्षर-अङ्कसँग खेल्दै चित्रहरूको बयान गर्दै किताब पढ्नुको मजै बेग्लै हुन्छ । त्यसैले मोबाइल होइन, किताबै किन्ने' बाबाले भन्नुभयो ।

बाबाको साथ समर्थन पाएर अंशु मनमनै खुसी थिए । उनी 'हामी कुरै कुरामा हराउने कि जाने पनि ! मलाई रमाइला किताब पढ्ने कत्रो हुटुहटी लाछ !' हतारिए । 'ल, हिँड न त, म तयार छु ।' बाउछोरा हिँड्न ला देखेर 'म पनि जान्छु नि एकछिन ।' आमा पनि तयार हुनुभयो ।

'आज त खुब किताब पढ्ने रहर लागेछ तिमीलाई !' बाबाले अंशुसित फेरि ठट्टा गर्नुभो । 'हो बाबा, आज मेरो साथी उमाले कक्षामा राम्रा राम्रा कथा सुनाइन्, हरिले कविता वाचन गरे । म्यामले स्याबासी दिनुभो । मलाई पनि रमाइला किताब पढेर नयाँ नयाँ कुरा थाहा पाउ मन लाग्यो ।' अंशुका कुरा सुनेर बाबाआमा दुवै जना खुसी भए मुखामुख गरे । उहाँहरू पुस्तक पसलमा किताबहरू छान्दै हुनुहुन्थ्यो । उताबाट बाआमाको हात समाउँदै उमा पनि आइपुगिन् ।

आहा कस्तो रमाइलो साइत जुरेछ ! अंशु र हिमांशुका बाआमा पनि साथी बने । अंशु र उमाले सल्लाह गरी गरी राम्रा किताब छाने । छोराछोरीको किताब पढ्ने उत्साह देखेर अभिभावकहरू मुस्कुराउँदै हुनुहुन्थ्यो । ■■

कविता

# सार्थक जीवन



✍ **गङ्गा लिगल**

तिमी कहाँ छौ भनि खोज्छन् यहाँ सबै
मन्दिर मस्जिद जहाँ तहाँ घुम्छन् अझै
जात पात र भेदभाव गर्दछन् यहाँ
अमीर-गरिबको लेखो राख्छन् सबै ।

झगडा तकरार कटु शब्द प्रहार गरी
एकले अर्कोलाई उछिन्ने नियति लिई
अहम् र अहङ्कारले विषकुम्भ भरि
मानवको मूल्य र मान्यताको ख्याल नगरी ।

कुदृष्टि, कुभाव र कुविचार लिई
कुस्वप्न, कुकर्म र कुकार्य गरी
मनुष्य भै मानवताको भाव नलिई
व्यर्थै नगुमाऔं अमूल्य जीवन पशुसरि ।

स्वर्ग र नरक त यहीं छ विचार गर
स्वच्छन्दता मै छ आनन्दको घर
परोपकार पुण्याय पापाय परपीडनम्
जीवनको यथार्थ नै यही हो अति सुन्दर ।

जनको मनलाई अवहेलित नगरी
प्रेमको जलले मानवमा सेचन गरी
विश्वास र श्रद्धाको पुष्प पुञ्ज भरी
सत्य र आनन्दको अनुभूति लिई ।
'आनन्दो ब्रह ब्रह्येते परमात्मन' बुझौं
यसैमा इश्वरीय रूप छ यसलाई पुजौं
सत्य, धर्म, शान्ति र प्रेमको सदा पाठ पढौं
'अहिंसा परमोधर्म' लाई नित्य मनन गरौं ।

स्वर्गीय सुन्दर सपना सहजै साकार गरौं
'नस्ति ज्ञानात् परम् सुखम्' लाई बुझौं
हृदयमा अनन्त ज्ञान भण्डार भरौं
जीवनमा प्रेमै प्रेमले कलश भरौं ।

आत्मानन्द नै ईश्वर प्राप्तिको सङ्केत बुझौं
'परोपकाराय इदम् शरिरम्' लाई चिनौं
सत्य, धर्म अनि अहिंसाको हतियार लिई
विश्व मै प्रेममय बनाउन विगुल फुकौं ।

श्रद्धा सुमनले पत्थर पग्लन्छ चेतन भै
दया र त्यागले जड पनि चेतन बन्दछ
पारदर्शी हृदयमा परमार्थ प्राप्त गर्दछ
अनि पवनमा पनि परमात्माको झल्को पाइन्छ ।


## लेखकहरूमा अनुरोध

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौं ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।

Email : navarajpudasaini@gmail.com

# ढोँगी र पाखण्डी समाज हास्य व्यङ्ग्यलेखनका लागि उर्वर हुन्छन्

राजेन्द्र कार्की


राजेन्द्र कार्की





डा. ऋषि बस्ताकोटी

*हराएका राजेन्द्र कार्कीलाई 'खाइराइड' ले पत्ता लगायो । खाइराइडले यिनलाई पत्ता नलागेको भए आज यिनका पण्डित्याइँ सुन्न पाइने थिएन। एमबीए, एमफिल गरेका कार्की आफूलाई सगरमाथा नचढे पनि धेरै ओटा बेस क्याम्प पुगेको भन्दा रहेछन् । नेपाल राष्ट्र बैङ्कमा छिरेर जागिर सुरु गरेका कार्की सीटीभीटीको निर्देशकबाट गिरेर भगौडा बने । हाल यिनी क्यानडाको भ्यानकुभरमा ट्याक्समाण्डु नामको संस्थाको पाले भएर गोजेरो भर्दा रहेछन् । जिन्दगीको धेरै ओटा बेस क्याम्पमा पुगेका कार्कीले संसारका धेरै पहाड र मैदान देखे-भोगेका छन् भन्ने प्रमाण 'खाइराइड' हो । कृतिको थाक थुपारेर धाक लगाउनेको समूहमा यी अलि भिन्न छन् । त्यही भएर 'खाइराइड' चर्चित छ । पहिलो कृति भए पनि तिसौं जनाका लेख र समीक्षा आएका छन् । हास्यव्यङ्ग्यका पारखीले मात्र नभएर स्कुलका बच्चाहरूले पढेका छन् । यो कृतिका बारे लेखेका छन् । समीक्षकहरू 'खाइराइड' राजेन्द्रलाई बचाउने कृति हो भन्छन् ।  यस पटकको कल्पतरु पुस्तक वार्तामा राजेन्द्र कार्कीको हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह 'खाइराइड केन्द्रित रहेर डा. ऋषि बस्ताकोटीले तयार पार्नुभएको वार्ता प्रस्तुत गरिएको छ।*

**कविता र चिन्तनपरक निबन्ध लेख्दै आएका राजेन्द्र कार्की  एक्कासि कसरी हास्यव्यङ्ग्यमा हाम्फाले ? कि केटाकेटीदेखि लुकाएर पोको पारी राखेको 'खाइराइड' अहिले एक्कासि फुकाएका हुन् ? पाठकलाई त 'खाइराइड'ले तान्यो । कार्कीजीलाई चाहिँ हास्यव्यङ्ग्यमा केले तान्यो ?**

- राजेन्द्र कार्की  एक्कासि कसरी हास्यव्यङ्ग्यमा हाम्फाले ? भन्ने प्रश्नमा यहाँलाई मेरो प्रतिप्रश्न छ- म कहिले अग्लो ठाउँमा पुगें र ? हाम्फाल्ने भनेको अग्लो ठाउँमा पुगेपछि हो । अग्लोबाट हाम फाल्ने भनेको होचोमा हो । त्यसरी हाम फाल्दा मान्छेका हात खुट्टा भाच्चिन सक्छन् । अपाङ्ग हुन सक्छन् । त्यसैले अग्लो ठाउँमा पुग्नेले पनि हामफाल्न हुँदैन ।

केटाकेटीदेखि लुकाएर पोको पारी राखेको खाइराइड फुकाएको भन्ने सवाल छ न मैले केही पोको परेको थिए, न अहिले केही फुकाएको छु । जिन्दगी लामो भएछ । लामो जिन्दगीमा आफैं उल्लु बनेका कुरा सम्झँदा आफैंलाई हाँसो लाग्दो रहेछ । यस्तै उल्लु बनेका कुरा लेख्ने क्रममा पहिलो लेख 'धारा तथा शौचालय महात्म्य' लेखें । त्यसैले 'खाइराइड' को जग बसायो।

**तपाईंले 'खाइराइड'मा सिङ्गै ब्रह्माण्ड अटाउनुभएको**

**छ । पढ्दा दिमाग नै फनफनी पारिदिनुहुन्छ । यो कसरी सम्भव भयो ? तपाईको लेखनको स्रोत के हुन् ?**

– लेखनको स्रोत म आफैं हुँ । मेरै कमी–कमजोरी हुन् । फेरि म समाजकै पात्र हुँ । त्यसैले समाजका चरित्रमाथि लेख्छु । ढोंगी र पाखण्डी समाज लेखनका लागि खास गरी हास्यव्यङ्ग्य लेखनका लागि उर्वर हुन्छन् । त्यही भूमिमा गँड्यौला हुन्छन् । गँड्यौला भएकै माटोमा बालीनाली मौलाउँछ । हास्यव्यङ्ग्य पनि त्यस्तै हो ।

अब प्रश्न रह्यो 'खाइराइड'मा सिङ्गै ब्रह्माण्ड अटाएको । ब्रह्माण्ड करोडौं वर्षदेखि आफैंमा छ । त्यहाँ नभएको चिज केही छ र ? ब्रह्माण्डका अरबौं जीवमध्ये मान्छे एक हो । फेरि अरबौं मान्छेमध्ये लेखक एक हो । फेरि अरबौं मान्छेमध्येको एक लेखकले नयाँ के लेख्न सक्ला र ?

लेखन एउटा कला हो । त्यहाँ एउटा व्यक्ति मात्र पनि अटाउन सक्छ र पूरै ब्रह्माण्ड पनि अटाउन सक्छ । फेरि 'खाइराइड'कथा वा उपन्यासजस्तो कुनै व्यक्ति वा परिवेशमा लेखिएको सङ्ग्रह पनि होइन । शायद त्यही भएर पाठकलाई 'खाइराइड'मा सिङ्गै ब्रह्माण्ड अटेको अनुभूति भएको हुनसक्छ ।

**लेख्दालेख्दै कसैलाई बाँकी राख्नुहुन्न । चाप्लुसी गरेर दुनो सोझ्याउने जमानामा व्यङ्ग्यको वाण हानेर ढाडै खुस्काइदिनुहुन्छ । यसरी लेख्नुमा जोखिम छैन ?**

– पहिलो, 'लेख्दालेख्दै कसैलाई बाँकी राख्नुहुन्न, व्यङ्ग्यको वाण हानेर ढाडै खुस्काइदिनुहुन्छ" भन्ने प्रश्नमा म सहमत छैन । म कसैमाथि लक्षित गरेर हास्यव्यङ्ग्य लेख्दिन र प्रवृतिमाथि लेख्छु । समाजमा दुर्जन मान्छे हुन्छन्, तर तिनै दुर्जन सज्जनको खोजी गर्छन् । त्यहाँ नेता सज्जन नेता भएन भन्छन् । त्यो प्रवृति ढोंगी प्रवृति हो । तपाईं बाटामा फोहोर फाल्ने, अनि सफा सरकारले गरिदिनु पर्ने ? तपाईंले फोहर नै गर्नु भएन भने सफा गर्न जरूरी पर्छ र ? पर्दैन । लेखन पनि त्यस्तै हो ।

दोस्रो, म जस्ता लुतेले कस्को ढाड खुस्काउन सकौंला र ! बरु मेरै पो ढाड खुस्काउलान् (हाँस्दै), कि कसो ? व्यङ्ग्यको वाणले कसैको ढाड खुस्केको सुनेको पनि छैन । हास्यव्यङ्ग्यले जसको ढाड खुस्किनु पर्ने हो, उनीहरूको ढाड झन बलियो हुँदै गएको छ। नहोस् पनि किन ? हाँस्दै पढ्दा उनीहरूलाई आनन्द आउँदो रहेछ । झन् बलिया पो हुँदा रहेछन् । बलिया मान्छेको हड्डी झन् बलियो हुने रहेछ । अनि कसरी ढाड खुस्किनु ?

फेरि जाबो व्यङ्ग्यका अक्षरले कसको ढाड खुस्केला र ? खुस्केको भए कसरी सोझो ढाड लिएर हिँड्न सक्ने त ? बरु कसको खुस्किएछ ? लौन खुसुक्क थाहा पाऊँ । अनि कसैको ढाडै खुस्किएको छैन भने के को जोखिम ?

दुनो सोझ्याउने कला के हो ? लौन कता सिक्न पाइन्छ ? यस्तो कला सिक्न पाए त काइदाको फाइदा हुन्थ्यो होला । पुरस्कार र मानसम्मानको वर्षा हुन्थ्यो होला । खादा मालाले सामाजिक सञ्जाल रङ्गाउन पाइन्थ्यो होला ।

**पठनसंस्कृति टाक्सिएको बेला, लेखकहरू छापेको ५०० किताब बिकेन भनेर पुर्पुरो समाएर बसेको बेला 'खाइराइड'ले त खुब लोभलाग्दो राइड लिएको छ त ? एक वर्ष नपुग्दै दोस्रो संस्करण आयो । विद्यालयका कलिला बाबुनानीहरू 'खाइराइड'कै पछि लागिरहेछन् । यसको राज के हो ? पाठक तान्ने सूत्र के होला ?**

– सुरूमा ११ सय प्रति छापिएको हो । छापिएको केही समयपछि स्कुलहरूबाट माग आएकाले दोस्रो संस्करण तुरून्तै छाप्नुपर्‍यो । अहिलेसम्म जति ओटा स्कुलमा 'खाइराइड' पढाइ भए, त्यहाँका बाबुनानीले असाध्य मन पराएको उनीहरूका लेखहरूले नै बताउँछन् । बाबुनानीहरूका त्यस्ता लेख लगभग १५ ओटा प्रकाशित भइसकेका छन् र अरू हुने क्रममा पनि छन् ।

अधिकांश निबन्धमा समाजका चरित्र र प्रवृत्ति माथि लेखिएको छ । राजनीतिक व्यङ्ग्यको एकलौटी भएको बेला 'खाइराइड' सामाजिक विषयमा लेखिएकोले राइड लिएको हो कि !

यो पुस्तक राजधानीबाहिर राम्ररी पुग्न सकेको छैन । पैसा उठ्दैन भनेर पुस्तक पसलमा पुस्तक

पठाउन प्रकाशनगृह डराउने रहेछन् । पुस्तक पसलमा पुगे पनि दिनैपिच्छे निस्कने साहित्यिक कृति कति नै बिक्लान् र भन्ने पनि हुने रहेछ । झन् मजस्तो विदेशमा बस्ने लेखकको कृति स्वतः छायामा पर्ने रहेछ । तर त्यति हुँदाहुँदै पनि दोस्रो संस्करण पनि रि-प्रिन्टको क्रममा छ । यसको मुख्य कारण स्कुलका नानी बाबुले मन पराएकाले नै हो ।

**तपाईंको 'खाइराइड' किन पढ्ने भनेर सोधुँ भने 'खाइराइड'ले संसारै खाइसक्यो। तैपनि 'खाइराइड' नपढ्नेले के छुटाउँछन् ? त्यो बताइदिनुस् न ।**

- तपाईंको माथि सोधिएको प्रश्नले आंशिक उत्तर दिइसकेको छ । हास्यव्यङ्ग्य भन्नेबित्तिकै अहिले नेतालाई गाली भन्ने भाष्य बनेको छ । 'खाइराइड'मा अधिकांश निबन्ध सामाजिक विषयमा छन् । राजनीतिक विषयमा एकदमै थोरै छन् ।

जो पाठकले 'खाइराइड' पढ्नु हुन्न, हास्यव्यङ्ग्यमा विचार, दर्शन, इतिहास, मौलिकता मात्र होइन, छुट्टै लेखन शैलीको स्वाद छुटाउनुहुने छ ।

**धाइराइडबिना 'खाइराइड'ले बजारका साहित्यिक पुरस्कार र सम्मान त सजिलै नभेट्ला तर पाठकको अथाह माया पाएको छ । यसमा तपाईंको भनाइ के छ ?**

-म केवल आफ्नो मजाका लागि लेख्छु, आनन्दका लागि लेख्छु । पुरस्कारका लागि होइन । मजा र आनन्द सँगसँगै मेरो लेखनले समाजको उन्नति प्रगतिमा सकारात्मक भूमिका खेल्नुपर्छ भन्ने मान्यताका साथ लेख्छु ।

यहाँले नै भनिसक्नु भो 'धाइराइडबिना 'खाइराइड' ले बजारका साहित्यिक पुरस्कार र सम्मान त सजिलै नभेट्ला ।' त्यसो हो भने पुरस्कार र सम्मानको के अर्थ रह्यो ? पहिलो त पुरस्कारले पुरस्कारको इज्जत धान्न पर्‍यो । तिथि आयो कि पुरेत बोलाएर सराद्दे गरेझैं हुन भएन पुरस्कार । धनको सान देखाउने माध्यम हुन भएन पुरस्कार । अवैध कामको धामका पुजारीलेको घरमा धेरै दान-दक्षिणा आएपछि गरिबलाई चामल बाँडेजस्तो भयो भने पुरस्कारको ओज पनि के रहला र ! फेरि पुरस्कार घोषणा गरेर पुरस्कार रकम भिख माग्न कुद्नु भनेको गर्नेलाई भन्दा देख्नेलाई लाज हुने रहेछ । यो कसैप्रतिको आग्रह र दुराग्रह चाहिं होइन । मेरी श्रीमती र सालीको नाममा मैले पुरस्कार घोषणा गर्दा कसको के टाउको दुखाइ भन्ने लाग्ला तर त्यो मजाकको विषय बन्ने रहेछ नि तपाईं नै भन्नुहोस्- महाकविका नाममा पुरस्कार छन् ? कवि शिरोमणिका नाममा पुरस्कार छन् ? छन् भने मलाई थाहा भएन । फेरि पुरस्कार दिने संस्थाको विश्वसनीयता (क्रेडिबिलिटी) पनि हुन पर्‍यो । ऐँचोपैँचोको के अर्थ रहला र ?

**तपाईंले पाएका प्रतिक्रियामध्ये तपाईंलाई अनौठो र विशेष लागेको केही प्रतिक्रिया सुटुक्क सुनाउनुस् न ।**

- २०८१ साउनमा काठमाडौंको चाबहिल स्थित डियरवाक सिफल स्कुलले कक्षा नौदेखि बाह्रसम्म 'खाइराइड'लाई सहयोगी-पठन सामग्रीको रूपमा राख्यो । उनीहरूले 'खाइराइड' पढेर समीक्षा लेखे । कक्षा ९ मा पढ्ने नानीले- " 'खाइराइड' अध्ययनले हास्यव्यङ्ग्यको गहिराइ बुझ्न थालेँ" भनेर समीक्षा लेखिन् । यति सानी नानीले 'खाइराइड' अध्ययनबाट हास्यव्यङ्ग्यको गहिराइ बुझ्नु भनेको यो आफैँमा विशष र अनौठो होइन त ?

फेरि कक्षा ११ पढ्ने अर्की नानीले " 'खाइराइड' नेपाली साहित्यको एक उत्तम कृति" भनेर लेख लेखिछन् । १५ भन्दा बढी यस्ता नानीबाबुहरूले 'खाइराइड'का बारेमा लेखेका लेख 'फित्कौली' र 'शिलापत्र'लगायतका पत्रपत्रिकामा प्रकाशित छन् । आफैं भन्नुहोस्- पैसा खर्चेर समीक्षा लेख्ने लेखाउने परिपाटी चलेको बेला योभन्दा अथाह माया के होला?

**हास्यव्यंग्यमा हात हाल्न खोज्ने नयाँ लेखकलाई तपाईंका केही पण्डित्याइँ छन् नि ? पहिलो राइडमै 'खाइराइड'जस्तो बुलन्द कृति ल्याउन कस्तो क्याप्सुल खानुपर्ला ? कस्तो एरोविक्स गर्नुपर्ला?**

-मेरा त्यस्ता केही पण्डित्याइँ छैनन् । साहित्य केवल एउटा प्रस्तुति कला मात्र हो । त्यो प्रस्तुतिमा

# दस छेस्का कविता



✍ **विनोद नेपाल**

१.
छैन सुवास
सुन्दर आहा
लाली गुराँस

२.
बनेन देश
लुटको राज
युवा विदेश

३.
कटाऊँ डाँडा
जाली यी नेता
लोभका भाँडा

४.
नबसौं साक्षी
लखेटौं अब
यी नेता लाछी

५.
भन्दथे जिबा
घरको छेद
पाले भतुवा

६.
ए साथी सुन
लाग्नेछ पाप
बिर्सिए गुन

७.
मनमा गुन
नआँट व्यर्थै
टाढाको जून

८.
बाँझियो टार
एउटै गाउँ
भयो संसार ।

९.
हिमाली देश
प्यारो छ यही
भाषा र भेष

१०.
नहोस् रमिता
नभनोस् कोही
खोई कविता ?

कसैले पनि त्यस्तो नयाँ चिज पस्कन्छन् भन्ने मलाई लाग्दैन । साहित्य अवलोकन हो । त्यो अवलोकनबाट नयाँ दृष्टिकोण आउने हो । नत्र त यो ब्रह्माण्डमा नयाँ कुरा केही होला जस्तो लाग्दैन मलाई ।

हास्यव्यङ्ग्य लेख्न चाहने लेखकले अरूको जिउको जुम्रो देख्ने, आफ्नो जिउको भैंसी नदेख्ने प्रवृत्तिबाट मुक्त हुन सक्नुपर्छ । लेखकले सर्वप्रथम आफ्ना कमीकमजोरी केलाउन पर्छ र ती कमीकमजोरीमा लेख्ने आँट गर्नुपर्छ । त्यति आँट गर्ने बित्तिकै हास्यव्यङ्ग्य लेखन कठिन हुँदैन जस्तो लाग्छ ।

हरेक दिन भोगेका देखेका साना विषयहरूमा मिठो हास्यव्यङ्ग्य बन्छन् । प्रायः अधिकांश मान्छेमा तपाईंसँग मिल्दाजुल्दा कमजोरी हुन्छन् । भोगाइ हुन्छन् । समाजको डरले मान्छे आफ्नो ती कमजोरी र भोगाइ भन्न सकेको हुँदैन तर अर्काले भनिदिएमा ऊ रमाउँछ र मनमनै भन्छ– यसले त मेरै अनुभव लेखेछ ।

निबन्ध निजात्मक हुन्छ । कथा र उपन्यासमा जसरी पात्र खडा गरेर व्यक्ति र समाजका चरित्र र कमजोरी लेखिछन् तर निबन्धमा त्यसरी पात्र खडा गर्ने छुट त्यति धेरै हुँदैन । त्यही भएर कतिपय लेखकहरू आफ्नो कमजोरी लेख्न र भन्न डराउँछन् । त्यस अर्थमा चाहिं हास्यव्यङ्ग्य लेखन कठिन छ । ■■

निबन्ध

# बुद्धि र विवेकको समन्वय



✍ **दशराज शाक्य**

उपनिवेशवाद र साम्राज्यवादको अन्त्य हुनु पहिले नै यस्तो चर्चा भएको थियो कि 'भविष्यको साम्राज्य ज्ञानको साम्राज्य हुने छ ।' जति नै शोषित र कुनै प्रकारबाट संसाधन नभएका गरिब स्वतन्त्र देशका अगाडि समस्या र चुनौतीहरूको नयाँनयाँ दृश्य देखापरेका छन् र स्वतन्त्रबाट ठुलो ठुलो आशा, मागहरूको अपेक्षा आम जनताले आफ्ना सरकारसमक्ष गरेका थिए । सरकारले पनि समस्याहरूको समाधान गरिदेओस् भन्ने जनताले चाहेका थिए । जुन देशमा जनताप्रति समर्पित र भविष्य दृष्टिबाट उपयुक्त नेतृत्व, राज्यसत्ता जनताले चाहेका हुन्छन् । वैज्ञानिक शिक्षाबाट देश विकास, समृद्ध र प्रगति होस् भन्ने पनि जनताले चाहेका थिए । सरकारले यस्तो व्यवस्था गरोस् भन्ने सम्पूर्ण जनताले कामना गरेका हुन्छन् । जसले उक्त सत्यलाई सम्झिन सक्छ, उसले उच्च सुगम शिक्षा र अनुसन्धानलाई मान्यता दिएर प्रचार-प्रसार र गुणात्मक स्तरतिर ध्यान देओस्, गुणात्मक शिक्षण संस्थान बनाओस् भन्ने आम जनताको चाहना हो । वर्तमान नेपाल यस दिशामा अगाडि बढ्नेवाला उदाहरण मान्न सकियोस् । नेपालको स्वतन्त्रता सङ्घर्षको नेतृत्वले सम्झनुपर्छ कि शिक्षा नै 'तमसोमा ज्योतिर्गमय' भन्ने जस्तै शिक्षाको प्रगतिको मार्ग प्रशस्त गर्न सकियोस् र शिक्षा शुल्क पनि महँगो नहोस् भन्ने नेपाली जनताले चाहेका थिए ।

आज विश्वमा नेपाललाई अग्रणी स्थानमा पुऱ्याउनका लागि सूचना प्रविधि, विज्ञान र अन्य जीवनोपयोगी शिक्षा उपलब्ध भइरहेको खुसीको कुरा हो, तर जनताले 'असाध्यै महँगो'मा शिक्षा लिनु कतिसम्म जायज होला त ? नेतृत्वले बुद्धि र विवेकको समन्वय गरी बौद्धिक क्षमता बढाओस् भन्ने पनि चाहना छ । जीवन निर्वाहका लागि धनार्जन गर्न पाउनु जनताको नैसर्गिक अधिकार हो भन्ने नेतृत्वले विनयशीलता ठानोस् । जीवन निर्वाहका लागि धनार्जन गर्न कोही पनि विदेशमा 'कुल्ली' भएर जान नपरोस् भन्ने पनि नेतृत्वले ध्यान दिनुपर्छ र विवेकी भएर सोचोस् भन्ने कामना छ ।

स्वतन्त्र नेपालको विकासमा गहन विचार-विमर्श र बौद्धिक छलफल चर्चा परिचर्चाको निरन्तरता हुनुपर्छ ।

बेलायती चिन्तक बर्ट्रान्ड रस्सेलजस्ता बौद्धिकत्वले भनेका छन् कि 'मान्छेले केवल ज्ञान प्राप्तिको मार्गपछाडि फर्केर गयौ मात्र होइन, आफूलाई नै सिध्याउने छ । ज्ञान प्राप्त गर्न अथक प्रयास गर्नुपर्छ, जुन प्रयास पवित्र प्रेरणा हो ।' ज्ञानलाई सदुपयोग गर्नुको क्षमता प्राप्त गर्नका लागि बुद्धि र विवेकको प्रश्रय लिनुपर्छ । कुनै कालखण्डमा आधुनिक विज्ञानको ज्ञान प्राप्तिको पराकाष्ठा थियो, परमाणु विखण्डनबाट ऊर्जा प्राप्त गर्नुमा सफलता मिलेको थियो । तर त्यसको अविवेकीपनाले जापानको नामुद सहर हिरोसिमा र नागासाकीले नराम्रो परिणाम भोगेको थियो, भोग्न परेको थियो । बुद्धि, विवेक, विश्लेषण र बहुजन हितका लागि ज्ञानको उपयोग गरेको भए विज्ञानको प्रगति अगाडि बढ्ने थियो । विज्ञानको दुरूपयोगले आज मान्छे र प्रकृतिका सम्बन्धमा ध्वंश हुनुको कारण हो । उक्त ध्वंशले मान्छेको जीवनमा, समाजमा उत्पन्न समस्याहरूले पृथ्वीको अस्तित्वमाथि नै प्रश्नचिह्न खडा गरिदिएको थियो ।

यस्तोमा हुनसक्छ कि जहाँ केवल अत्यधिक धनार्जनका लागि धनकुबेर-लक्ष्यलाई बोकेर अगाडि बढ्ने गर्छ त्यहाँ विज्ञानको सकारात्मक सोचलाई

कविता

# अपूर्ण यात्रा

✍ पदम दाहाल



प्रवाह बाढी भल बाँच्नु हुन्न
सम्पूर्णतामा खल साँच्नु हुन्न ।
मस्तिष्कले तर्कवितर्क गर्छ
शङ्का अहंता जड ताप भर्छ । ।१।

छातीबिचै छाम कृपा उमार
माया दया मानवता पुकार ।
बनी सुमान्छे गरिमा गमेर
पाषाणका वाण झिकौं उनेर । ।२।

आगो भए पोल्छ कि तातिएर
पानी भए सुक्छ कि बाफिएर ?
हावाहुरी हन्डर हार धेर
अपूर्ण यो जिन्दगी खै छ के र ? ।३।

भोकाउँदा भोक छ पेटभित्र
तिर्खाउँदा प्यास छ आँतभित्र ।
निदाउँदा ढुक्ढुकी ढुक्कभित्र
सञ्चालनै गर्दछ को विचित्र ? । ।४।

अस्ताउँछौं तोक्छ न साइतै ऊ
दिंदैन निम्तो पनि हातमा ऊ ।
थुतेर लैजान सिपालु कस्तो !
अपूर्णता भोग्दछ जीवजस्तो ! ।५।

सम्पूर्ण बाँकी अधिकार मेरो
भन्छौं छ काफी घरबार मेरो ।
डेरा बरन्डा अभिसार घेरो
अपूर्ण यात्रा जुनी यै अपुरो । ।६।

ooo

स्वीकार्यता कसरी प्राप्त हुन्छ ? एउटा उदाहरण दिन सकिन्छ कि कुनै युवाले आफू डाक्टर बन्ने इच्छा गर्छ । स्कुलमा कति पढ्यो, कति कोचिङ-ट्युसन राखियो, कति भारी रुपियाँ खर्च गरियो, कति कठिन प्रतियोगी जाँच दिइयो, सफलताका लागि तनाव समस्या झेल्यो र कति वर्ष बिताएर डिग्री प्राप्त गऱ्यो ? यी सबैमा परिवारलाई कति बोझ पऱ्यो होला ? यो समस्या केवल मेडिकलसम्म सीमित होइन, यस्तो स्थिति हरेक शिक्षित युवाका अगाडि कुनै न कुनै ढङ्गबाट अनेक प्रकारको तनाव पैदा भइरहेको हुन्छ । यस्तो स्थितिलाई समाधान र सजिलोपनाका लागि नेपालको प्राचीन संस्कृति र साहित्यमा कुनै ज्ञान उपलब्ध छन् । जहाँ कुनै लालची स्वभाव थिएन होला त्यहाँ ईर्ष्या, द्वेष, मनमुटाव आफसे आफ (स्वचालित ढङ्गले) कमजोर हुने छ । समाजलाई हिंसा र सङ्घर्षमा उत्प्रेरित गर्न आफ्नो शक्ति खर्च गर्नुछैन । यस मूलभूत मूल्य र दर्शन-तत्त्वलाई नीति र कार्यक्रममा समुचित स्थान दिनुपर्छ । सम्भवतः २०४६ सालदेखि नेपालको सामाजिक परिदृश्य निकै सकारात्मकतातर्फ दौडेको थियो होला ? आज हरेक क्षेत्रमा अविश्वास छन्, व्यग्रता र उग्रता अनेक प्रकारले बढ्दै छन् । यस्को परणामले हिंसा बढिरहेका छन्, बढाउँदै छन् । महिलाहरूको विरूद्ध अनेक हिंसा र तनाव बढाउँदै छन्, घटना हुँदै छन् । यस्को मुख्य कारण मूलतः जनस्तरमा नैतिकता र मूल्यमान्यताको ह्रास भइरहनु हो भन्ने ठहर छ । यसको समाधान तात्कालिक आवश्यक र जरूरी छ नै । ■■

# स्मृतिका तरेलीमा जोरपाटी प्रसङ्गहरू



✍ **रमेशप्रसाद खनाल**

मानिसको जीवन, जीवनका उतार चढाव, अनुभव र अनुभूति मात्र होइन उसको जीवन दर्शनमा समेत आफूले व्यतित गरेको ठाउँ विशेषको मनोवैज्ञानिक प्रभाव बलवान् भएर प्रतिबिम्बित हुने रहेछ भन्ने यथार्थ मेरो जोरपाटीसँगको आत्मीय सम्पर्क, सम्बन्ध र सङ्गतले पुष्टि गरेको जस्तो लाग्दछ । मेरो जन्म, हुर्काइ, बढाइ र स्थायी बसोबास काठमाडौंको वडा न. ६, बौद्ध महाङ्काल भए पनि मैले किशोर-युवा वयको धेरै सक्रिय समय भने काठमाडौंको त्यति वेला गाउँपालिका रहेको जोरपाटी (वि.सं. २०३५ देखि ४५ सम्म) र यसकै सेरोफेरोमा केन्द्रित रहनु आफैंमा एक संयोगकै खेल जस्तो लाग्दछ । यो संयोग जुट्नुमा धेरै व्यक्तित्वहरूको योगदान रहेको सन्दर्भ अमिट छाप बनेर मेरो मन मन्दिरमा बसेको छ । कताको बौद्ध महाङ्कालबासी म, अनि कताको जोरपाटीसँग किन र कसरी घनिष्ठ भएर जोडिएछु आफैंलाई अचम्म लाग्छ । जोरपाटीसँग जोडिएर बिताएका ती पुराना दिनहरूलाई आज करिब-करिब चालिस वर्षपछि एक पटक पुनः सम्झन खोज्दा यो विशृङ्खलित सम्झनाहरू अनायास दौडिन थाल्दछन् मानसपटलमा । किशोर-युवा वयकालमा जोरपाटीले मेरो जीवनमा ल्याएको अनगिन्ति बदलावलाई मैले जस्ताको त्यस्तै अभिव्यक्त गर्न सक्ने छैन; त्यो सम्भव हुने कुरा पनि होइन । त्यसैगरी, मलाई राम्रैसँग ज्ञात छ; जोरपाटीले मेरो जिन्दगीमा लगाएको गुन न म तिर्न नै सक्ने सामर्थ्य राख्दछु छु, न जोरपाटीले नै मबाट त्यस्तो अपेक्षा राख्दछ । जोरपाटीसँग जोडिएका विगतका केही अविस्मरणीय दिन, घटना र पात्रहरूको बारेमा सानै रूपमा भए पनि अभिलेखीकरण गरेर राख्न सकें भने त्यसबेलाको जोरपाटी, त्यहाँको प्रकृति, इतिहास, समाज र संस्कृति, व्यक्ति र व्यक्तित्वहरूलाई जीवन्त राख्न सकिन्छ कि भन्ने ध्येयका साथ मेरा सम्झनाका अनगिन्ती वेगहरूलाई एकै ठाउँमा सँगालेर राख्ने प्रयास मात्र गरेको छु ।

**हिजोको जोरपाटी**

विभिन्न प्रयोजनका निमित्त जोरपाटी हुँदै काठमाडौं पूर्वी भेगका साँखु, सुन्दरीजल, गोकर्ण आदि ठाउँहरू आवतजावत गर्नुपर्ने पैदल यात्रीहरूका निमित्त केही समय आराम गर्ने वा रात बास बस्ने प्रयोजनका निमित्त सुन्दरीजल र गोकर्ण दक्षिण ढोकातर्फ गरी दुई दिशातर्फ बाटो छुट्टिने ठाउँमा बनेका थिए दुई पाटी (सत्तल)बाट नै सायद यो स्थानको नाम जोरपाटी रहन गएको हो भन्ने गरिन्छ । यो पूर्वी क्षेत्रमा जोरपाटीका अलावा चुच्चेपाटी (चाबहिलबाट महाङ्काल जाने चोकमा रहेको र आज नाम मात्रै बाँकी रहेको पाटी र पाटी रहेको जग्गाको कुनै अवशेषको समेत बाँकी नरहेको), गधा पाटी (जहाँ हिउँदमा हिमाली भेगबाट आउने शेर्पाहरूले बौद्धनाथ तीर्थयात्रा गर्न आउँदा गधासमेत लिएर आउने भएकोले बौद्ध पुग्नुभन्दा अघि टुसालमा यस्ता यात्रुहरूका निमित्त बनेको सत्तललाई पाटी भनिन्थ्यो जसको पनि आज कुनै अवशेषसमेत छैन), सुन्दरीजल पुग्नुभन्दा अघि नयाँ पाटी (यसको पनि कुनै स्वरूप बाँकी छैन) आदि अनेकौं सार्वजिनक सत्तल (पाटी)हरू थिए । आज यी सबै सत्तलहरूको अस्तित्व नामेटजस्तै हुन गएको छ । जोरपाटीको दोबाटोको छेउमा केही वर्ष अघि पुरानो जोडी सत्तलको स्मृतिलाई यथावत कायम राख्ने उद्देश्यले होला नयाँ रूपमा पाटी निर्माण गरेर इतिहासलाई जोगाउने कोसिस गरिएको देखिन्छ जुन प्रशंसनीय नै छ ।

एकैछिन चालिस वर्ष अघिको काठमाडौं उपत्यकाको प्राकृतिक सुन्दरताको कल्पना मात्र गर्दा पनि एउटा बेग्लै, अनुपम र अलौकिक तस्बिर अगाडि आउँछ । जतातत‌ै खुला ठाउँ, लहलह बाली लागेका खेतबारी, स्वच्छ खोलानाला, अनगिन्ती ठुलासाना पोखरी, कैयौं खुला चौर अनि स्वछ हावा, सधैंको निलो आकाश, पृष्ठभूमिमा सधैं देखिने उपत्यकालाई

एकटकले नियालिरहेका विभिन्न हिमशृङ्खलाका चुचुराहरू ! यी र यस्तै दृश्यहरू मानसपटलमा आउँछन् । हरिया फाँट, लहलह धान/गहुँका बाला झुलेका पहेँलपुर खेत, भिरपाखामा घना वन जङ्गल, हावामा झुलिरहने बाँसघारी, गोकर्णेश्वर मन्दिरको छेउबाट चट्टानको बलिष्ठ गल्छीको ककारो फोर्दै तल फाँटमा कुनै हतार नगरी बगिरहने स्वच्छ बागमती; त्यहाँ पिउन मिल्ने सफा कन्चन पानी र पानीमा देखिने चाँदीजस्तै टल्कने असला माछा ! 'काँठ' भनेर होच्याइने यी ठाउँहरू त प्रकृतिका अझ निकट प्रकृतिमा नै रमाएका देखिन्थे । जोरपाटी दोबाटोको चोकबाट पूर्व उत्तर हेर्दा एकै पटक नारायणटार अनि चामुण्डा स्कूल र त्यसको केही पर बागमतीमाथि बनेको पुरानो फलाम र काठको फल्याक भएको पुल; गोकर्णको जङ्गल आदिसमेत छर्लङ्ग देख्न सकिन्थ्यो । मानिसको भिडभाड, कोलाहल र वायु वा नदीनालाको प्रदुषणको नामोनिशाना नभएको त्यो बेला फाट्टफुट्ट चल्ने सवारीसाधन पनि अनौठो मानेर हेरिने समय थियो । वर्षाको समयमा रोपाइँ गरेको, रोपारहरूले असारे गीत घन्काएको; धान गोडेको अनि शरद ऋतुमा धान काटेको, धानको भारी बोक्दै जोरपाटीको उकालो चढ्दै गरेका लाठेहरूको लर्को देख्दा मन नै प्रफुल्लित हुन्थ्यो । बस्ती उचाइमा थिए, खेतीपाती बेँसीमा । पूर्व जाने एउटा सानो गोरेटो बाटोले गोठाटार जोड्थ्यो; बागमती तरेर जानु पर्ने, पुल थिएन । आवश्यकता नै थिएन सायद त्यतिबेला । जोरपाटी चोकबाट बेँसी गाउँ हुँदै गोकर्णेश्वर मन्दिर पुगिन्थ्यो जहाँ एउटा सानो बाटो थियो । बेसी गाउँ पठारजस्तो भौगोलिक अवस्थितिमा रहेकाले वर्षामा हरिया मकैका बोटले भरिएका हुन्थे बारीमा भने बेँसीगाउँको पूर्वतर्फ बागमतीले सिँचेको समथर खेतमा मौसमअनुसार धान, गहुँ, आलु राम्रैसँग फल्ने उर्वरभूमि लम्पसार परेको थियो । यस्तो प्राकृतिक सम्पदाको धनी जोरपाटी चोक जोरपाटीको केन्द्र थियो । सबैलाई भेटघाट गर्न र त्यहाँबाट 'सहर' भनिने काठमाडौंका विभिन्न ठाउँ जान सकिने मूल थलो थियो । भर्खर-भर्खर जर्मन पर्यटकहरूले युरोपबाट भू-मार्ग हुँदै नेपाल आएर घर फर्किंदा सस्तोमा बेचेका मिनिबसहरू (धेरैजसो मर्सिडिज बेन्ज कम्पनीका देखिन्थे) चल्न थालेका थिए जोरपाटीबाट रत्नपार्कसम्म । यो केन्द्रमा बस चढ्ने र ओराल्ने भएपछि बिस्तारै यहाँ बजार गुल्जार हुन थालेको थियो । त्यतिबेला जोरपाटी चोकमा चिया खाजा खाने एउटा नाम चलेको चिया दोकान थियो पाण्डे दाइको । अरू खासै धेरै पसल पनि थिएनन् । केही पुराना किरानाका पसल देखिन्थे; अरू केही किन्न पर्‍यो भने बौद्ध पुग्नुपर्थ्यो वा चाबेल नै जानुपर्थ्यो । सटर खोलेर भाडामा दिने संस्कृतिको विकास भएको थिएन । त्यतिबेला जोरपाटी भाडामा घर जग्गा दिएर भाडा खाएर बस्ने युगमा पुगेकै थिएन भन्दा आज अचम्म लाग्न सक्छ । जोरपाटी डाँडामा चामुण्डा देवीको मन्दिर रहेको थियो (र आज पनि छ) । त्यसै मन्दिर छेउमा नै छ तिब्बती शरणार्थी शिविर । यसैले धेरैले नजरअन्दाज गरेको तर एउटा महत्त्वपूर्ण तथ्य सधैं मैले भन्ने गरेको छु 'जोरपाटी एक अन्तर्राष्ट्रिय केन्द्र' पनि हो भनेर । किनकि यसले आफूबिच आफ्नो देश छोडन विवश विदेशीहरूलाई समेत शरण दिन र तिनलाई आफ्नो समाजमा सहज स्वीकार गरेर आफ्नो विशाल हृदयको परिचय दिएको थियो (र छ) । त्यतिबेला ती शरणमा आएका तिब्बतीहरूलाई मरणमा पर्न नदिन जोरपाटीका मानिसहरूले आफूबिच एक नितान्त नयाँ भाषा, संस्कार र सभ्यता भएका मानिसहरू रहने केन्द्र खोल्न कुनै बाधा-विरोध नगरी देखाएको सदासयता र सहृदयताको कतै कहीं न कुनै मूल्याङ्कन नै भएको छ न सम्बद्ध निकायहरूबाट उचित कदर नै भएको छ भन्ने लाग्दछ मलाई । यता जोरपाटीमा शरण परेका तिब्बतीका कारणले कालान्तरमा जोरपाटी नेपाली कार्पेट उद्योगको एक प्रमुख केन्द्रको रूपमा विकसित हुन पुग्यो (यस पक्षबारे पनि थप अध्ययन हुनुपर्ने देख्दछु) जोरपाटीमा आज पनि कतिपय कार्पेट उद्योगहरू सञ्चालनमै छन् जसले जोरपाटीको आर्थिक पक्षलाई कायापलट नै गरिदियो भन्दा पनि हुन्छ ।

त्यतिबेला म महाङ्कालबाट बौद्धनाथ स्तुप हुँदै जोरपाटीसम्म हिडेर आवतजावत गर्थे । मलाई महाङ्कालबाट करिब ३ किलोमिटर पूर्व पर्ने जोरपाटी चोक पुग्न त्यस्तै २०/२५ मिनेट हिँड्नु पर्थ्यो । जोरपाटी चोकबाट साथीहरूसँग भेट गर्दै, आगामी दिनका स्वप्निल योजनाहरू बुन्दै हामी हिँड्दै हिँड्दै चोकबाट कहिले बेसी गाउँ, कहिले गोकर्णेश्वर मन्दिर वा कहिले गोकर्ण दक्षिणढोका वा मूलपानीसम्म पुगेका हुन्थ्यौं । नारायणटारको त्यो बागमतीको कञ्चन पानीले सिँचेको राम्रो धान उब्जनी हुने खेतमा भर्खर-भर्खर

जसो 'नेपाल अन्धा अपाङ्ग सङ्घ' र 'खगेन्द्र नवजीवन केन्द्र' नामक संस्थाको भवन बनेको थियो । आधुनिक शैली र नेपालीपन झल्काएर बनाइएका एक तले भवन र हलहरूमा नेपालभरिका 'अन्धा अपाङ्हरू' को एक आश्रय, अध्ययन तथा उपचार केन्द्रको रूपमा विकसित गरिँदै थियो । जोरपाटीबासीले आफ्नो त्यति राम्रो उब्जनी हुने जग्गा कुनै बाधा-विरोधबिना अधिग्रहण गर्न सहमति दिएर आफ्नो अर्को सदासयता र करूणाको अर्को उदाहरण देखाएका थिए । जसरी तिब्बती शरणार्थीहरूलाई शरण दिने कुरामा जोरपाटी पछि परेन, त्यसैगरी अपाङ्ग, असहाय र बेसहाराहरूका निमित्त पनि आफ्नो दिल खोलेर स्वागत गरेको नमुना थियो र छ यो केन्द्र । त्यतिबेला यिनै थिए जोरपाटीलाई संसारसामु चिनाउने संस्थाहरू ।

त्यतिबेला असन, इन्द्रचोकतिर रहेको बजारतिर किनमेल गर्न जानु पर्दा वा कुनै कामले जानुपर्दा 'सहर जाने' भनिन्थ्यो । यसै 'सहर' भनिने ठाउँको निकट हुन र आफ्ना सन्ततिले राम्रो शिक्षादीक्षा पाऊन् भन्ने मनसायले मेरा मातापिता आफ्नो थातथलो मूलपानीबाट वि.सं. २०१२ सालमा बौद्ध महाङ्काल बसाइँ सर्नुभयो । त्यसरी बसाइँ सरे पनि बाबुबाजेको पुर्ख्यौली थलो मूलपानीमा हामी वर्षको कम्तीमा पनि एक/दुई पटक जोरपाटी हुँदै मूलपानी जाने गर्थ्यौं । हाम्रो त्यो पुर्ख्यौली थलोमा खेतबारी जग्गा थिए । हाम्रो घडेरी मूलपानी ठाढुङ्गा नामको डाँडोमा थियो भने खेत भने मनोहरा नदी किनारको फाँटमा । त्यसैको कामका निमित्त वा मूलपानीमा बहुल सङ्ख्यामा रहेका खनाल दाजुभाइ कहाँ कुनै अवसर पर्दा निम्ता मान्न वा वार्षिक कुलदेवताको पूजाको निमित्त हामी मूलपानी जाने आउने गर्थ्यौं । शिक्षा, स्वास्थ्य र बजार सुविधाका निमित्त त हामी 'सहरमुखी' नभई सुखै थिएन । त्यसैले महाङ्कालबाट चाबेल वा 'सहर' भनिने असन, इन्द्रचोकतिर नै अभिमुख हुनुपर्थ्यो । मूलपानी जानु नपर्दा बाटोमा पर्ने जोरपाटी जाने अरू खासै उद्देश्य वा काम पनि केही पर्दैनथ्यो । त्यति वेला बौद्ध पनि गाउँपालिका थियो भने जोरपाटी त अझ टाढाको गाउँ नै मानिन्थ्यो किनकि कुनै सार्वजिनक यातायात सुविधासमेत थिएन । आजको जस्तो घना बस्ती र बजारको बिस्तारको कुरा त पर नै रह्यो, यस्तो आजको जस्तो 'कङ्क्रिटको जङ्गल' होला भन्ने सोचिएको सम्म पनि थिएन त्यतिबेला । वि.सं. २०३० सम्म रत्नपार्कबाट गौशालासम्म एक-दुई ओटा सार्वजिनक बस चल्थ्यो । त्यो पनि साँझ परेपछि बन्द भैहाल्थे । हामीलाई गौशालाबाट महाङ्काल घर पुग्न अर्को आधा घण्टाभन्दा बढी हिंड्नु पर्थ्यो भने जोरपाटी, गोकर्ण, सुन्दरीजलतिरका बासिन्दाहरूले त अझ धेरै हिंड्नुपर्थ्यो । 'काँठ' भनिने यो क्षेत्र ३५/४० वर्ष अघिसम्म यस्तै नियति भोगेर बाँचेको थियो । आजको यो विकसित क्षेत्र हेरेर त्यतिबेलाका मानिसहरूले भोगेका कठिन अवस्था बुझ्न सकिन्न ।

२०३५/३६ सालको शैक्षिक सत्रमा कानुन विषय पढ्न नेपाल कानुन क्याम्पसमा बिहानीको कक्षामा भर्ना भएको थिएँ । साथसाथै दिउँसो भने चुच्चेपाटीमा रहेको प्रोग्रेसिभ स्कुलमा पढाउने काम पनि गर्न थालेँ । आफ्नो पढाइको खर्च पनि यसैबाट आय हुने भएकाले बाआमालाई थप आर्थिक भार नपरोस् भन्ने चाहना ममा थियो । बिहान ५ बजे हिंडेको मान्छे म कलेज, स्कुल र स्कुल पछि बौद्ध जोरपाटीमा साथीहरूसँग साहित्यिक तथा अन्य थप सामाजिक गतिविधिमा पनि सहभागी हुन पुग्थें । घर फर्किंदा धेरैजसो रातको ८/९ बजेको हुन्थ्यो । अहिले सम्झँदा लाग्छ किन त्यतिविधि व्यस्त राखेको हुँला मैले आफूलाई ।

**उत्प्रेरणाका प्रतीक-जोरपाटीका दुई उद्धव**

मलाई जोरपाटीसँग घनिष्ठ रूपमा जोडाउने र जीवनको उतारचढावमा सधैं साथ-समर्थन गर्दै सकारात्मक कामका निमित्त सधैं उत्प्रेरित गर्ने जोरपाटीका दुई उद्धवको नाम मैले लिनै पर्छ । एक हुन् खनाल उद्धव र अर्को रायमझी उद्धव ! उद्धव रायमाझीको बारेमा 'लेखुँ भने के लेखुँ, लेख्ने कुरा धेरै थियो, भनौं भने के भनौं भन्ने कुरा धेरै थियो' भने जस्तो हुन्छ । मन मुटुमा बसेको मान्छेका बारेमा लेखेर अभिव्यक्त गर्न कठिन हुँदोरहेछ, केवल अनुभूत मात्र गर्न सकिने हुँदोरहेछ । समाजमा सबैको आँखाका नानी बनेका मेरा साथी सहपाठी दौंतरी, आफन्ती कुटुम्ब जे भने पनि हुने उद्धव रायमाझी मिलनसारिता, सहयोगीपन, विद्वता र आफ्ना निम्ति होइन अरूको निम्ति जिउज्यान अर्पण गर्न सदैव तयार रहने यस्ता व्यक्तित्व हुन्, जसबाट हरक्षण हरपल अभिप्रेरित हुन सकिन्छ र भइएको पनि छ । उनी धेरैका आदर्श

हुन्; धेरैका प्रेरणाका स्रोत हुन् । उनको निरन्तरको हुटहुटीले मलाई जीवनमा धेरै पाठ पढाएको छ; सिकाएको छ । कैयौँ मानिसहरूको जीवनमा उज्यालो छर्ने यी रायमाझी उद्धवसँग गाँसिएको मित्रताप्रति गर्व लाग्दछ ।

जोरपाटीका अर्का मेरा सम्बन्धसूत्र हुन् खनाल उद्धव जो नातामा मेरा काका पर्दछन् । उनी सन् २००७ मा विदेशीहरूसँग हिमाली पदयात्रामा जाँदा हराएका थिए । आज उनी हामीबाट हराएको पनि करिब दुई दशक पुग्न लागिसक्यो तर उनको न सास भेटियो न लास भेटियो । आज उनको स्मृति मात्र शेष छ म सँग । जे होस् हामी दुवै मूलपानीका खनाल । हाम्रा बुबाहरूको घनिष्टताले पनि हामीलाई नजिक बनाएको थियो । उनी मेरा काकाभन्दा बढी साथी थिए । हामी ल क्यापसमा पनि सँगै पढ्यौ पछि । केटाकेटीमा उनी चामुन्डामा पढ्थे; म चाबहिलको पशुपति मित्र स्कुलमा । स्कुल बिदा हुँदा उनी महाङ्काल चौरमा हामीसँग खेल्न आइपुग्थे । उनी क्याम्पस पढ्दै गर्दा कानुन सेवातर्फ ना.सु. समेत भैसकेका थिए । उनीसँगको सङ्गतले मैले कानुन अध्ययन गर्दा अदालती कारबाही र कानुनका धेरै विषय देख्ने, जान्ने र बुझ्ने अवसर पाए । उनको अड्डा अदालतमा जाँदाको अनुभवले मेरो कानुन अध्ययनमा धेरै भरथेग गरेको थियो । उनकै योगदानको प्रतिफल हो बीएलमा राम्रो अङ्क ल्याउन सफल भएँ । उनले देखाएको मार्गमा हिँडेर नै सायद त्यो सफलता प्राप्त गर्न सम्भव भएको थियो ।

केटाकेटीमा हामी जब देवालीका अवसरमा मूलपानी जान्थ्यौं । त्यो समय हाम्रो निम्ति आलौकिक भेटको अवसर हुन्थ्यो । हामी एक छिन नछुटी कहिले कता कहिले कता आफ्नै गफमा मस्त भएर हिँडेको देखेर हामी दुईलाई सबैले कस्तो हल जोडी जस्तो मिलेका भन्थे । हामी दिनभर अनेकौं रमाइला गफमा आफैँमा मस्त हुन्थ्यौं । त्यो देवाली डाँडा मात्र होइन, हामी गफिँदै पूरै मूलपानी घुमी सक्थ्यौं । बेलुका पूजा सकिएपछि मूलपानीबाट जोरपाटीसम्म हिँडेर आउँदा पनि हाम्रो कुरा सकिएका हुन्नथे । उनी जोरपाटी चोकबाट बेसी गाउँतिर मोडिएपछि म महाङ्काल लाग्थें अनि बल्ल हाम्रो कुरा टुङ्गिन्थ्यो । सानैदेखि नै जोरपाटी बेसीगाउँमा रहेको उनको घर गोकर्णेश्वर मन्दिर जाने मूल बाटाको छेउमै जोडिएको थियो । हामी क्यापसमा पनि सँगै पढ्ने भएपछि त म कानुनका विषयहरूबारे छलफल र 'कम्बाइन स्टडी' गर्न पनि म उनको घरमा जाने गर्दथैं । यही जोरपाटी आवतजावतले उद्धवमार्फत मलाई जोरपाटीका अरू साथीहरूबिच परिचित गरायो । उनको सङ्गतले नै हो मेरो जोरपाटीसँगको घनिष्टता बढ्न गयो । सबैको नाम लेखेर सम्भव नै छैन । आजका स्थापित साहित्यकार तथा समाजसेवी वसन्त रिजाल र गोपाल बरालसँगको मित्रता त एसएलसी परीक्षाका निमित्त तयारी कक्षा ट्युसन पढ्न मैतीदेवी घट्टेकुलोस्थित रामहरि पौडेल सर सँगसँगै पढ्ने बेलादेखि नै गहिरोसँग गाँसिएको हो ।

**खगेन्द्र नवजीवन केन्द्र र 'अपाङ्गको आङ्काक्षा प्रकाशन**

मलाई रचनात्मक, सिर्जनात्मक र सामाजिक सेवाको कार्यले बौद्ध र जोरपाटीसँग जोडाउने अर्का व्यक्तित्व हुन् बौद्धका बुद्धिजीवी, चिन्तक, लेखक एवम् पूर्वराजदूत कवि डा. गणेश योञ्जन । सानैदेखि तारागाउँको महिला सङ्गठनको चौरमा फुटबल खेल्दादेखिको साथी गणेशसँगको ३५/३६ सालमा सघन भएको सङ्गतले साहित्य र सामाजिक सेवाको कामहरूतर्फ उत्प्रेरित गर्दै लग्यो । उनले मलाई जोरपाटीका अरू धेरै साथीहरूसँग परिचय र सम्पर्क गराएजस्तै साथीहरू स्व. चक्र ठकुरी (सांसद), दीपक सिंह भण्डारी आदि । जोरपाटी नारायणटारस्थित खगेन्द्र नवजीवन केन्द्र भर्खर खुलेको थियो । गणेश योञ्जनको त्यहाँ राम्रै सम्पर्क र नियमित आवातजावत थियो । एक दिन उनैको साथ लागेर म पनि केन्द्रमा पुगेँ । त्यहाँका साथीहरूसँग परिचय भयो । साहित्यका विविध विधामा त्यहाँका साथीहरू राजु तामाङ अकेला (हाल दिवङ्गत), बालकृष्ण गैह्रे, भगवान् कोइराला, नयन थापा आदि पोख्त रहेछन् । केन्द्रका साहित्यकार मित्र पशुपति साल्घारी र यी साथीहरूले 'अपाङ्गको आकाङ्क्षा' नामक पत्रिका अथक मिहेनत गरेर प्रकाशन गर्ने निधो गर्दा मैले पनि त्यो पत्रिकाको केही अङ्कसम्म प्रत्यक्ष सहयोग गर्ने अवसर पाएँ । पछि आफ्नो काम र पढाइको चापले मैले थप प्रत्यक्ष सहयोग गर्न सकिनँ । केही वर्षसम्म त्यो पत्रिका नियमित रूपमा प्रकाशित भयो तर पछि प्रकाशन हुन सम्भव भएन भन्ने सुनेँ; मलाई दुःख लाग्यो । त्यति वेला त्यहाँ सेवा गर्दाका मित्रहरूमध्ये बालकृष्ण गैह्रे र भगवान् कोइरालासँग आजपर्यन्त पनि सम्पर्क, मित्रता र सुमधुर दाजुभाइको सम्बन्ध कायम नै छ । यो हाम्रो

सम्बन्ध पनि त्यही जोरापाटीले जुराइदिएको संयोग नै थियो ।

**सरस्वती स्कूलको पहिलो प्राचार्य**

नेपाल ल क्याम्पसमा बिहानी सत्रमा आइएल गर्दै दिउँसो चाबहिल चुच्चेपाटीस्थित प्रोग्रेसिभ बोर्डिङ स्कुलमा दुई वर्ष प्राथमिक तहमा पढाउने काम सुरु गरेको थिएँ तर बीएल पुगेपछि भने पढाइको चापले विद्यालयमा पढाउने काम छोडेर पढाइमा नै बढी ध्यान दिनुपर्ने भयो र मैले त्यो स्कुलमा पढाउने काम छोड्नुपऱ्यो । आफ्नै पढाइमा व्यस्त रहन थालैं । हुन ता यो भन्दा पहिले एसएलसी पास हुनासाथ २०३५ सालमा एक वर्ष अस्थायी प्राथमिक शिक्षकका रूपमा कपनस्थित ग्राम शिक्षा मन्दिरमा पनि अध्यापन गर्ने अवसर जुरेको थियो । यसैले होला, एकदिन जोरपाटीका मित्र अच्युत अर्याल घरमा नै भेट्न आए । उनले एक पूर्व-प्राथमिक विद्यालय खोलेका थिए जोरपाटी ओरालोमा । त्यति वेलाको जोरपाटीको दृश्य आज जस्तो कङ्क्रिटको जङ्गल थिएन; सुनसान फाँट लमतन्न परेको देखिन्थ्यो । वर्षा ऋतुमा खेतमा रोपेको धान हरियो फाँट परपर आँखाले देखुन्जेल हरियो मात्र देखिन्थ्यो । झ्यालबाट पर नारायणटारको केही अग्लो सानो डाँडोमा चामुण्डा स्कुल देखिन्थ्यो भने पूर्व–पश्चिम फैलिएको सानो कालोपत्रे सडकमा कहिलेकाहीं मात्र गाडी गुड्थे । सरस्वती स्कुल वरिपरि पनि खुला खेतैखेत थियो । स्कुलको झ्यालबाट जोरपाटी चोक हेर्दा को आयो को गयो सबै चिनिन्थ्यो । काठमाडौंको यो भेगमा भर्खर-भर्खर निजीस्तरमा विद्यालयहरू खोल्ने क्रम बढ्दै थियो । स्कुलको नाम थियो सरस्वती पुर्व–प्राथमिक विद्यालय । जोरपाटीसम्म बल्लबल्ल मिनिबस भर्खर भर्खर चल्न सुरु भएको बेला थियो । थोरै बस चल्ने भएकोले घन्टौं कुर्नुपर्थ्यो । बस घुमाउने जोरपाटी चोकभन्दा केही तल देब्रे (आज स्तुपा कलेज रहेको) विपरीत दिशामा एउटा एक तले रातो चिनियाँ ईंटाको घरको चार कोठामा स्कुल थियो । नर्सरी, केजी, अप्पर केजी र कक्षा एक सञ्चालनमा थियो त्यति वेला । यो स्कुलको म पहिलो प्रिन्सिपल (प्राचार्य) बन्न पुगें । जोरपाटी र निकट गोकर्णसम्मका बालबालिका पढ्न आउँथे । विद्यालय राम्रै चलेको थियो । बिएलको पढाइ कठिन हुँदै गएकाले साथी अच्युतले नछोड्न अनुरोध गर्दागर्दै मैले एक शैक्षिक सत्र काम गरेर स्कुल छोडन बाध्य भएँ । उनले साँझमा ट्युसन केन्द्र पनि खोलेका थिए जोरपाटी मूल सडकको आफ्नो घरमा र त्यहाँ पनि उनकै अनुरोधमा केही समय पढाएँ मैले तर यो कर्म पनि धेरै दिन चल्न सकेन । उनको असामयिक निधन हुन गएर जोरपाटीले एक होनहार शैक्षिक अभियन्ता र एक मिहेनती व्यवसायी गुमाउनुपऱ्यो । आज पनि उनको सम्झनाले मलाई बेलाबेलामा झक्झकाइरहन्छ । उनले मलाई जोरपाटी स्कुल चलाउन नलगेको भए आजपर्यन्त जोरपाटीका त्यति वेलाका मेरा विद्यार्थी र तिनका अविभावक र अन्य मित्रहरूसँगको सम्बन्ध ताजै रहने थिएन । यसरी मित्र अच्युत जोरपाटीसँग मलाई जोडने अर्को एक प्रमुख कडी थिए ।

**'मुक्का/आगमन' साहित्यिक अभियान**

यशस्वी आख्यानकार रमेश विकल, नेपाली हाँस्यव्यङ्ग्यका महारथी भैरव अर्याल र वरिष्ठ अर्थविज्ञ डा. नवराज चालिसेजस्ता नेपाली वाङ्मयका धरोहरहरू (जसलाई म यस क्षेत्रकै 'त्रि-नक्षत्र' भन्न रूचाउँछु) को जन्म वा वासस्थान रहेको यो जोरपाटी क्षेत्र निर्विवाद रूपमा साहित्य, सङ्गीत, कला र सोसम्बन्धी सर्जक र साहित्यिक संस्थाहरूको एक उर्वर भूमिको रूपमा रहेको छ । २०३८/३९ सालतिर रमेश विकललगायतका अन्य वरिष्ठ साहित्यकार सर्जकहरूको छत्रछायामा हुर्किएका केही साहित्य अनुरागी युवाहरू मिलेर 'मुक्का' र 'आगमन' नामका दुई साहित्यिक सङ्कलन प्रकाशन गर्ने कार्य सुरु गरिएको थियो । काठमाडौं पूर्वी क्षेत्रका युवा सर्जक एवम् साहित्यकारहरूले तत्कालीन परिवेशविरूद्ध सकारात्मक परिवर्तनका निमित्त साहित्यका माध्यमबाट सुरु गरिएको यो क्षेत्रकै एक प्रकारको पहिलो साहित्यिक पहल थियो भन्न सकिन्छ । बौद्धका गणेश योञ्जन, जोरपाटीका विमल अर्याल, गोपाल बराल, वसन्त रिजाल, उद्धव रायमाझी, आरूबारीका विदुर चालिसे, महाङ्कालका म र भेषराज सापकोटा, मूलपानीका सीताराम ढुङ्गेल अनि चाबेलका धन्वन्तरी 'कात्यायन'सहितको १० जनाको युवा समूहले २०३९ सालमा 'मुक्का' नामक पहिलो सामयिक साहित्यिक सङ्कलन प्रकाशित गर्न दिलोज्यान लगाए । यो नयाँ साहित्यिक प्रतिभाहरूको एक प्रकारको साहित्यिक आन्दोलनले गति लिंदै गयो र २०४० मा 'आगमन-१' र २०४१ मा 'आगमन-२'

पनि प्रकाशित भयो । त्यही अवधिमा जोरपाटीमा चामुण्डा वाचनालय पनि स्थापना गरियो भने बिहान बेलुकी केटाकेटीलाई निःशुल्क ट्युसन पढाउने कक्षा पनि जोरपाटी मूल सडकमा रहेको वसन्त रिजालको घरमा सुरु गरियो । तर यो क्रम त्यति बेला टुट्यो जब हाम्रो समूह स्वतफूर्त रूपमा छिन्नभिन्न हुन पुग्यो । आ–आफ्नै उच्च अध्ययन, रोजगारी, व्यवसायलगायतका कारणले यो युवा अभियानको गति रोकिन पुग्यो । साथीहरूबिच कुनै मनमुटाव भएर वा वैमनश्यता सिर्जना भएर यो परिस्थितिको सिर्जना भएको थिएन । यी तीन महत्त्वपूर्ण साहित्यिक सङ्कलनको प्रकाशनमा जोरपाटीका धेरै युवा तथा सहयोगी मनहरूको अटुट साथ र समर्थन थियो । यो अभियानमा सबैभन्दा धेरै जोरपाटीका साथीहरू संलग्न भएकाले हाम्रो आवतजावत, साहित्यिक क्रियाकलाप र बसउठ पनि जोरपाटी केन्द्रित नै रहन जानु स्वाभाविक नै थियो । यसरी साहित्य सिर्जना, प्रकाशन र समाज सेवाले मलाई जोरपाटीसँग घनिष्ठ बनाउने अर्को बलियो माध्यम बन्न पुग्यो भन्दा फरक पर्दैन ।

**परराष्ट्र सेवा परीक्षाको फारम भर्दाको संयोग**

वि.सं. २०४५ असार २२ गते नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) कूटनीतिक सेवाको ३३ वर्षे यात्राको सुरुवात भएको दिन हो । म यो दिनलाई मेरो जीवनले एक नितान्त नयाँ मोड लिएको दिनको रूपमा सम्झन्छु । यो नयाँ मोडमा पुग्ने तारतम्य भने जोरपाटीसँग जोडिन पुगेको सुखद संयोग बन्न पुगेको छ । अलिकति बिस्तारमा यो संयोगको कथा यस्तो छ ।

सर्वप्रथम, एकै छिन पृष्ठभूमिका केही घटनाक्रमहरू उल्लेख गर्ने पर्ने हुन्छ किनकि यिनै घटनाक्रमहरू नै कालान्तरमा मेरो जीवनमा आमूल परिवर्तन ल्याउने महत्त्वपूर्ण कडीको रूपमा स्थापित हुन पुगे र परराष्ट्र सेवा प्रवेशको वातावरण बनाउन आफ्नो भूमिका खेले भन्ने लाग्दछ । मेरा पिताजी रामप्रसाद खनाल सानै छँदैदेखि अङ्ग्रेजीमा दखल राख्न विशेष जोड दिने गर्नुहुन्थ्यो । आफूले अङ्ग्रेजी विषय पढ्न नपाएकाले पछाडि परेको भावना उहाँमा प्रबल थियो । त्यसैले अङ्ग्रेजीकै कारण छोराछोरीहरू पछाडि नपरून् भनेर कुरा गरिरहेको सुन्दथ्यौ हामी । मलाई अङ्ग्रेजी विषय पढ्ने हुटहुटीमा जोरपाटीका मित्र वसन्त रिजालले गोकर्ण दक्षिण ढोकाका अङ्ग्रेजी शिक्षक रामबहादुर थापा मगरसँग पनि अङ्ग्रेजीको आधारभूत व्याकरण पढ्ने तारतम्य मिलाएर सघाएका थिए । रामबहादुर सरसँग मित्र वसन्तको जोरपाटी मूल सडकस्थित घरमा पढिएको अङ्ग्रेजी व्याकरण आजसम्म पनि मानसपटलमा ताजै  छ । पछि मैले महाङ्कालमा बस्नुहुने र भर्खर खुलेको ग्यालेक्सी स्कुलमा पढाउने टि. लामा सरसँग पनि अङ्ग्रेजी पढ्ने अवसर पाएँ । दार्जिलिङबाट नेपालमा आएर शिक्षण पेसामा रहेका लामा सरले पढाएको अङ्ग्रेजी व्याकरणले मेरो क्षमतामा पक्कै मलजल गरेको थियो । अङ्ग्रेजी भाषामा पूर्ण दखल हासिल गरिछाड्ने 'जुनुन'मा जोरपाटीका आत्मीय मित्र विमल अर्याल र मैले बौद्ध तारागाउँ नजिक अल्बर्ट नाम गरेका एक जना विदेशीले सुरु गरेको अङ्ग्रेजी भाषाको अतिरिक्त कक्षामा पनि केही महिना भाषा र व्याकरण पढ्यौं तर केही कारणले त्यो क्रमलाई निरन्तरता दिन सकिएन । त्यसै अवधिमा निरन्तर रूपमा कान्तिपथस्थित ब्रिटिस काउन्सिल जाने र अङ्ग्रेजी भाषाका आफूले पढ्न सक्ने पुस्तकहरू घरमा ल्याएर पढ्न पनि गर्थें । आज जस्तो इन्टरनेट नभएको जमानामा पुस्तकालय, पुस्तक र त्यहाँ देखाइने सिनेमाहरू मेरा निम्ति अङ्ग्रेजी भाषाका गुरु थिए । यही समयतिर मैले अङ्ग्रेजीमा समसामयिक अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा नेपालको परराष्ट्र मामिलाका विषयहरूमा नेपालीमा यदाकदा लेख्ने गर्थें नै, अङ्ग्रेजीमा पनि लेख्ने प्रयास सुरु गरेको थिएँ । मेरो पहिलो अङ्ग्रेजीमा सार्क क्षेत्रीय सहयोग सङ्गठनको विषयमा लेखिएको लेख पत्रकार भारती सिलवालले प्रकाशन गर्ने गरेको 'रियल्म' (Realm) नामक एउटा अङ्ग्रेजी मासिक पत्रिकामा छापिएपछि म उत्साहित भएँ । त्यसैगरी असंलग्न आन्दोलनबारे माणिकलाल श्रेष्ठको सम्पादन र प्रकाशनमा निस्कने 'मदरल्याण्ड' (Motherland) नामक अङ्ग्रेजी दैनिक पत्रिकामा दुई अङ्कमा गरेर मेरो लामो लेख सिलसिलेवार रूपमा छापियो । यसले मलाई पत्रकारिता र लेखनतर्फ थप उत्प्रेरित गऱ्यो । कानुन पढ्दापढ्दै मैले नेपाल प्रेस इन्स्टिच्युटको पहिलो ब्याचमा भर्ना भएर १० महिनाको पत्रकारिताको डिप्लोमा कोर्स पनि गरेको थिएँ । यो कोर्सको क्रममा पत्रकारिताका मेरा श्रद्धेय गुरुहरू हुनुहुन्थ्यो भारतदत्त कोइराला, गोकुलप्रसाद पोखरेल, ध्रुवहरि अधिकारी आदि । ध्रुवहरि अधिकारीले मलाई

अङ्ग्रेजीमा लेख्न निकै प्रोत्साहित गर्नुहुन्थ्यो । त्यसैले, कोर्सको अन्त्यमा मैले अङ्ग्रेजी भाषाको दैनिक पत्रिका "दि कमनर" (The Commoner)मा इन्टर्नसिप गर्न रोजेँ । उक्त पत्रिकाका सम्पादक/प्रकाशक गोपालदास श्रेष्ठसँग उहाँको प्रत्यक्ष निगरानीमा उक्त पत्रिकाका लागि दुई महिनाभन्दा बढी अङ्ग्रेजी भाषामा रिपोर्ट/न्युज आदि लेख्ने, सम्पादन गर्ने कार्य पनि गरेँ । यसले मलाई अङ्ग्रेजी भाषामा थप निखार ल्याउन मद्दत गर्‍यो ।

यसै पृष्ठभूमिमा २०४२/४३ सालदेखि जोरपाटीका साथीहरू उद्धव रायमाझी, विमल अर्याल, रमेशराज अर्याल र मैले लोक सेवा, राष्ट्र बैङ्कलगायत अरू संस्थानहरूमा पनि जागिरको निमित्त विज्ञापन हुनासाथै आवेदन दिने र परीक्षाका निमित्त तयारी गर्न संयुक्त अध्ययन सुरु गर्न थाल्यौँ । त्यतिबेला हामी कुनै स्थायी जागिर खानु पर्ने निष्कर्षमा पुगेका थियौँ । कहिले कसको घरमा, कहिले कसको घरमा हाम्रो 'कम्बाइन्ड स्टडी' हुने गर्थ्यो । त्यति वेला थापाथलीस्थित रोटरी इन्टरनेसनलको कार्यालयसँगै रहेको लोक सेवा आयोगको क्षेत्रीय कार्यालयमा लिखित परीक्षाको निमित्त हामी चारै जना आवेदन फाराम भर्न गएको आजै जस्तो लाग्छ । आफ्नो पढाइबमोजिम मैले प्रशासन र कानुनको आवेदन फाराम भर्न पाउने भएकाले दुवै परीक्षाको निमित्त फारम भरेर बुझाएँ भने साथीहरूले प्रशासनको मात्र बुझाए । फारमहरू भर्ने काम सकेर हामी सो कार्यालय बाहिर निस्कँदै थियौँ, गेटमै कसैले भनेको सुनियो– 'परराष्ट्रतर्फ पनि फाराम खुलेको रहेछ नि !' मेरा तीनै जना साथीहरू हिँडदा हिँड्दै टक्क रोकिए । मलाई 'तिम्रो अङ्ग्रेजी राम्रो छ; परराष्ट्रको पनि जाँच दिनु पर्छ' भन्न थाले । म असमञ्जसमा परेँ । पराराष्ट्र सेवाको परीक्षाबारे मैले केही सोचेको पनि थिइनँ, सो बारे मलाई खासै केही जानकारी पनि थिएन भने पनि हुन्छ । केवल परराष्ट्रसम्बन्धी विषय र एक थप पेपर अङ्ग्रेजी जाँच दिने त हो भनेर साथीहरूले सम्झाएपछि मलाई पनि सायद 'हेरौँ न त एक पटक जाँच दिएर, जे होला, होला' भन्ने सोच आयो । तीनै साथीहरूको जोडबलमा मैले त्यो दिन परराष्ट्रतर्फको परीक्षाका निमित्त पनि थप अर्को फारम भरेँ । फारम बुझाउन झ्यालमा पुगेर खल्ती छाम्छु त थप एक पेपरको लागि चाहिने आवेदन शुल्कको पैसा मसँग रहेनछ ! 'पैसा आरे (छैन) साथी हो' भन्दै म झ्यालबाट फर्के । मसँग पैसा नभएको सुन्नासाथ विमल अर्याललले तुरुन्तै भनिहाले– 'मसँग छ पैसा रमेश, भरेको फाराम बुझाऊ !' मलाई के गरूँ, के गरूँ भयो तर विमलले दिएको आवेदन फाराम भर्ने रकमबाट मैले परराष्ट्र सेवा तर्फको फारम बुझाएँ । फाराम भर्न आवश्यक रकम सायद २५/३० रुपियाँ थियो होला (अहिले सम्झना भएन) तर त्यतिबेला त्यो पैसा ठुलै रकम हुन्थ्यो हामी जस्ताहरूका लागि । मेरो निम्ति त्यो रकम जीवन भरको मित्र विमलको ऋणी भएर रहने बनाइदियो । बालसखा विमलले तिरिदिएको पैसाबाट परराष्ट्र सेवातर्फको परीक्षाको लागि फारम नभरिएको मैले करिब ३३ वर्ष परराष्ट्र सेवामा कार्यरत हुने अवसर पाउने थिइनँ । विभिन्न देशहरूमा नेपालको प्रतिनिधित्व गर्न होस् वा देश विदेश पुग्ने अवसर पनि हुने थिएन । त्यो देखिँदा सानो देखिने तर मेरा निम्ति 'ठुलो' सहयोग र प्रेरणाले मेरो जीवन अभूतपूर्व रूपमा बदलिदियो । यसरी यसका निम्ति म जोरपाटी मेरो जीवनमा अभिन्न रूपमा गाँसिन पुगेको छ । धेरै जना सोध्ने गर्छन्– तिम्रो र अचेल रासो बासो नै जोरपाटी हुन्छ त... किन हो ? सायद यस्तै कारणले म जोरपाटीसँग जोडिएको छु; जोरपाटी मसँग जोडिएको छ । यो धरामा रहुन्जेल त्यो सम्बन्ध कहिल्यै टुट्ने छैन । मलाई थाहा छ– मेरो ३३ वर्षे कूटनीतिक यात्राको श्रीगणेश गराउने जोरपाटी र मित्रहरूको गुन मैले कहिल्यै तिर्न सक्ने छैन ।

**निस्वार्थ भावनाको प्रतीक**

आजको हाम्रो व्यक्ति, परिवार, समाज र परिवेश क्रमिक रूपमा आफ्नै स्वार्थको पुतला बन्दै गएको छ । व्यक्तिगत स्वार्थमा मात्र मानिसहरू निर्लिप्त हुँदै गएको देखिन्छ । आफू र आफ्नाबाहेक अर्काको व्यक्तित्व, प्रतिभा र क्षमतालाई प्रोत्साहन गर्ने वा कदर गर्ने निस्वार्थ मित्रताको परिकल्पना पनि क्रमशः हराउँदै आभास हुन्छ । म यो अर्थमा आफूलाई भाग्यमानी ठान्दछु कि मेरो बाल्यकाल, किशोरकाल र युवाकालदेखि अहिले ज्येष्ठ नागरिक हुँदासम्म पनि अविच्छिन्न रूपमा यस्तो निस्वार्थ आफन्तपनको शीतल छहारी मैले पाइरहेको छु । जोरपाटीका साथीहरूले निस्वार्थ रूपमा गरेका काममा अनेकौँ दृष्टान्तहरू छन् तर म यहाँ मसँग सम्बद्ध एउटा सानो उदाहरण

उल्लेख गर्न चाहन्छु जसले जोरपाटीको त्यतिबेलाको समाज कस्तो थियो भन्ने बोध गराउने मेरो विश्वास छ ।

मेरा पिताजीको आन्द्राबाट अत्यधिक रक्तश्राव (अल्सर) भएर महाराजगञ्जमा रहेको शिक्षण अस्पतालमा भर्ना गरेका थियौं । पिताजीलाई रगत ट्रान्सफ्युजन गराउनको निमित्त डाक्टरले ४ पिन्ट रगत तत्काल ल्याउन भनेका थिए । अब कसरी ४ पिन्ट रगत जुटाउने होला भन्ने चिन्ताले ग्रस्त हुँदै म अस्पतालको बिरामी कक्षबाट तल ओर्लंदै थिएँ । परैबाट देख्छु अस्पतालको मूल गेट अगाडि जोरपाटीका साथी उद्धव रायमाझी, कोमल लामिछानेका साथ एक हुल साथीहरू (सबैको नाम अहिले याद गर्न असमर्थ भएको छु) मलाई नै खोज्दै हतार-हतार आउँदै रहेछन् । 'भन रमेश, कति पिन्ट रगत चाहियो, हामी सबै ब्लड दिन आएका छौं' उनीहरूले भनेको सुन्दा मेरो आँखा आँसुले भरिएका थिए । त्यो बेला लागेको थियो मैले कुनै दिन ठुलै पुण्य कमाएको रहेछु– मलाई परेको यस्तो विकट परिस्थितिमा आफैं बुझेर रक्तदान गर्न यसरी तयार भएर आउने साथीहरू पनि कमाएको रहेछु भन्ने भावले म विह्वल र एकै पटक अनुगृहीतसमेत भएको थिएँ । उनीहरू त रक्तदान गरेर आफ्नो बाटो लागिहाले । जोरपाटीका साथीहरूको यस प्रकारको सामाजिक निस्वार्थपनमा ओतप्रोत हुँदै म भने रगतका पोका बोक्दै अस्पतालको माथिल्लो तला जान भऱ्याङ चढ्न थाले । कतिपय साथीहरूले यो घटना बिर्सी पनि सके होलान् तर मेरा निमित्त त्यो मेरो पिताजीको जीवनमरणको समयमा मेरो आवश्यकता बुझेर कुनै स्वार्थबिना यसरी रक्तदान गर्ने साथीहरूको त्यो निस्वार्थीपन कहिल्यै नमेटिने छाप मेरो हृदयको कुनामा गढेर बसेको छ । यसरी जोरपाटीसँग मेरो रगतको पनि नाता बन्न गएको छ भन्दा फरक पर्दैन ।

**र अन्त्यमा,**

वि.सं. २०३३-३४ सालदेखिका जोरपाटीका साथीहरूमा गोपाल बराल नेपाली साहित्य, शिक्षा र नेपालको केन्द्रीय वामपन्थी राजनीतिमा स्थापित छन् । वसन्त रिजाल एक स्थापित साहित्यकर्मी, साहित्य प्रवर्द्धनकर्ता र समाजसेवीका रूपमा शिखरमा छन् । विमल अर्याल पनि राजनीति, समाजसेवा र साहित्य लेखनमा स्थापित छन् । रमेशराज अर्याल विभिन्न बैंकको सीईओ भएर आज सेवा निवृत्त जीवनमा छन । उद्धव रायमाझी शिक्षा, प्राध्यापन र सामाज सेवाको क्षेत्रमा यो क्षेत्रकै नक्षत्रका रूपमा ज्वाजल्यमान छन् । उद्धव जोरपाटी मात्र होइन, जोरपाटी र यसका वरिपरि समग्र क्षेत्रका सबैको प्रिय छन्, आत्मीय छन् । उद्धव मेरा मात्र साथी रहेनन् अब, उनी त अब यो क्षेत्रकै आँखाको नानी; समाजसेवा र परोपकारको एक स्थायी बिम्ब बनिसकेका छन् । यसरी सबैको प्यारो हुन सक्ने क्षमता थोरै मानिसहरूमा हुन्छ । त्यो थोरै मान्छेमा मेरा मित्र/सम्बन्धी जे भने पनि हुने उद्धव रायमाझी भएको देख्दा मलाई भित्रभित्रै गर्वले छाती ढक्क फुल्दछ । यसैगरी, अरू साथीहरू कोमल लामिछाने, कुमार सुवेदी, निर्मल अर्याल, भृगु ढुङ्गाना, सुमन अर्याल, सुरेश अर्याल, मित्र जीवनसिंह भण्डारी (निस्वार्थ रूपमा सधैं सहयोग गर्न तत्पर रहने मित्र) लगायतको निरन्तरको स्नेह र सदभावको निमित्त मैले जति नै भने पनि कम हुन्छ । यहाँ नाम उल्लेख भएका नभएका जोरपाटीका सबै मित्रहरूप्रति म ऋणी छु, नतमस्तक छु र सदैव रहिरहने छु ।

म आफ्नो सेवानिवृत्त जीवनमा धेरैजसो समय जोरपाटीकै सेरोफेरोमा व्यस्त रहेको देखेर कतिपय मानिसहरू छक्क पर्छन् । उनीहरूलाई के थाहा जोरपाटीसँगको मेरो अन्तरङ्ग सम्बन्ध अनि मेरो जिन्दगीका यी अनुद्घाटित संयोग र प्रसङ्गहरू ! म यस क्षेत्रका साहित्यिक/सामाजिक सङ्घ संस्थाहरू जस्तै रमेश विकल साहित्य प्रतिष्ठान, भैरव पुरस्कार गुठी, अभिनव साहित्य समाज, सुरभि साहित्य प्रतिष्ठान, मासिक १०० अभियान, अभिनव प्रभा, कल्पतरु प्रज्ञा प्रतिष्ठानजस्ता विभिन्न संस्थाहरूसँग आबद्ध भएर आफूले सक्दो साहित्यिक/सामाजिक पक्षमा केही थोरै भए पनि होस्टेमा हैंसे थप्ने प्रयास गर्दै छु । जोरपाटीमा केही महिना अघि डा. सुवास प्याकुरेल, उद्धव रायमाझीलगायतका साथीहरूले सुरु गरेको छलफल र विचार विमर्शको कार्यक्रम ' चिन्तन चौतारी'को नियमित सहभागी बनेको छु । यी सबै संस्थाहरूका कार्यक्रमहरू मेरा निमित्त प्रिय छन् । हिजो 'काँठ' भनेर सबैबाट हेपिएको, दबिएको, दपेटिएको जोरपाटी र यसका सेरोफेरो आज रमेश विकल, भैरव अर्याल, डा. नवराज चालिसे, कञ्चन पुडासैनी, बद्री अर्याल, ई. सुरेश पुडासैनी, रमा शर्मा,

# गीत



✍ **लीलाराज दाहाल**

बर्खा मास बाढी पस्यो रुनु पर्‍यो मैले
आँसु झारी मनका व्यथा धुनु पर्‍यो मैले !

पल्लो गाउँमा के के भयो केही थाहा छैन
कता बाढी कता पहिरो बुझ्न पाको छैन
खडेरीले बाली मर्छ, खोलो पस्छ कैले
आँसु झारी मनका व्यथा धुनु पर्‍यो मैले !
बर्खामास .......

फेरिएर जलवायु हिउँ गल्न थाल्यो
अति भई प्रकृति यो ताती बल्न थाल्यो
विनाश गरे वनजङ्गल, फोहोर बढ्यो जैले
आँसु झारी मनका व्यथा धुनु पर्‍यो मैले !
बर्खामास .......

*– वागमती ११, कर्मैया, सर्लाही*

विजय चालिसे, नारायण ढकाल आदि जस्ता अनेकौं साहित्यिक/सामाजिक हस्तीहरूको सक्रिय स्थल बनेकाले यो क्षेत्रलाई नै एक गौरवमय साहित्यिक सांस्कृतिक धामका रूपमा परिणत गरिदिएको छ । म पनि यो क्षेत्रसँग अहिले पनि सानै रूपमा नै होस् कुनै न कुनै रूपमा आबद्व रहेको छु भन्न पाउँदा गौरवान्वित छु । यो भन्न मलाइ कुनै धक लाग्दैन करिब-करिब एक दशकको मेरो जोरपाटीसँगको मेरो विगतको सङ्गतले मलाई धेरै-धेरै सिकाएको छ, सघाएको छ, उत्प्रेरित गरेको छ, जीवनमा कुनै लक्ष्य प्राप्त गर्नु छ भने निरन्तर लागिरहन र असफलताबाट पाठ सिक्ने बाटो देखाएको छ । अर्ध मिहेनत गरेर अर्थात् पचास प्रतिशत मिहेनत गरेर पूर्ण वा शत प्रतिशत लक्ष्य (परिणाम) प्राप्त गर्न सकिँदैन भन्ने जीवनको एक महत्त्वपूर्ण पाठ पनि मैले जोरपाटीबाट नै सिकेको हुँ । यस्तो जोरपाटीप्रति म सधैं नतमस्तक रहने छु ।

मैले जोरपाटीको स्मृतिमा लेखेको 'ऊ मेरो मनमुटुमा हरदम बाँचिरहन्छ !' शीर्षकको कविता प्रस्तुत गर्दै यो लेख यही टुग्याउँछुः

*ऊ लिन पटक्कै जान्दैन,*
*दिन मात्र जान्दछ;*
*खुसी हुन्छ अरूको खुसीमा,*
*आफ्नो खुसीको वास्ता गर्दैन ॥*
*आफ्नो हाँसो देख्छ ऊ,*
*अरूको ओठको हाँसोमा;*
*सयौं गुणा बाँचेको मान्छ ऊ,*
*अरू निर्धक्क बाँच्नुमा ॥*

*जोर बनेर बस्दछ सधैं,*
*आफ्नो नाम जस्तै भएर ऊ;*
*छुटिएकालाई पनि भेटाउँछ,*
*बस्दैन टुटेर फुटेर ऊ ॥*

*पीडा मान्दछ बेसहारा,*
*असहायको पीडा पनि आफ्नै;*
*ओत लाग्ने छत दिन्छ,*
*विदेशीलाई पनि आफन्त ठान्दै ॥*

*मेरा धमनीहरूमा बाँचिरहेछ ऊ,*
*म उसको हर श्वासमा बाँचिरहेछु;*
*मेरो मन मुटुमा हरदम बाँचिरहन्छ ऊ,*
*म उसमा निर्धक्क बाँचिरहन्छु ॥* ■■

कविता

# श्रावणको दिव्य अनुगान



✍ **सीता पाण्डे**

श्रावणको भिजेको बिहान
आकाशको ओठमा
टप्केका थोपाहरू
त्यस्तै लाग्छन्
शिवको जटाबाट
बग्दै गरेको
अमर गङ्गा
धरतीको गर्भमा
निदाएको हरियाली
पानीको श्लोक
सुनेर जाग्छ
माटोको प्रत्येक कण
जस्तो लाग्छ
महादेवका नामको
एक जपमाला,
नमन गर्दै ।
कुराहरू मौन छन्,
तर श्रावणको
हावाले फुसफुस्याउँछ
'जीवनको पीडा पोख्न
हजुरको मन्दिरमा
आइरहनुहोस्,
यहाँ थाकेका
आत्माहरूलाई
पुनर्जन्म मिल्छ।'
हरियो चुरा टल्किन्छन्,
स्त्रीहरूको मनमा
लुकेका अर्घ्याहरू
पानीसँग मिसिएर
अर्पित हुन्छन्,
शिवको कपोलमा
झरेको प्रत्येक थोपा
एक शान्तिको बीज
जस्तो अङ्कुरिन्छ।
ओ श्रावण !
तिमी त केवल
ऋतु होइनौ
तिमी त
सृष्टिको अन्तर्मनमा
पसलिएको श्रद्धाको
महासागर हौ
जहाँ वर्षाको
हरेक लय
एक पुराणको गहिरो
श्लोकमा बदलिन्छ
संसारका थाकेका
आत्माहरूलाई
तिमीले सुनाउँछौ
'यो जीवन केवल
सहनशक्तिको
परीक्षण होइन,
यो त श्रद्धाको
पुनर्जन्म हो ।'
श्रावण !
तिमीले ढाकिदिन्छौ
सुख-दुखका
सम्पूर्ण पदचिह्नहरू,
र छोडिदिन्छौ केवल
एक उज्यालो धुन
शान्ति, श्रद्धा,
प्रेम, र अनन्तताको ।

कविता

# डराउने त होइन ?



✍ **रवीन्द्र आशिष शैली**

ससाना विद्यार्थीहरू
पाठशाला बोकेर छातीमा
सधैं निदाउँछ
गृहकार्यको भारी मिलाएर,
अनि भोलिपल्ट
एकाबिहानै
आँखा मिच्दै
सँगसँगै हिंड्छ
आफूलाई होचो देखाउने
झोलाहरूको लस्कर लिएर
मानौं उनीहरू
हतियार बोकेर
लडाइँमा जाँदै छ
यो दृश्य देखेर
कहिलेकाहीं लाग्छ
अहिले
यी किताबको भारी बोकाएर
भोलि यिनीहरू
ठूलो भएपछि
देशको भारी बोक्न
डराउने त होइनन् !

*बनेपा, हाल:-कोटेश्वर,काठमाडौं*

# महेश प्रसाईंसँग कुराकानी



नेपाली लघुकथा सर्जकहरूसँग भेटघाट, वार्ता र लघुकथा केन्द्रित संवादका माध्यमद्वारा लघुकथाको उन्नयनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रारम्भ गरिएको लघुकथा अभ्यास 'विलोम'को आठौँ अभ्यास २०८१ चैत २६ गते सम्पन्न भयो । यसपटकको भेटघाट आख्यानकार एवं कवि महेश प्रसाईंसँग भएको हो ।

लघुकथा केन्द्रित कुराकानी गर्ने क्रममा यस अभ्यासअन्तर्गत स्रष्टा प्रसाईंसँग झन्डै तीन घण्टा नेपाली लघुकथाको विगत, वर्तमान र भविष्य तथा अन्य विविध विषयमा समेत छलफल गरियो ।

यसपटकको अभ्यासमा श्री प्रसाईंसँग लघुकथाका हकमा लघुकथा के हो र कस्तो हुनुपर्छ, लघुकथा लेखनको विगत र वर्तमान एवं लघुकथा लेखनमा देखापरेका पछिल्ला प्रवृत्ति तथा लेखनको धार, लघुकथाले समेटेका विषय, लघुकथाको स्तरीयता तथा लघुकथाको भविष्यसमेत लघुकथाका विविध विषय र उनको लेखनका बारेमा समेत विस्तृत कुराकानी भएको थियो । सो कुराकानीको केही अंश यहाँ प्रस्तुत गरिएको छः-

**को हुन् महेश प्रसाईं ?**

महेश प्रसाईं नेपाली साहित्यका विशिष्ट एवं बहुमुखी प्रतिभा हुन् । उनी आफ्ना कर्म र कृतिका माध्यमद्वारा नेपाली भाषा र साहित्यमा रुचि राख्ने जो कसैसँग पनि सुपरिचित छन् र उनका बारेमा लामो परिचयको आवश्यकता छैन । तथापि केही जानकारी दिनु उचित हुने भएकाले यहाँ 'नेपाली लघुकथाका कुमुद महेश प्रसाईं' शीर्षक देहायका पङ्तिहरू उद्धृत गरिएको छ जहाँ उनको लघुकथाकार व्यक्तित्वको सङ्क्षिप्त सम्पूर्ण परिचय रहेको छ ।

'आधुनिक नेपाली कथापरम्पराको नवचेतनाको युग (सं. २०२०-३९) मा कथाकार महेश प्रसाईं (सं. २०१३) देखापरेका हुन् । उनको पहिलो कथा हो उपहार (सं. २०२९) जुन झलक सामयिक सङ्कलनमा प्रकाशित भएको थियो । एमबीए तथा बीएल उपाधि प्राप्त गरेका उनको अभिरुचि साहित्यिक पत्रकारिता एवम् सम्पादन कार्यमा पनि रहेको देखिन्छ । प्राध्यापनका साथै पत्रकारिता पेसासँग सम्बद्ध उनी प्रतिभा पुरस्कार (सं २०४२), राष्ट्रिय युवावर्ष मोती पुरस्कार (सं २०५१), कामेश्वर पोद्दार स्मृति सम्मान, भारत (सं. २०५९), राष्ट्रिय प्रतिभा पुरस्कार (सं. २०५५), धरणी सम्मान (सं. २०५५) व्यथित काव्य पुरस्कार (सं. २०५७ आदिद्वारा सम्मानित भइसकेका छन् । .....महेश प्रसाईं विसङ्गतिबोधलाई आख्यानीकरण गर्ने संवेदनशील कथा स्रष्टा हुन् । युगीन चेतना भएका कथाकार महेश प्रसाईंले समसामयिक सामाजिक तथा राजनीतिक दृश्यपटमा देखिएका विकृतिहरूलाई आफ्ना लघुकथाहरूमा उतारेका छन् । निष्कर्षमा के भन्न सकिन्छ भने महेश प्रसाईंले विसङ्गतिबोधलाई विभिन्न सन्दर्भमा प्रस्तुत गरी विडम्बनाग्रस्त मान्छेको नियतिको यथार्थ चित्रण गरेका छन् । उनले समसामयिक युगको विकृतिलाई आख्यानको रूप प्रदान गरेका छन् ।'

('नेपाली लघुकथा र कथाकारहरू'बाट)

कृतिका हकमा उनका लघुकथासङ्ग्रहहरू

फूलैफूलका आलापहरू (२०६८), अतिरिक्त स्वरहरू (२०७५) र एउटा कथाको पुनर्जन्म (२०७७) र कुमुदाग्नि (२०७९) प्रकाशित छन् । उनका कवितालगायत अन्य विधाका कृति पनि प्रकाशित र चर्चित छन् । महेश समीक्षा लेख्छन्, उनका लघुकथा उस्तै चोटिला छन् ।

प्रसाईंको आफ्नै शैली छ कवितामा भन्दा फरक पर्दैन । शीर्षक चयनमा अनौठोपन र शब्द चयनमा आफ्नोपन कवि प्रसाईंको पहिचान हो । उनका शीर्षकहरू चित्रात्मक, ध्वन्यात्मक र अमूर्त हुन्छन् भन्ने समालोचकहरूको धारणा छ । शीर्षक आकर्षक भएकै कारण शीर्षकले नै कविताप्रतिको आकर्षण बढाउँछ । शब्द चयनमा अत्यन्त सजग छन् । प्रभावशाली शब्दहरूको प्रयोग गर्छन् । प्रसाईं भन्छन् 'साहित्य सजिलो छैन, बडो गाह्रो छ तर अचेल मान्छेहरूले सजिलो ठानेका देख्छु ।' उनलाई भाषाको अत्यन्त माया गर्छन् । वर्तमानमा पत्रपत्रिकाको भाषा, सञ्चार माध्यमको भाषा र साहित्यिक भनिने पत्रिकाहरूकै भाषाको बिजोक देखेर दुःखी छन् प्रसाईं ।

साधना, कल्पनाशक्ति, अनुभूतिको तीव्रता र समाजलाई विषयसँग संयोजन गर्ने क्षमताले साहित्य सिर्जना गर्दछ । महेश प्रसाईं यी सबैमा निपुण छन् ।

उनै महेश प्रसाईंसँग विलोम वार्ताको केही अंशः

*१. साहित्यमा कसरी प्रवेश गर्नुभयो ?*

- म भारतको मणिपुरमा जन्मिएँ । मेरो बाल्यकाल अधिकांश मामाघरमा बित्यो । मेरो मावली हजुरबा महानन्द सापकोटा प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो । मावलीघरमा साहित्य, राजनीति, संस्कार-संस्कृति विषयमा सत्सङ्गहरू भइरहन्थे । यसले मेरो हुर्कंदो बालमस्तिष्कमा राम्रो प्रभाव पारिरहेकै थियो । पछि मेरो कलेज जीवनको सुरुवाती समयमा नै अशेष मल्ल, विष्णुविभू घिमिरे, प्रमोद प्रधानलगायत थुप्रै साथीहरूसँगको सङ्गतले मेरो साहित्यिक रुचि मात्र बढेन लेखनले नै गति लियो ।

*२. लघुकथा लेखनमा चाहिँ कसरी रुचि बढ्यो नि ?*

- महेन्द्र मोरङ क्याम्पस विराटनगरमा पढ्दा विद्यार्थी साथीहरू मिलेर 'युवा साहित्य परिषद' गठन गऱ्यौं । यस समूहमा रहेर आआफ्ना सृजनाहरू सुन्ने सुनाउने गर्न थाल्यौं । यसै समयमा भारतबाट 'सारिका' पत्रिकाको प्रकाशन हुन्थ्यो जहाँ लघुरचना यथेष्ट प्रकाशित हुन्थे । हामीलाई त्यसले मज्जाले छोयो । त्यसैको प्रभावबाट लघुरचनाहरू रचियो । त्यसैताका भारतीय भूभागमा साहित्यमा छायावादीहरू जुर्मुराइरहेका थिए । हाम्रो लेखनमा तिनको पनि प्रभाव राम्रो रह्यो । वास्तवमा थाहा नपाउँदो किसिमबाट नै हामी लघुकथा तर्फ डोरियौं ।

*३. युवा साहित्य परिवारबाट तपाईहरू के के गर्नुभयो ?*

- सृजनशील युवाहरूको साझा थलोको रूपमा १७ जना युवा साथीहरूबाट हामीले युवा साहित्य परिवार स्थापना गऱ्यौं । यसले सामूहिक रचनावाचन र समीक्षा गर्ने कार्यक्रमको सुरुवात गऱ्यो । पछि यसै समूहबाट हामीले प्रयोग नामक रचनाहरूको संयुक्त सङ्कलन पनि प्रकाशित गऱ्यौं, जसअन्तर्गत कविता र लघुकथाका दुई छुट्टाछुटटै अङ्क प्रकाशित भए ।

*४. भनिदिनोस् न 'रेच्की गल्प' के हो ?*

- रेच्की गल्प संस्कृत र बङ्गाली शब्दको मेल हो । यसले लघुकथा भन्ने नै बुझाउँछ । भाषासेवी बालकृष्ण पोखरेलले हामीले प्रकाशन गरेको प्रयोगको संयुक्त लघुकथाअङ्कलाई रेच्की गल्प नामकरण गरी भूमिका लेखिदिनुभयो । मैले करिब ४० वर्ष जति 'रेच्की गल्प'कै नामबाट लघुकथाहरू लेखें ।

*५. तपाईंका लघुकथा किन पढ्ने ?*

- म लघुकथामा सीमित पात्रको छनोट गर्दछु । सूक्ष्म अनुभूतिहरूलाई खेलाउँछु । स्वैरकल्पनालाई जीवन्तता दिन्छु । लघुकथामा प्रतीक र विम्बहरू सजाउँदै सौन्दर्य चेतसहित रहस्यबाट पाठकलाई सन्देश पनि दिन्छु । म शब्दको सीमाभन्दा पनि भाव पक्ष र रहस्य, कौतूहल तथा रोमाञ्चकतालाई ध्यान दिन्छु । यिनै कुराहरू पाठकहरू खोजिरहेका छन् । तसर्थ पाठकहरू मेरा लघुकथा पढ्न रुचाउँछन् ।

*६. लघुकथामा के कस्ता तत्त्वहरू हुनु आवश्यक हुन्छ ?*

- लघुकथामा अनुभूति, स्वैरकल्पना, दार्शनिक चेत, विम्ब र प्रतीकजस्ता कुराहरू हुनु अत्यन्तै आवश्यक छ । यी कुराहरूको आभास लघुकथामा देखिएन भने त्यो मात्र एउटा रिपोर्ट बन्छ ।

*७. पछिल्ला समय लेखिएका लघुकथाहरू अवश्य नै पढिरहनु भएको छ, आजका लघुकथा कस्ता लाग्छन् ?*

- लघुकथाको विकासका लागि सामाजिक सञ्जालमा पेजहरू खोलिएका छन्, विभिन्न संस्था र समूहहरू छन् । तिनीहरूले लघुकथाको उन्नयनका लागि काम गरिरहेका नै देखिन्छ । तर सामाजिक सञ्जालमा

बालगीत

# मनकामना जाने हो



✍ **विनोद अधिकारी**

आज राति देखेको कति राम्रो सपनी
मनकामना गएको केबुलकारमा म पनि
तारतारै कुँदेको कति राम्रो झलुङ्गो
दङ्गै परे खुसीले मन थियो हलुङ्गो ॥ १ ॥

उत्तिखेरै ब्युझिएँ नरमाइलो भयो झन् ।
कैले पुगूँ भ'को छ गैरहन्छ त्यतै मन् ।
आमा ! एक्दिन बिदामा मनकामना जाने हो
बैनीलाई र बाबालाई हामीसँगै लाने हो ॥ २ ॥

फूल, माला चढाई पूजा पनि गर्छु म
आशिष लिई देवीको ज्ञानको ज्योति छर्छु म ।
केबलकारमा मानिसको सधैं लाम-लहर ।
मनकामना पुऱ्याइदेऊ मेरो मन्को रहर ॥ ३ ॥

*टोखा १०,काठमाडौं*

पोस्ट गरिएका अधिकांश लघुकथाहरू सामान्य विषयमाथि लेखिएका वर्णनात्मक लघुकथाहरू छन् । पत्रपत्रिकाहरूमा पनि वर्णनात्मक लघुकथाको प्रवाह वढी छ वा भनौं गुणात्मकताको अभाव छ । तपाईंहरूले 'विलोम' शैलीमा लघुकथा लेखिरहनुभएको छ । यसले नेपाली लघुकथालाई केही हदसम्म चलायमान गर्दै फरक स्वाद दिने प्रयास गरिरहेको छ ।

*८. लघुकथाको भविष्य ?*

– अबको लघुकथा समाज सापेक्ष, जीवन सापेक्ष, विश्वपरिवेश अनुसारका आउने छन्, आउनुपर्छ । मानव संस्कृति, मनुष्यका भोगाइ आदि आउने छन् । हामी एआई युगमा छौँ, यसले मानवीय संवेदनालाई नै समाप्त गर्छ भनिन्छ, तर त्यसभित्र पनि त केही आउला नि ? यसैले म त अत्यन्तै आशावादी छु । हाम्रो हकमा, पढ्ने बानी हराउनु दुर्भाग्यपूर्ण छ । अग्रजका सिर्जना पढ्ने र प्रभावकारी विषयवस्तु तथा प्रभावशाली प्रस्तुति भएमा लघुकथाको भविष्य सुन्दर हुने छ ।

*९. विलोम प्रतिको यहाँको धारणा ?*

– लघुकथा भनेर जे लेखिँदै छ त्यो सङ्ख्यात्मक रूपमा निकै बढे पनि गुणात्मकताका दृष्टिले सन्तोषजनक छैन । मैले यहाँहरूको चासो यही नै हो भन्ने बुझेको छु । यसको संरचना, शैली र सन्देशमा नयाँपन ल्याउनुपर्छ भन्ने जुन प्रयत्न यहाँहरूबाट भएको छ र यसैका लागि यो एकप्रकारको अभियान प्रारम्भ गर्नुभएको छ त्यो अत्यन्त राम्रो छ । स्तरीय लेखनका लागि, साहित्यिक लेखनका लागि प्रेरित गर्नुपर्छ, कुनै पनि सर्जकले सामान्य भन्दा भिन्न र कालजयी रचनाको प्रयत्न गर्नुपर्छ, यसका लागि हतार होइन धैर्यता आवश्यक हुन्छ । अभ्यास र अध्ययन हुनुपर्छ । अनिमात्र सिर्जना आहा ! भन्न सकिने खालको हुन्छ ।

*१०. विलोमलाई केही सुझाव दिनुहुन्छ कि ?*

– राम्रो अभ्यासको थालनी गर्नुभएको छ, यहाँहरूलाई शुभकामना । यस्ता प्रयास हुने र बिचैमा टुट्ने गरेका उदाहरण पनि प्रशस्त छन्, त्यसको हेक्का राख्नुहोला । तपाईंहरू आफैंमा सक्रिय स्रष्टा हुनुहुन्छ, साहित्यको मर्म बुझ्नुभएको छ । यसरी साहित्य लेखन र खासगरी लघुकथालाई नयाँ ढङ्गमा अघि बढाउन लागिरहनुभएको छ, यसै क्रममा मलाई खोज्दै यहाँसम्म आइपुग्नुभयो यसमा म अत्यन्त खुसी र यहाँहरूप्रति आभारी छु । धन्यवाद !

*(विलोम अभ्यासबारे : नेपाली लघुकथा सर्जकहरूसँग भेटघाट, वार्ता र संवादका माध्यमद्वारा लघुकथाको उन्नयनमा सहयोग पुऱ्याउनु विलोम अभ्यासको उद्देश्य हो । लघुकथाको ऐतिहासिकता उन्खनन एवं लघुकथाको बढ्दो लोकप्रियतालाई दृष्टिगत गर्दै यसको स्तरीयता कायम राख्नका लागि यस किसिमको अभ्यासबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ । ' विलोम' नामक यस अभ्यासअन्तर्गत पहिलो अभ्यास २०७९ फागुन ३ गते गरिएको थियो । )* ■■



## चिल्लो पात



✍ **युगलनारायण पन्त**

### कल्पतरू

कल्पनामा फुल्ने एक अद्भुत रूख
जहाँ पुग्छ मन, मिल्छ त्यहाँ सुख
इच्छाको भारी बोकेर मनमा सधैं
दिन्छ आशिष – चुपचाप, बिना गुनासो ।

दुःखको सपना, आशाको स्वर,
निर्दोष मुनको हुन्छ जहाँ घर
न धनको लालच, नामको, लोभ
मायाको भेटिन्छ त्यहाँ नित्यको डोब ।

एक पात झरेको छ एउटा रहर,
फूल फुलेको छ दिंदै मिठो उत्तर
बाँड्छे अरूका लागि भाषा र भेष
यो हो एउटा उपहार प्रेमको सन्देश ।

कल्पतरू तिमी भाव दिव्यभावको
बास हौ आत्माको शुद्ध प्रभावको ।

*कक्षाः ८, लर्डस् लाइट एकेडेमी, गोकर्णेश्वर ६*

✍ **सेविका पराजुली**

सौन्दर्यले भरिएको मातृभूमिको काख
सबै मिली यो देशमा मातृ विविधता राख ।

पिपलु छायामुनि नेपाललाई सजाउँछ
यहीं जन्मी, यहीं हुर्की, सधैं यही रमाउँछ ।

नेपालको मुहार हेर्न लाग्छ पर्यटकको मेला
वैरीले खेलेको हेर न देश नै लैजाने खेल ।

लालीगुराँस वनैभरि डाँफे-मुनाल हिमालमा
रमाउँछन् सबै जाति मिलिजुली यसै नेपालमा ।

*कक्षा ८, सगरमाथा एजुकेसनकल ऐकेडेमी,*
*सरस्वतीनगर, काठमाडौं ।*

## मेरो विद्यालय



✍ **अञ्जु अधिकारी**

आहा कति राम्रो मेरो विद्यालय
यहीं छन् विद्यार्थी हजारौंमा सय
बिचमा चउर छ छेउमा फूलबारी
विद्यार्थी हक उपकारी
नमुना लायक विद्यालय मेरो
कति राम्रो यहाँको सेरोफेरो
शिक्षादीक्षा र बगैंचाले छर्छ सौरभ
मेरो विद्यालयलाई गर्छन् सबैले सगौरव

विद्यालयमा गुरूले दिनुभयो नयाँ नयाँ ज्ञान
पढाइमा जानुपर्छ हामी सबैको ध्यान
शिक्षाको सुगन्धले भरीएको खानी
हजारौंमा एक मेरो विद्यालय रानी
अगाडि बाटो अनि बारले घेरिएको
विद्यार्थीहरू ज्ञानले भरिएको ।

*नीलकण्ठ – ३, धादिङ*

# आदिकवि सम्झना



✍ दीनानाथ पोखेल

भानुभक्त कविका कविताामा ।
रामभक्ति रस भर्छ गलामा ॥
वाक् कला मधुरता लय घोली ।
सारपूर्ण नव बग्दछ खोली ॥

काव्यका लहर शान्त र स्निग्ध ।
खुल्दछन् कृत कला सुपवित्र ॥
भानुभक्त कविको गर मान ।
लेख छन्द रसको पथ छान ॥

काव्यको रस भरी दिल फोऊ ।
चेतका असजिला सब धोऊ ॥
खुल्छ सुन्दर सफा अनि विश्व ।
त्याग गर्न नभुलौं दिल ह्रस्व ॥

काव्यपान दिलमा रस भर्छ ।
ज्ञानले ढुलमुले कस हर्छ ॥
रामभक्ति रसले मन धुन्छ ।
उच्चता हित चिनी पथ चुन्छ ॥

काव्य पाठ म गरूँ कृत छान्न ।
योग्य मानवकला हित जान्न ॥
दुष्टतापन डरी पर भाग्छ।
इष्ट भाव बटुली गुण जाग्छ ॥

काव्य पान दिलको मल धुन्छ ।
कृत्य कर्म हितको पथ गुन्छ ॥
रामका गुण कला सब पढ्न ।
पस्कियौ मृदु कला गुण जोड्न ॥

भक्ति मार्ग हित छान्न सिकायौ ।
वाक् कला मृदु उकास्न लगायौ ॥
विश्वबन्धु मन भाव जगायौ ।
लेख्न सक्षम हुने कृति प्यायौ ॥

*सुम्बेक, इलाम नगरपालिका - २, इलाम*

# चाहना



✍ सुधा बाँस्कोटा ढकाल

ऊर्जा बढ्दै ज्ञानमा चित्त लागोस्
पढ्दा लेख्दा चेतना नित्य जागोस्
बुझ्दै जाँदा जिन्दगी पाठशाला
पाएका छौं मानवी दिव्य चोला ॥ १ ॥
नौला नौला ज्ञानमा पौडिएर
उक्लूँ उम्दा सिर्जना दौडिएर
शैली रोजौं भावगङ्गा बहाई
पोखौं सारा काव्य धारा बहाई ॥ २ ॥
सिक्ने बुझ्ने यो थलो जिन्दगानी
बन्दै जाऔं उच्चताको कहानी
सारा भागून् दर्द पीडा नजाती
टाढा फालौं कष्ट जम्मै लखेटी ॥ ३ ॥

हामी जागे चेतको दीप बल्छ
आत्माभित्रै दिव्यताले नियाल्छ
फालौं जम्मै दम्भ कालो तुवाँलो
बालौं हामी चेतनाको दियालो ॥ ४ ॥
जागोस् साँचो कर्मको धेर भाव
होओस् गाढा मित्रताको प्रभाव
नौला नौला ज्ञानमा डुब्न पाऊँ
ज्यादै उम्दा सिर्जनामा रमाऊँ ॥ ५ ॥

*काठमाडौं ।*

कथा

# राहुको रथ



✍ **प्रमोद प्याकुरेल**

सहायक सडकलाई पनि छोडेर साँघुरिएको भित्री गल्लीमा पर्छ मेरो घर । गल्ली साँघुरो भएकै कारणले बटुवाहरू खासै त्यताबाट हिँड्दैनन् । तर त्यस दिन म जागिरबाट घर फर्कंदा केही नौला मान्छे मेरो टोलबाट फर्किरहेका थिए । तीमध्ये केहीसँग आँखा जुधे ।

अझ अगाडि बढेपछि मेरो घरका सामुन्ने अघिल्तिरको घरअगाडि केही मान्छे जम्मा भएका देखें । तीमध्ये केहीले कपाल खौरिएका थिए । साँघुरो गल्लीको आमनेसामने भएकाले ती मान्छेहरूबाट मेरो घर छिर्ने बाटो छेकिएको थियो । प्रायः अनुहार परिचित नै थिए । केही अपरिचित पनि थिए ।

"मऱ्योजस्तो छ !" मनको शङ्काले मेरो तनलाई छिमेकतिर डोऱ्यायो । नजिकै पुगेर माहोल हेरेपछि पक्का भयो, हो रहेछ । दलखम्बे मरेछ । जलाएर भर्खर फर्किएका रहेछन् ।

दलखम्बे केही वर्ष अघिबाट थला परेको थियो । घरको धुरीमा उम्रिएको पिपल जसरी क्यान्सरका कोषिकाहरू दलखम्बेको शरीरभित्र मौलाइरहेका थिए । औषधी विज्ञानले हात उठाइसकेको थियो । ऊ आफ्नै जीवनको भारीले थिचिएको थियो । स्याहार्नेहरू पनि झिँजिन थालिसकेका थिए । न स्याहार्नेलाई जाँगर थियो न त बाँच्नेलाई रहर । आज मरेछ । लामो समय दुःख पाएन । राम्रै भयो ।

उसको घरभित्र हेरें । छिँडीको एउटा कुनामा कोरा लगाएर नीरव बसेको रहेछ । हाम्रा आँखा चार भए । "लौ ! कतिखेर ? थाहै पो भएन", मेरो मुखबाट निस्कियो ।

"अघि ब्यान, एघार बजे", एक अपरिचितले भने । मेरो ध्यान उनीतर्फ खिचियो । हातमा पुस्तक समातेका थिए, 'अथः अन्त्यपद्धति' । "पुरेतजस्तो छ"" मनमनै लख काट्दै घर फर्किएँ ।

०००

घरभित्र छिर्दाछिर्दै दीपाले भनी, "था पाइस्यो ? दलखम्बे मऱ्यो नि !"

"अँ, था पाएँ ! भर्खर पसेर आएको ।"

"उत्तीखेरै फोन गरेर सुनाइदिऊँ कि जस्तो लाग्या थ्यो । 'घाटमा जाने होइन होला त । होस् !' भनेर सुनाइनँ । ... कस्तो राम्रो दिनाँ मऱ्यो, हरिशयनी एकादशी । हरिसँगै सुत्यो । सिधै बैकुण्ठ जालाजस्तो छ", दीपा मज्जाले हाँसी ।

म केही बोलिनँ । दीपा खाजा ठिक पार्न थाली । म लुगा फेर्न थालेँ ।

हो ! दीपाले भनेकी ठिकै हो । बेलैमा जानकारी भएको भए पनि सायद म घाटमा जाने थिइनँ होला । न जान्थेँ कि पनि ? थाहा छैन । मेरो स्वभावै त्यस्तै छ, अपरिपक्व ।

हुन त नीरव पनि मेरो बाको मलामी गएको थिएन । न त मेरो बिहेमा जन्ती नै गएको थियो । हामी एकअर्काका न जन्ती हौं, न त मलामी । मात्र छिमेकी हौं । निरस छिमेकी ।

छिमेकमै जन्मिएर पनि आजसम्म नीरवको पाइला मेरो घरभित्र परेको छैन । म भने उसको घरभित्र केही पटक पसेको छु । केही पटक कामै परेर, केही पटक काम नपरी आमाबाको आँखा छलेर ।

नीरव र म केटाकेटी उमेरदेखि सँगै पढेका साथी हौं । तर साथीको साथ घरबाहिर मात्र सीमित छ । मित्रता स्वच्छन्द छैन । केही सीमाहरू छन् । मलाई सानैदेखि पढाइएको छ, "यिनीहरूसँग एउटा दूरीमा बसेर मात्र सङ्गत गर्नुपर्छ ।"

त्यही दूरीभित्रै पर्छ कहिलेकाहीँको लुकीछिपी खाने र पिउने, तर घरबाट अलि टाढा, कुनै कान नभएका चार भित्ताभित्र थुनिएर मात्र ।

०००

दलखम्बे बसेको घडेरी मेरा हजुरबाले कुनै

उच्चपदस्थ व्यक्तिलाई बेच्नु भएको रे । थोरै, पैसाको आवश्यकताले । त्योभन्दा धेरै, ठूलो रूखको ओत पाउने आशामा । तर पछि ती उच्चपदस्थ दलखम्बेलाई घर बेचेर हिँडेछन् । त्यही घटनाले हजुरबालाई आफ्नो जीवन पूरै खल्लो महसुस गराएछ ।

दलखम्बे विदेश पठाउनका लागि धातुका भाँडाकुँडा बनाउँथ्यो । साह्रै मिहेनती थियो । उसले आफ्नै छिँडीमा ज्यासल थापेको थियो । आधा रातसम्म पाखुरा बजार्थ्यो । बिहान पनि उषाकालमै परिश्रम रोप्न बस्थ्यो ।

मैले सम्झन सक्ने उमेरदेखि नै बिहान निद्राबाट बिउँझदा दलखम्बेको ज्यासलबाट आएको 'ट्याकट्याक ! ट्याकट्याक !' पहिलो आवाजको रूपमा मेरो कानमा ठोकिन्थ्यो । निकै बेरपछि त्यही आवाजसँग मिसिएर हजुरबाले बजाउनुभएको शङ्खघण्टको आवाज आएपछि म ओछ्यान छोड्थें । नत्र ढिलोसम्म सुतेको भनेर हजुरबाले गाली गर्नुहुन्थ्यो ।

राति सुत्ने बेला पनि दलखम्बेको सिपको लयबद्ध 'ट्याकट्याक ! ट्याकट्याक !' को तालमा निदाउथें । हजुरबा भने त्यही आवाजबाट झिँजिएर थक्थकी मान्दै बेलाबेला भन्नुहुन्थ्यो, "राहु ! आफू त भागिहाल्यो । त्यसका रथ भने पण्डितका दैलोमा ठड्याएर गयो । ... थुक्क बज्या ! सधैं ब्यानब्यानै शूद्रको दर्शन गर्न पर्ने गराइदिस् !"

फेरि सम्हालिएर भन्नुहुन्थ्यो, "हुन त मानव भएर मानवलाई नै हेलाँ गर्नु पनि अपराधै हो । यिनकै सिपले हाम्रो दैनिकी चल्या छ तर के गर्नु हामीले संस्कारै गलत पायौं । सिकाउनेले जस्तो सिकाए हामीले त्यस्तै गर्‍यौं ।"

हजुरबा अझै जोस्सिनु हुन्थ्यो र भन्नुहुन्थ्यो, "खासमा वास्तविक राहु त जयस्थिति मल्ल हो । पानी चल्ने नचल्ने भनेर जात छुट्याएर बज्ज्याले समाजलाई नै विखण्डित गराइद्यो । एउटै रगतका मान्छे कसैलाई ब्यासानमा राख्यो । कसैलाई पशुभन्दा तल्लो स्तरमा राख्यो । थुक्क अपराधी !"

मेरो उमेर अलि केटाकेटी नै थियो । एक दिन हजुरबाले सधैं पूजा गरिराखेको अण्डाकार शालिग्राम दिएर मलाई दलखम्बेकहाँ पठाउनुभयो । दलखम्बेले घर्राबाट चाँदीको जलहरी निकाल्यो । हेर्दाहेर्दै शालिग्रामलाई जलहरीको माथिल्लो भागमा जड्यो । तुरुन्तै आधारसहितको सुन्दर शिवलिङ्ग तयार भयो । अनि भन्यो, "खोइ, बुड्बाजेलाई बोलौनू त ।"

मैले बाहिर निस्केर हजुरबालाई बोलाएँ । मुखको सुपारी थुक्दै आउनुभयो । अनि दलखम्बेको ढोकामा उभिएर भन्नुभयो, "ठिक छ ! राम्रो बनाइछस् ।"

शिवलिङ्ग दिनुअघि दलखम्बेले सोध्यो, "ढोग्न मिल्च बाजे ? छोइ त हालें !"

"हुन्छ । ढोग् न !"

दलखम्बेले शिवलिङ्ग आफ्नो निधारमा छुवायो र मलाई दियो । घरभित्र छिर्नुअघि हजुरबाले मलगायत शिवलिङ्गमा सुनपानी छर्कंदै संस्कृतका केही श्लोक वाचन गर्नुभयो ।

हाम्रा त्यस्ता सानामसिना काम दलखम्बेले धेरै गर्‍यो । तर कहिल्यै ज्याला लिएन । पुण्य महसुस गर्दै आत्मरतिमा रमाएर बस्थ्यो ।

ooo

दलखम्बे अग्लो कदको थियो । सोरिएको गोरो अनुहार र कुहिरा आँखा थिए । तिलचामले कपाल सपक्क कोर्थ्यो । नाकछेउको काफल कोठीले उसको सौन्दर्य बढाएको थियो । दलखम्बेलाई देख्दा बेलाबेला कवि मनु मञ्जिलको 'दुस्मन' कविता सम्झन्थें । दलखम्बेको ठाउँमा आफूलाई उभ्याएर मनमै भन्थें, "ऊ मलाई फोहरजस्तै घृणा गर्छ । म उसलाई फूलजत्तिकै मन पराउँछु ।"

भनिसकें, मेरो परिवारको दलखम्बेसँग व्यक्तिगत दुस्मनी केही छैन । दुस्मनी छ त केवल संस्कार र जातीय अभिमानको । त्यो पनि एकतर्फी । दलखम्बेले मात्र होइन, उसको सिङ्गो परिवारले मेरो परिवारलाई आदर गर्छ । श्रद्धा पनि गर्छ । त्यसैले आजसम्म समाजले उनीहरूलाई उभ्याएको धरातल दलखम्बेको परिवारको कुनै पनि सदस्यले बिर्सिएन । मेरो परिवारको आस्थामा ठेस लाग्ने काम आजसम्म गरेन । मेरो जातीय समुदायले आफूलाई उसको समुदायभन्दा उँचो देख्छ । उनीहरूलाई छालाको थैलो लिएर सूर्यचन्द्रलाई छोप्न हिँडेको राहुझैं ठान्छ ।

मेरा हजुरबा बनारसमा पढेका हिन्दु धर्मशास्त्रका

ज्ञाता हुनुहुन्थ्यो । बुबाले पनि हजुरबाबाट शास्त्रको धेरथोर ज्ञान लिनुभएको थियो । त्यही परम्परालाई कायम राख्दै बुबाले मलाई शास्त्रीय अध्ययन गराउने प्रयास गर्नुभएको थियो । तर मेरो मुन्टो नकारात्मक दिशामा बटारियो । बुबाले दबाब भने दिनुभएन ।

दलखम्बेका बाबुआमाको तिथि मेरा हजुरबालाई कण्ठै थियो । तिथिको हप्तादश दिनअघि दलखम्बेका घरतिर फर्केर भन्नुहुन्थ्यो, "ए ! दलखम्बे ? बाउको श्राद्ध गर्छस् कि गर्दैनस् ?"

"गर्छु नि बाजे ! किन नगर्नु ?" दलखम्बेले अनुहार उज्यालो बनाउँदै भन्थ्यो । अनि हजुरबाले श्राद्धको मिति तोकिदिनुहुन्थ्यो । अलिअलि श्राद्धको विधि पनि बताइदिनुहुन्थ्यो । दलखम्बे चाख दिएर सुन्थ्यो र बिचबिचमा केही प्रश्न पनि गर्थ्यो ।

मलाई थाहा भएसम्म दलखम्बेको कुनै पुरोहित थिएन । हजुरबा सिकाइदिनु पनि हुन्थ्यो, "भए भानिज वा ज्वाइँलाई राखेर गर्लास् । नभए चेलीबेटी भए पनि हुन्छ । आफूले देखेसुनेसम्मको विधि र पाठ नछोडेस् । नजानेको छोड्दा दोष लाग्दैन ।"

त्यति सुन्न पाउँदा पनि दलखम्बे कृतज्ञ देखिन्थ्यो ।

एक दिन हाम्रो घरमा मैले नचिनेका पाहुना आएका थिए । लगभग हजुरबाकै उमेरका । उहाँहरू बाहिर बरन्डामा बसेर गफ गर्दै हुनुहुन्थ्यो ।

दलखम्बेका घरमा पनि छुट्टै चहलपहल थियो । दलखम्बे शरीरको तल्लो भागमा गम्छा मात्र बेरेर बाहिर निस्कियो । माथिल्लो भाग भने नाङ्गै थियो । पीताम्बर हो वा के हो एउटा पहेँलो धरोलाई जनैजसरी लगाएको थियो ।

"ओइ मोरा ! तेरो के हो त्यो ? जनै हो ?" पाहुनाले सोधे ।

"हो बाजे", दलखम्बेले हाँस्दै भन्यो ।

"अनि के अपसभ्य लाको त? सभ्य बन् !" पाहुनाले झोक्किएर भने ।

दलखम्बेले पनि डराएजस्तो गर्‍यो र सोध्यो, "त्यो भन्या के बाजे ?" पाहुना केही बोलेनन् । रिसाएजसरी बसे । हजुरबाले बताइदिनुभयो, "जनै सधैँ देब्रे काधाँ चैं अड्याउनपर्छ के ।"

"ए ! थाई थेन बाजे", दलखम्बेले तुरुन्तै आफूलाई सुधार्‍यो ।

"दलितलाई शास्त्र सिकाउँदै पनि के हिँड्नु ! देख्या कुरो बोल्न पनि मन लागिहाल्नी । गाह्रो छ", पाहुनाले भने । हजुरबा केही बोल्नुभएन । उहाँहरूको गफको प्रसङ्ग अन्तै मोडियो ।

एकैछिनमा दलखम्बे पिण्ड राखेको टपरी हातमा बोकेर निस्कियो । पाहुना कराइहाले, "कति छिटो सकिस्, ए बज्या ? पिण्ड बाट्दैमा श्राद्ध सकिन्छ ?"

"के गर्नु त बाजे ? जान्या त्यत्ति हो । सिकौनी कोई छैन", जवाफ दिँदै दलखम्बे पिण्ड सेलाउन गयो ।

"यसको त थुतुनो पनि छुरा रेछ । तुरुन्तै जवाफ पो लाउँदो रैछ ए ! … तपैंलाई त झन् कति गाह्रो भा होला ? सधैं राहुको रथाँ टाँस्सेर बस्न ।"

पाहुनाले बाटो तताए । उनी गएपछि हजुरबाले हामीलाई भन्नुभएथ्यो, "यी प्रकाण्ड विद्वान् हुन् । असाध्यै चोखोनितो खोज्छन् ।"

०००

मेरा हजुरबाको देहान्तपछि दलखम्बे अलमलमा पर्‍यो । उसलाई बाउको तिथि सम्झाइदिने मान्छे नै भएन । अघिल्लो साल श्राद्ध गरेको मितिका आधारमा तिथि लेखेर बुवाले एउटा चिर्कटो दलखम्बेलाई दिनुभयो । दलखम्बेलाई तिथि सम्झाइरहन भने बुबाले आवश्यक ठान्नुभएन । बरु कता हो नेपालीमा श्राद्धको विधि लेखिएको किताब फेला पार्नुभएछ । ल्याएर दलखम्बेलाई दिनुभयो । त्यसपछि नीरव छेउमा बसेर किताब पढ्दै बाउलाई सिकाउन थाल्यो । अनि दलखम्बेको श्राद्धगराइ अलि लम्बियो । त्यो किताब र तिथि लेखिएको चिर्कटो दलखम्बेले सुरक्षित राखेको थियो ।

साधारण पात्रो हेर्न मैले सानै उमेरमा जानेको थिएँ । हजुरबाको शेषपछि दलखम्बेले मलाई तिथि सोध्न थाल्यो ।

तर दलखम्बेलाई बुढ्यौलीले थिच्न थालेपछि धेरै कुरा बिर्सन थालेको थियो । पोहोर साल घरबाट म बाहिर निस्कने बेला पारेर दलखम्बे बाहिर कुरेर बसेको रहेछ । मलाई देख्नासाथै हातको चिर्कटो अघि बढाउँदै भन्यो, "तिथि हेर्दिनू न सान्बाजे ।"

मैले चिर्कटो समातेँ । अनि मोबाइलमा पात्रो

खोलेर हेर्दै भनें, "लौ ! तिथि त कटिसकेछ । अस्ति सात गते नै गर्न पर्ने ।"

दलखम्बेको गोरो अनुहार एकाएक अँध्यारो भयो, "ल ! पोर त उनन्तीस गते गऱ्या । फेरि राम्ररी हेर्नू त बाजे ।"

"होइन के, गतेले हुन्न । सात गते नै हो । यसपालि छिटो छ, मलमासले ।"

दलखम्बे केही बोल्न सकेन । खिन्न भएर उभिरह्यो । मैले नै भनें, "क्यै छैन । अब आउने औंसीमा गर्न मिल्छ । उन्नाइस गते शनिबार गर्नू ।"

दलखम्बेको उदासी केही कम भयो ।

मैले तोकिदिएको दिन दलखम्बेले बाउको श्राद्ध गऱ्यो । अबेरतिर घरका छतको चेपबाट छिरेको घाम तापेर दलखम्बे बसेको रहेछ । निधारमा पहेंलो टीका लगाएको थियो । मैले सोधें, "सराद्दे सक्यो त ?"

"अघि नै सक्काईवरी पुरेत गैसके । .. तर के गर्नु ? गर्नपर्नी दिनाँ गरिएन । टाउका ओखती नाइटाँ !"

दलखम्बेको मन अझै बुझेको रहेनछ । थप गफ गर्न मन लाग्यो । अलि नजिक गएर बसें ।

"केही हुन्न के, औंसीमा गरेपछि क्यै दोष लाग्दैन ।"

"खै के हो ? तपैं बाउनहर्लाई नै था होला ! लाग्च कि लाग्दैन ?" दलखम्बेले मलाई हिङ बाँधिएको टालोभन्दा बढी स्विकारेको रहेनछ ।

"हेर्नुस् सान्बाजे ! बुड्बाजे त हाम्रा भौवान् । अराइसिकाइ सप्पै गर्नुन्थ्यो । अब तेस्ता मान्छे काँ पाउनु ?" दलखम्बे भावुक बन्यो ।

"ऊ बेलाँ हाम्रा पुरेत थेनन् । अरू मान्छ्या डर नभा भे नि ? बुड्बाजे त सराद्दे नै गराइदिन पनि पछि नपर्नी खालको मान्छे ।"

"साँच्ची, अहिले चैं कसले गराइद्यो नि सराद्दे ?" मेरो जिज्ञासा बढ्यो ।

"ए ! उइलेजस्तो हो र ? ऐले त हाम्रा आफ्नै पुरेत छन् । मजाले गुटुङटुङ किताप पड्दिन्चन्", दलखम्बेको गोरो अनुहार अझै चम्कियो ।

अझै जोसिएर भन्यो, "पढेका बाउनले सराद्दे नगराइदिनी । हामी दलितले शास्तर पढ्न पनि नहुनी ! नगरे बाउको सराद्दे नि गरेन भन्नी ! अन्या पनि कतिसम्म त लौ ? अनि क्रिस्चन नबनी सुख भो त ? क्रिस्चन बन्न लाउनी यिनै बाउनहरू हुन् । हाम्रा पाडाँ नि थुप्रै क्रिस्चन बने ।"

दलखम्बेको आक्रोश बढ्दो थियो ।

"अनि ऐले चैं कसरी जाने त नि तेस्तो गाह्रो किताब पढ्न ? बाउनको छोरो भएर मलाई त आउँदैन !"

"ए ! पैले सुरुमा दुईचार जनाले कताकता गर झुक्यार सिकेर आचन् । पछि त तिनैले गुटुङटुङ सबैलाई सिकाइहाले नि ! सिनामङ्गलाँ त्यस्तो पढ्नी ठामै च त ! अचेल हामी पनि पुरेत चाइँदा त्यहींबाट बोलाम्चम् ।"

दलखम्बे सन्तुष्ट देखियो । मैले सुनिरहें ।

दलितले शास्त्र पढेर ठिक गरे वा वा बेठिक ? मेरो मस्तिष्कले खुट्याउन सकेन । दलखम्बेको ट्याउँट्याउँ बोली अझै मेरो कानमा गुञ्जिरहेको छ, "ऐले त सान्बाजे ! गामतिरका बाध्यताले क्रिस्चन भका कोईकोई त आफ्नै हिन्दूमा फर्किसके ! साँच्चै मनैदेखि क्रिस्चन भकाहरू त किन फर्किन्थे र ? बिचराहरू !" दलखम्बे रोकिएर भावुक बन्यो ।

०००

दलखम्बे मरेको आठौं दिन थियो । बिहान घरबाट म निस्कँदा नीरवको छोरो मलाई कुरेर बसेको रहेछ । मलाई देख्नासाथै भन्यो, "अङ्कल, बाबाले बोलाउनु भाछ !"

म केही नबोली पछि लागें । नीरव ठाडो किरिया बसेको थियो । अलि पर अरू बसेका थिए । मलाई देख्नासाथै भन्यो, "दस दिनाँ काम सक्काउन खोज्या । हाम्रोमा ठाउँ अलि नपुग्ला जस्तो भो । उता तिम्रो करेसामा ख्वाउने व्यवस्था गर्न मिल्ला त ?"

आफ्नो भोगचलनको क्षेत्रमा राहुहरूको उपस्थितिलाई सकेसम्म टार्नुपर्छ भन्ने खालको संस्कार मैले पाएको थिएँ । तैपनि दायाँबायाँ नसोची प्याच्च बोलिदिएँ, "भै हाल्छ नि !"

नीरवले फेरि तुरुन्तै भन्यो, "तिथि चैं लेख्दिहाल है ! पछि बिर्सिन्च फेरि ।"

एउटा चिर्कटो र कलम ठिक्क परेको रहेछ । छोरा चाहिँले दियो । मैले लेखिदिएँ, "हरिशयनी एकादशी, २०८२ साल ।" ■■

कविता

# आमा बुझाऊ मन

✍ **विजया बस्नेत**



गोडा हात सबै शरीर अति नै गल्ने र जल्ने बनें
बारी खेत सबै इलाज नसकी सिद्धिन्छ चाँडै भने
यस्तो घातक रोग खप्नु कसरी आमा तिमी नै भन
चाँडै देह ढलोस् म घाट लगिऊँ आमा बुझाऊ मन

मेरो तग्दिर जो परेन गतिलो गन्तव्य मोड्दै झरें
प्रज्ञा छैन कुनै कुकर्म पनि ता बिर्सेर के नै गरें
प्राणी भोजन मांसहार कहिल्यै गर्दैन मेरो तन
हत्यारा जिउँदो रहन्छ कलिमा आमा बुझाऊँ मन

रोगी मानिसमा दिएर रुपियाँ दानी छ यो भन्दथे
फाँटेका मन जो सिलाउन भनी आफैं सियो बन्दथेँ
मेरो आत्म पुकार गर्दछ सदा हाँसेर बाँचुन् जन
आगोसाथ म आर्यघाट जलुला आमा बुझाऊँ मन

रक्षा गर्न सधैं म प्राणपथमा सम्झाउँथे भक्षक
सेवाभाव हुँदा अझै भुवनको बन्दै थिएँ रक्षक
प्राणी मर्दछ प्राण हर्छ यमले दुख्दैन होला तन
दुख्यो देह भनै म खप्नु कसरी आमा बुझाऊ मन
बाँच्ने चाह छ काव्यका हरफमा छोड्दै चिनो अंश त
बाँचोस् देश सदा शशीरवि सरी बाँच्दै रहुन् वंशज
प्राणी मर्छ सबै धरा भुवनमा जन्मे र हुर्की कन
छोड्नै पर्छ धरा म मृत्यु पलमा आमा बुझाऊ मन

नेपाली म बनी उदाउन सकूँ नेपाल भन्दै मरुँ
अर्को जन्म तथापि मिल्दछ भने तिम्रो म काखै भरुँ
मेरो देश बनोस् क्युवा भुवनको भोकै हुँदैनन् जन
चोला फेर्छु निरोग बन्छु अझ भन् आमा बुझाऊ मन

आफ्नै जङ्गलका कपूर तुलसी श्रीखण्ड सोला चढी
साझा घाट जलूँ म आर्य तटमा हा राम, जप्नू हरि
प्यारो लाग्छ सधैं पवित्र थल यो नेपालको जीवन
अर्को जन्म मिले म बाँच्छु सुखले आमा बुझाऊ मन

कविता

# विकासको चिन्तन

✍ **कविन्द्र पुडासैनी**



किन सधैं गाली मात्रै, भ'कै त्यस्तै हो त,
यस्तै हुँदै गयो भने, जस पाउने चैं को त ॥
नीति-नियम परिधिले, सबलाई बाँध्नु पर्ला,
स्वच्छ छवि, बाहुबली, अब छान्नु पर्ला ॥
सानो देश छ, गर्न चाहे, भोलि देश बन्छ,
बर्से वर्ष, उही नै दादा, कसले के चैं गर्छ ॥
अझै देख्छु, विकासको दीप बलिरा'छ,
संरक्षणमा प्रौढ बस, युवा जमात आ'छ ॥

# प्राकृतिक विपत्ति



✍ **राजेशमान के.सी.**

हरेक वर्षायाममा आउने प्राकृतिक विपत्ति ।
पार्ने गर्छ यसले ठुलो जन-धनको क्षति ॥
हरेक वर्ष वर्षायाम जब सुरु हुन्छ ।
बाढी-पहिरो विनाशको मुख्य कारक बन्छ ॥

देशमा फेरि वर्षायाम सुरु हुँदै छ ।
प्राकृतिक प्रकोपको जोखिम बढ्दै छ ॥
बर्सेपिच्छे जाने गर्छ बाढी-पहिरो, भू-क्षेय ।
सोच्नु पर्छ रोक्न यसलाई समयमै उपाय ॥

बाढी-पहिरोले ल्याउँछ ठुलो विनाशलीला ।
यसलाई रोक्ने उपायमा नगरौं है ढीला ॥
वातावरण संरक्षणमा जति आउँछ जागरण ।
प्राकृतिक प्रकोप हुन्छ त्यती न्यूनीकरण ॥


वन संरक्षणमा विशेष जोड दिनुपर्छ ।
यसले पनि बाढी-पहिरो न्यूनीकरण गर्छ ॥
जति हामी गर्छौं वन-जङ्गलको विनाश ।
त्यति नै बढ्छ बाढी पहिरोको त्रास ॥

आफ्नै घर-आँगनमा नि बिरुवा रोप्नुपर्छ ।
वातावरण, सरसफाइमा ध्यान पुर्‍याउनुपर्छ ॥
आफूखुसी डोजर चलाई बाटो खन्नुहुन्न ।
विकासको नाटक गरी बजेट सक्नुहुन्न ॥

प्राकृतिक विपद् रोक्ने नीति बन्नुपर्छ ।
विपद्पछि हेलिकप्टर सयरले के गर्छ ?
प्राकृतिक प्रकोपको गर्न बेलैमा रोकथाम ।
देशव्यापी चलाउँ हामी प्रभावकारी अभियान ॥

*- गङ्गाघर-२, भक्तपुर*

# कविता !



✍ **मुकुन्द खनाल**

एक्लै रहँदाको स्वाद बेग्लै
जीवन बनाउने साधन छ बेग्लै


तिरमिराई आँखा जब खुल्छ आफैं
साँच्चै म आफूभित्र हराउँछु आफैं

त्यो भावनामा जब चाँद खुल्छ
उज्यालो सबैमा एक समान हुन्छ

नशालु जीवन जीवन यही नै
संसारको छत्रमुनि बसेझैं

मान्नु नै पर्छ निराशा हटाउन
कर्मको धार बलियो बनाउन ।

# भागबण्डाको विवाद



✍ **युगल बसेल**

स्थान : बाँगीखोलाको सेरा भनिने ठाउँ

पात्र : विभिन्न उमेर र बान्कीका बाम, असला, फकटा, गँडेरा, हिले र सहर माछा

(दृश्य– खोलाको फराकिलो भागमा मन्द गतिमा पानी बगिरहेको छ । खोलाका ससाना, सफा, सेता र कुनै लेउ लागेका ढुङ्गाहरू प्रस्ट देखिन्छन् । खोला किनारको बालुवामा चहकिलो घामको किरण ठोक्किनाले एक किसिमको चमक बालुवामा देखिइरहेको छ । फाँटमा ठाउँ ठाउँमा धानको ब्याड हरियै देखिन्छ । खोलाका सबैथरी माछाहरू आफ्नै जात/वर्गबाट भइरहेको अत्याचारबाट कसरी छुटकारा पाउने भनेर छलफल गर्नका लागि भेला भएका छन् ।

असला : (आँखा चम्काउँदै) हामी सबैजसो भेला भइसक्यौं, हैन ? अब छलफल सुरु गरौं । हामी यस बाँगीखोलाको दुष्ट सहर माछाको थिचोमिचोबाट उम्किने बाटो खोज्न आज भेला भएका हौं । आज एउटा नतिजामा हामीले पुग्नु छ ।

बाम : (हलुकासँग पुच्छर नचाउँदै) हो, आफ्नै जातिपातिबाट भइरहेको थिचोमिचोबाट छुटकारा पाउने उपाय आज निकाल्नै पर्छ ।

गँडेरो : (पखेटा नचाउँदै) यहाँ सहरको चालामाला खपिनसक्नुको भएको छ । खोलाका नियमहरूको उसले बलमिचाइँ गरेर धज्जी उडाउँदै आइरहेको छ । सुत्केरी, केटाकेटी, बुढाखाडामाथि हमला गर्न नमिल्ने नियमको त उसले सधैं नै बेवास्ता गरिरहेको छ ।

फकटो : (जोर्सिंदै) बल छ, तिखा दाँत छन् भन्दैमा हाम्रो खुलमखुल्ला हिंडडुल गर्ने हक खोस्न त पाइँदैन नि ! चारा चर्दाचर्दै कति बेला सहरको आहारा भइने हो भन्ने डरले हाम्रो जिउ नै आधा भइसक्यो ।

हिले : (जगर ठाडो पार्दै) हामी निर्धाहरू एकजुट भएर अब सहरको बाउको बिहे देखाइदिनु पर्छ । हाम्रो साझा दुश्मनलाई हामीले नै पन्छाउनुपर्छ ।

गँडेरो : हो, टिमटिमे दियालाहरू पनि एकजुट भएर जले भने घामको चहकलाई माथ गर्न सक्छन् । भुसुनाहरूले हात्तीलाई रुवाउँछन् । एकले थुक्दा सुके पनि सयले थुक्दा नदी बन्न सक्छ मसिना मसिना झिजामिजाहरू बल्नका लागि कस्सिए भने तिनीहरूले मुढालाई पनि डढाइदिन्छन् । यी कुरालाई याद गर्दै अब हामी एकजुट हुनुपर्छ ।

हिले : (पिर गर्दै) तर मलाई एउटा सुर्ताले पिरोलिरहेको छ । जिउँदा भ्यागुता तौल्दा ती फड्किएर धार्ने नपुगेजस्तै हामीबिच पनि एकता कायम हुन नसक्ने हो कि ! फरक सोचाइ र चाहना भएका हामीहरू पाइलामा पाइला मिलाएर हिंड्न नसक्ने हौं कि !

असला : (हौसला दिंदै) हिले भाइ, हामीले आपसमा शङ्का नगरौं । शङ्काले लङ्का पिर्छ । केही वर्षअघि हामीले नै मिलेर यसै खोलाको पाँचहाते ढोडिया (पानी साँप) लाई सिल्टिमुर खुवाएको होइन र ? अनि त्यसपछि हामीले हाम्रो खाँचोअनुसारको झखोलाको नियम बनाएको पनि त हो नि । हामीले हाम्रो बुतामाथि शङ्का होइन कि हाम्रो पौरखको सम्झना गर्नु जरुरी छ ।

फकटो : (असलाको कुरामा मन्जुर हुँदै) हो, हामीले बेलाबेलामा भोगेका कुराबाट धेरै कुरा

सिकेका छौं । हामीहरू एकजुट भएमा सजिलै फेरबदल ल्याउन सकिन्छ ।

बाम : (आँखा तन्काउँदै) अब ठूला माछाले साना माछा खान्छ भन्ने उखान फेरेर साना माछा मिलेर ठुला माछाका नाकको जुका झार्छन् भन्ने उखान जन्माउनुपर्छ ।

असला : (मुन्टो हल्लाउँदै) आज हामीले सहर माछामाथि कसरी हमला गर्ने भन्ने नक्साको खाका कोरौं । यो धेरै धामाको काम छ र फलामका चिउरा चपाएजस्तै गाह्रो छ ।

गँडेरो : (हौसिँदै) सयको लाठी एकको बोझ भन्ने भनाइ नै छ नि । हामी सबै जुटेर सासै सासले फुक्यौं भने पनि पाजी सहरलाई आच्छु आच्छु पार्न सक्छौं ।

बाम : (अरङ्ग पर्दै) हामी बाम माछाका त ढाडैभरि तिखा काँडाका ताँती छन् । आठ दस ओटाले फन्केर दनक दियौं भने न्वारानको दुध याद गर्छ सहरले ।

फकटा : (जोसिँदै) तपाईंहरूले आच्छु आच्छु पारेको बेला हामीले पनि आफ्ना दाँतले ठाउँ ठाउँमा दऱ्याप्यौं भने सहरलाई इन्तु न चिन्तुको दसामा सजिलै पुऱ्याइन्छ ।

असला : (पुच्छर दायाँ–बायाँ हल्लाउँदै) हामी एकजुट भएर अघि बढ्नुपर्छ । अघिअघि बाम, बामका पछाडि फकटा, त्यसपछाडि हिले, हिलेका पछाडि गँडेरा र सबैभन्दा पछाडि हामी असला लाम लागेर जानुपर्छ । सहरको कुरमा पुगेर पछाडिबाट हामीले ' हमला सुरु' भनेपछि सबै धुइरिएर चढाइ गर्नुपर्छ ।

(हो मा हो मिलाउँदै सबै माछाहरूले मन्जुरीमा टाउको हल्लाउँछन् )

असला : (हल्का फड्फडाउँदै) साथी हो, बर्खामास सँघारैमा आइपुगेको छ । पानी बर्सेर भेल आयो भने हामीलाई आफ्नै ज्यान जोगाउने फिक्री हुन्छ । त्यसैले छिटै हमला गर्ने दिन आजै तोकौं । रात रहे अग्राख पलाउँछ भन्छन् । ढिलो गऱ्यौं भने सहरको आयु लम्बिन सक्छ।

हिले : (जोसले उफ्रिउँलाझैं गरेर) भोलि छाडी पसि नै पुन्युका दिन उसमाथि जाइलागौं । रात परून्जेल लडाइ गर्नुपऱ्यो भने पनि जुनेलीको उज्यालोले हामीलाई मदत गर्छ ।

असला : (अनुहारमा गहिरो हाउभाउ ल्याउँदै) सहरको सिकार गरेपछि त्यसको मासुको भागबण्डा कसरी गर्ने भन्ने पनि टुङ्गो आजै लगाउनुपर्छ । अनि ठुलो बिलो कसले लिने भन्ने कुराको ठहर पनि आजै गर्नुपर्छ, नत्र पछि झगडा हुन्छ ।

बाम : (फन्कँदै) सहरपछिका बलिया माछा हामी नै हौं । त्यसैले ठुलो बिलोमाथि हाम्रै हक छ भन्ने मेरो जिकिर छ।

असला : (फुर्ती देखाउँदै) सवाल बलको होइन बुद्धिको हो । यसरी माछाहरूलाई एकजुट पारेर बलियो ताकत तयार पार्ने काममा हामीले नै अगुवाई गरेका छौं । त्यसैले जुक्ति बुद्धिलाई नै मुख्य पाटो ठानिनुपर्छ र ठुलो बिलो हामीलाई नै दिइनुपर्छ भन्ने मेरो ठम्याइ छ ।

गँडेरो : (नरम बोलीमा) हाम्रो जातिमा हामी सबैभन्दा साना छौं, निर्धा छौं । त्यसैले सबैतिर पछि पनि परेका छौं । सबैथरी माछाको औकात एउटै पार्नु अहिलेको जरूरी कुरो हो । त्यसैले निर्बलियालाई बढी सहुलियत दिनुपर्ने हुन्छ । दुनियाभरि फैलिएको सकारात्मक पन्पच्छेको नारालाई हामीले बिर्सनुहुन्न । यस हिसाबले ठुलो बिलोमा हाम्रो हक पुग्छ ।

बाम : (निमोठिँदै) बलके आगे, भूत भागे भन्ने नाराले अरू नारालाई निमिट्यान्न पारिदिन्छ भन्ने मेरो दाबी छ।

फकटा : (कडा बोलीमा) यो जमाना लोकतन्त्रको हो । लोकतन्त्रमा बहुमतको कदर हुन्छ । हामीहरूको जमात अरू साथीहरूको भन्दा ठुलो छ । त्यसैले बहुमतको कदर गर्नका लागि ठूलो बिलो हामीले नै दिइनुपर्छ ।

हिले : (जुँगा ठाडा पार्दै) हाम्रो टाउको र जिउ अरूको भन्दा फरक छ । हाम्रो रङ पनि अलि फरक छ । अरू माछाभैँ हामी पहाडी कुना काप्चामा पुग्न मन पराउँदैनौं । समथर जमिन नै हाम्रो मुख्य थलो हो । जहाँ पनि समथरमा बस्नेहरूको सुविधा अरूको भन्दा बढी हुने गर्छ । त्यसैले मूल बिलोको सुविधा हामीले नै पाउनुपर्छ ।

असला : (हेपाइको पारामा) हिले माछालाई कुलै गण्डकी भन्ने पुरानो भनाइले तपाईंहरूका लागि सानै बिलो पनि ठुलो भान हुन्छ भन्ने प्रस्ट पार्छ । त्यसैले तपाईंहरूले ठूलो भागको माग गर्नु जरूरी छैन ।

हिले : (रिसाउँदै)नाम असला, सोचाइ कमसला ? ठुलो भाग लिन आफूलाई लायक र हामीलाई नालायक देख्ने ?

बाम : (भोक्किँदै) काम गर्ने कालु मकै खाने भालु ? सहरको सिकार गर्नमा मुख्य हात हाम्रो हुने तर गुरु बिलोमा अर्कैले दाबी गर्ने ?

गँडेरो : (बुरूक्क उफ्रँदै) बलका भरमा ठुलो भागमा दाबी गर्नु अर्घेलो कुरा हो । हाम्रो यसमा कत्ति पनि मन्जुरी छैन।

बाम : (रिसेले चुरिंदै) चुप लाग् पाजी ! आफू छ बोका जत्रो, कुरा गर्छ डोका जत्रो ! फेदीमा लत्रेर टाकुराको सपना देख्ने ?

गँडेरो : (बटारिंदै) जसको लाठी, उसैको भैंसी हुने दिन गइसके । यहाँ कसैले बलमिचाइँ गर्न पाइँदैन ।

असला : (झर्कंदै) बाम र गँडेरा भाइहरू, कुरो राम्ररी बुझ्नुहोस् । हाम्रो नाम पनि असला, माछा पनि हामी असल भएकोले ठुलो भागमा हाम्रो हक लाग्छ ।

बाम : (थोरै शान्त हुँदै) ठिकै छ, त्यसो हो भने हामीले मूल बिलोमा दाबी छोडिदिन्छौं तर अरूले पनि मूल बिलोमा दाबी छोडिदिनुपर्छ ।

असला : (बेखुसी हुँदै) हामीलाई ठुलो बिलो दिइन्न भने हामी यो समूहमा बस्न सक्दैनौं । हामीलाई इजेत नमिल्ने ठाउँमा बस्नु छैन । (सभा छोडेर असलाहरू बाहिरिन्छन्)

बाम : (अनुहारमा गहिरो सोचाइको भाव ल्याउँदै) 'गाँस छोड्नु, साथ नछोड्नु' भन्ने बुढापाकाको भनाइ बिर्सेर असलाहरू बाहिरिए । एक म्यानमा दुई तरबार नअटाउने भएकाले उनीहरू बाहिरिएकै बेस छ । अब यहाँ भएका बाँकी सबैहरू हामीलाई मुख्य बिलो दिनेमा मन्जुर हुनुहुन्छ भन्ने मलाई लाग्छ । त्यसो हो भने असलाले हाम्रो बगाल छोडे पनि सहरको सिकार गर्न हामी सक्छौं ।

गँडेरो : (जिद्दीको सोचाइको छाप अनुहारमा पार्दै) मूल बिलोको अडानबाट हामी एक इन्ची पनि दायाँबायाँ हुन मन्जुर छैनौं । यो हाम्रो अन्तिम फैसला हो ।

फकटा : हाम्रो बहुमतको कदर नहुने गरी हमलामा साझेदारी गर्न हामी पनि तयार छैनौं । त्यसैले हामी पनि बिदाइको पखेटा हल्लाउँछौं ।

(फकटा पनि बाहिरिन्छन् । यतिबेलै रूद्धीतिरबाट सहर माछो हुइकिँदै आउँछ । उसको मुखमा असला र फगटा देखिन्छन् । तिनलाई खप्लक्कै निलेर उसले केही बाम, केही गँडेरालाई लुँड्याउँछ । ज्यान जोगाउन माछाहरू तितरबितर हुन्छन् । यसरी रहमा छँदैका माछाका बारेमा बगरमा बिलोका लागि झगडा भएझैँ गरेर माछाहरूका बिचमा तँछाडमछाड हुँदा उनीहरूको मेलजोल भाँडिन्छ । बिलोको हानथापका कारणले मतोजतो तितरबितर हुन्छ । त्यसपछि सहरको रजाइँ कायमै रहन्छ । आपसी भलाइभन्दा निजी मतलबमा जोड दिनाले सहर माछाबाट छुटकारा पाउन सकिएन भन्ने गाँठी कुरो सबै माछाले राम्रोसँग बुझ्छन् र पछुतो मान्छन् । फेरि उनीहरूका बिचमा एउटै मतो कहिले हुने हो, कसैलाई थाहा छैन ।) ■■

बालकथा

# हामी साथी–साथी



देवराज सिम्खडा

"मियाउँ ! मियाउँ !" गर्दै बिरालो पिँढीबाट आँगनमा ओर्लियो । ऊ सानो थियो । उसलाई सबैले 'सानु' बोलाउँथे । उसका दुईजना साथीहरू थिए, माया र खरायो । उनीहरू त्यहाँ थिएनन् । ऊ साथीहरू भेट्न चाहन्थ्यो । यताउता हेर्‍यो । वरिपरि खोज्यो । कसैले देखेन । ऊ फेरि बोल्यो "मियाउँ ! मियाउँ !"

सानुले साथीहरूलाई खोजिरह्यो । उसको कुरा खरायोले बुझ्यो । खरायो खाटमुनिबाट फुत्त बाहिर निस्क्यो । ऊ धेरै चकचक गरिरहन्थ्यो । त्यसैले सबै उसलाई 'चकचके' नामले बोलाउँथे । चकचके सानु भएको ठाउँतिर गयो । उनीहरूको भेट भयो । चकचकेले जिउ तनक्क तन्कायो । सानुले 'मियाउँ मियाउँ' गर्‍यो ।

सानु र चकचके मायालाई खोज्न हिँडे । मायाले यो कुरा थाहा पाइन् । उनले विचार गरिन्, 'यिनीहरूलाई एकछिन जिस्काउनु पर्‍यो ।' उनी कम्मल ओढेर टिभीको पछाडि लुकिन् । सानु र चकचकेले मायालाई धेरै खोजे । टिभी भएको कोठामा पनि पुगे । माया आफूलाई सकेसम्म सानो पारेर बसिन् । सास दबाइन् । अनि कम्मलको छेउ उचालेर हेरिन् । सानु एउटा कुनाबाट मसिनोसित हेर्दै थियो । चकचके अर्कोतिर खोजिरहेको थियो । सानुले माथितिर हेरेर बोलायो "मियाउँ मियाउँ !" चकचके उफ्रँदै ढोकातिर गयो ।

टेबुलमुनि बस्न सजिलो थिएन । कम्मलले ढाकिएर बस्दा धेरै गर्मी भयो । जिउ पसिनै पसिना भयो । मायालाई असजिलो लाग्यो । साथीहरूलाई हेरिन् । उनीहरू पनि खुसी देखिनन् । उनले विचार गरिन् 'एक पटक फेरि जिस्काउँछु ।' "चीं मुसी चीं ! चीं मुसी चीं !" नौलो आवाज निकालेर बोलिन् ।

चकचके र सानुले यो आवाज सुने । एकैछिनमा चकचके मायाको घाँगरको फेर तान्न पुग्यो । "तिमीहरू धेरै बाठा रहेछौ । लौ अब जाऔँ बाहिर ।" मायाले चकचके र सानुलाई धाप मार्दै भनिन् ।

चकचके अघि लाग्यो । सानु मायाको पछि उभियो । माया फुरफुर गर्दै आँगनमा पुगिन् । साथीहरू पनि सँगै थिए । उनीहरू खुसी थिए । त्यहाँ खाल्डोमा पानी जमेको थियो । ऊ निकै तिर्खाएको थियो । चकचके खुरुरखुरु पानी भएको ठाउँतिर गयो । मायाले चकचकेलाई रोकिन् "ए, चकचके ! त्यो पानी ? पख, पख !"

माया भित्र गइन् । कचौरामा पानी ल्याएर राखिदिइन् । चकचके र सानुले पानी पिए ।

एक हुल भँगेराहरू आए । कोही पर्खालको डिलमा बसे । कोही घरको छानामा उभिए । कोही लुगा सुकाउने तारमा अडिए । सानुले भँगेरा नजिक पुग्यो । मायाले सानुलाई हेरिन् "सानु ! के गर्न लागेको यो ?" सानु रोकियो ।

भँगेराहरू सानु बिरालोसँग डराए । उनीहरू सबै उडे, गए । माया र सानुले हेरिरहे । चकचके पारिजातको पात चपाउन लाग्यो । मायाले फेरि चकचकेलाई रोकिन्, "ए चकचके ! तिमीलाई यो घाँस मनपर्छ, खाऊ ।" मायाले खनायो घाँस देखाउँदै भनिन् । चकचकेले एक टुक्रा पात चुँडायो र चपाउन थाल्यो ।

सानु फुत्त थुन्सेमाथि उक्लियो । त्यहाँ धानको भुस थियो । त्यही भुसमाथि खोस्रिन थाल्यो । मायाले सानुसँग आँखा जुधाइन् । सानुले पनि मायालाई टुलुटुलु हेर्‍यो । एक पटक 'मियाउँ' गर्‍यो । मायाले अलि ठुलो आवाज निकालेर भनिन् "सानु ! त्यहाँ आची गर्न लागेको ? त्यहाँ फोहोर गर्न हुँदैन नि !" सानुले कुरो बुझिहाल्यो । ऊ तल ओर्लियो । सानु 'मियाउँ मियाउँ' गर्दै मायालाई पछ्यायो । चकचकेले पनि साथीहरूलाई साथ दियो ।

बिरालो ओभानो ठाउँमा खोस्रिन्छ । त्यहाँ दिसापिसाब गर्छ, पुर्छ र हिँड्छ । उनीहरू खुला ठाउँमा

त्यतिकै दिसापिसाब गर्दैनन् । सबै बिरालाहरूको यस्तै बानी हुन्छ । मायाका बाबाले घरदेखि अलि पर डालोमा खरानी राख्नुभएको थियो । मायाले सानुलाई त्यहीं लिएर गइन् । सुख्खा खरानी देखेर सानु खुसी भयो । अगाडिका दुइटै खुट्टाले छिटोछिटो खोस्रियो । सानो खाल्डो बनायो । त्यही खाल्डोमा पिसाब गर्‍यो । खरानीले पुर्‍यो, हिँड्यो ।

माया र चकचकेले सानुलाई हेरिरहेका थिए । काम सकेर सानु खुरूरूरू चकचकेको अगाडि गएर उभियो र 'मियाउँ' गर्‍यो । मायाले सानुलाई धन्यवाद दिइन् । "तिम्रो यो बानी राम्रो लाग्यो । जहाँ पायो त्यहीं फोहोर गर्न हुँदैन । मलाई आमा र बाबाले सिकाउनुभएको । तिमीलाई कसले सिकाउनुभाको ?"

सानुले 'मियाउँ मियाउँ' गर्‍यो । मायालाई सानुको आमाको बानी थाहा थियो । उनले मनमनै भनिन्, 'उसले पनि आमाबाटै सिकेको होला ।' चकचके लुसुक्क हिँड्यो । लुगा धोएको पानी पिउन लाग्यो । सानुले 'मियाउँ मियाउँ' गर्‍यो । मायाले चकचकेलाई हेरेर भनिन्, "ए सानु ! त्यस्तो फोहोर पानी खाने ?" चकचके रोकियो । मायालाई पुलुक्क हेर्‍यो ।

आँगनको छेउमा पानीको भाँडो थियो । त्यहाँ सफा पानी राखिदिन्थे । यो काम माया आफैं गर्न थालेकी थिइन् । चराहरू आउँथे । पालो पर्खेर पानी पिउँथे । सानु त्यही पानी पिउने गर्थ्यो । चकचकेलाई धेरै पटक पप्पीको आमाले तर्साएको थियो । ऊ अलि धेरै डराउँथ्यो । एकलै आँगनसम्म पनि जान सक्दैनथ्यो । माया र सानुको साथ पायो भने त जहाँ पनि जान्थ्यो ।

सानुले त्यही पानी पियो । मायाले पानी पिँढी नजिकै लगेर राखिदिइन् । आँगन ठुलो थियो । उनीहरू रमाएर खेल्न थाले । पहिला दौड खेल खेले । त्यसपछि लुकामारी खेल्न थाले । खेल्दाखेल्दै चकचकेले मायाको घाँगरको फेर तान्यो । मायाको ध्यान खेलमै थियो । सानु र चकचके अचानक घरभित्र पसे । माया छक्क परिन् । एकैछिनमा वनबिरालो लमकलमक गर्दै आँगनकै छेउमा आइपुग्यो । मायालाई त्यो जन्तु चितुवा भन्ने लाग्यो । उनी डरले चिच्याइन् "आमा ! चितुवा चितुवा । बाबा, घरमा चितुवा आयो !"

गाउँमा वनबिरालो आउन थालेपछि कुखुरा, हाँसहरू हराउन थाले । यसका कारण त्यही बिरालो भएको धेरै जनालाई थाहा थियो । गाउँलेहरू उसलाई धेरैपटक लखेटे । तर उसले गाउँ छोडेन । त्यसैले उनीहरूले खोर थापे ।

माया घरभित्र पसिन् । सानु र चकचके लुकेर हेरिरहेका थिए । वनबिरालो अर्को घर पछाडि गयो । ऊ खोरमा पर्‍यो । त्यहाँ मान्छेहरू जम्मा भए । हल्लाखल्ला भयो । माया, सानु र चकचके पनि बाहिर निस्के । पल्लो घरमा गए । वनबिरालो खोरभित्र छटपटाउँदै थियो ।

साइला काका लट्ठी लिएर आउनुभयो, "अब पनि खान्छस् कि कुखुरा ?" भन्नुभयो । चकचकेले नाचेर खुसी मनायो । सानुले पनि पुच्छर ठाडो पारेर उफ्रिँदै 'खुच्चिङ ! खुच्चिङ !' जनायो ।

एउटा सानो जनावर खोरभित्र थियो । ऊ डरले काँपिरहेको थियो । त्यहाँ आएका मान्छेहरू खुसी देखिन्थे । मायालाई दुःख लाग्यो । उनी अरूको दुःख देख्न सक्दैनथिन् । 'वनबिरालोले अब धेरै दुख पाउँछ होला' भन्ने लाग्यो । उनका आँखाका परेला भिजेका थिए । केही बेरमा पुलिसहरू आए । तुरुन्तै अरु नयाँ मान्छेहरू पनि जम्मा भए । उनीहरू वन अफिसका कर्मचारी थिए ।

मायाको मनमा झन् पिर पर्‍यो । उनी वनबिरालोले दुःख नपाओस् भन्ने चाहन्थिन् । उनले कर्मचारीलाई सोधिन् "काका ! अब उसलाई के हुन्छ ? उसलाई भोक लागेको छ होला । पानी पनि खान दिनु है ?" कर्मचारीको जवाफ थियो "उसलाई गाउँभन्दा टाढाको जङ्गलमा छोडिदिन्छौं । आफैं खानेकुरा खोजेर खान्छ नि ।" यस कुराले मायाको अनुहार अलि उज्यालो भयो ।

गाउँलेहरूले वनबिरालो कर्मचारीहरूलाई बुझाए । "तिमी अब उतै बस है ? तिम्रो बानीसँग हामीलाई धेरै डर लाग्छ ।" मायाले वनबिरालोको नजिकै गएर भनिन् । गाउँलेहरूले उसलाई बिदा गरे । कर्मचारीहरूले वनबिरालो लिएर गए ।

माया, सानु र चकचकेले वनबिरालो लगेको हेरिरहे । सानुले "मियाउँ मियाउँ" गर्‍यो । चकचकेले पालैसँग माया र सानुको अनुहार केलायो । मायाले भनिन्, "सुन, हामी साथी साथी हौं । अप्ठ्यारो बेलामा पनि सँगै हुनुपर्छ है ?" ■■

समीक्षा

# सुरेन्द्रलाल भुजूको 'एक मुट्ठी माटो' लघुकथा



✍ **देवेन्द्र अर्याल 'आँसु'**

लघुकथाकार सुरेन्द्रलाल भुजू (२०१८) नेपाली लघुकथाको क्षेत्रमा एउटा चर्चित नाम हो । नेपाल भाषामा लेख्ने भुजूको नेपाली भाषामा पनि एउटा लघुकथा कृति प्रकाशित भएको छ 'एक मट्ठी माटो' । समसामयिक विषयमा लघुकथा लेख्ने भुजू मूलतः सामाजिक कथाकार हुन् । उनका लघुकथामा समाजमा घट्ने प्रायः सबै विषय समेटिएको पाइन्छ । उनका नेपाल भाषामा 'हाकु सुपाँय सिथय्या जः' र नेपाली भाषामा 'धमिलो बिहान' कवितासङ्ग्रह प्रकाशित भएका छन् । खास गरी नेपाल भाषामा कलम चलाउने भुजूका कविता र लघुकथा नेपाली भाषामा प्रकाशित हुँदा नेपाली भाषी पाठकलाई भुजूका कथा र कविताको आस्वादन गर्ने मौका मिलेको छ ।

'एक मुट्ठी माटो'मा बयालीस ओटा लघुकथा छन् । ती सबै लघुकथाले लघुकथाको आयामलाई अङ्गीकार गरेका छन् । सामाजिक तथा पारिवारिक विषयवस्तुमा लेखिएका उनका लघुकथामा महिला सशक्तीकरणको आवाज पनि मुखरित भएको पाइन्छ । कतै मनोवैज्ञानिक, कतै शैक्षिक अनि स्वैरकल्पना त कतै देशप्रेम भावना उनका लघुकथामा छताछुल्ल भएर पोखिएका छन् । वैश्विक महामारीको सन्त्रासलाई पनि उनका लघुकथामा समेटिएका छन् ।

धेरैजस्तो लघुकथाको विषय नेपाली समाजको सामाजिक, आर्थिक, मनोवैज्ञानिक, यौन आदि पक्षसँग जोडिएका छन् । त्यस्तै उनका कथामा अभाव, गरिबी, जातीय विभेदका कुरा पनि उठाइएका छन् । समाज परिवर्तन, पितृसत्तात्मक समाजको चित्रण, आधुनिक संस्कृतिको दुस्प्रयास, परसंस्कृति ग्रहण आदिको छनक पनि उनका लघुकथामा पाइन्छन् ।

लघुकथा वीणाको फैसला सामाजिक विषयवस्तुमा आधारित कथा हो भने यसमा सम्बन्ध विच्छेदलाई सामाजिक समस्याका रूपमा चित्रण गरिएको छ । नेपालीलाई हेर्ने विदेशीको दृष्टिकोण समेटिएको कथा हो दृष्टिकोण जहाँ भारतीय र अङ्ग्रेजले नेपालीलाई हेर्ने दुई फरक दृष्टिकोणको चित्रण पाइन्छ । मित्रता र नाता कथामा गहिरो मित्रता भएका दुई साथी नातासम्बन्धमा जोडिएपछि उत्पन्न बेमेल स्थिति र मित्रतामा आएको सङ्कटलाई यसमा चित्रण गरिएको छ । सिमानामा काँडेतार लघुकथामा सिमाना संरक्षणको कुरा उठाएर चुनाव जित्ने तर जितेपछि केही नगर्ने प्रवृत्तिलाई व्यङ्ग्य गरिएको छ । सरकारी शिक्षक र बोर्डिङ शिक्षक कथामा सरकारी र बोर्डिङका शिक्षक र विद्यार्थीको अनुशासनलाई स्पष्टसँग चित्रण गरिएको छ । सम्झौता र प्रेम लघुकथामा स्वार्थले भरिएको प्रेमको उदाहरण पाइन्छ । पीडितको समस्या पीडितले नै बुझ्छ (पृ. १७) भन्ने भाव उक्त लघुकथामा पाइन्छ ।

पुनर्मिलन कथामा बुढ्यौली उमेरमा सहाराको आवश्यकता पर्ने कुरा उठाउँदै नेपाली समाजमा पछिल्लो समय सम्बन्धविच्छेद, विधवाविवाह र पुनर्विवाह आदि विषयवस्तुले प्राथमिकता पाएको भुजूका लघुकथाले उद्घाटन गरेका छन् । छोरी र बुहारी कथामा नेपाली समाजमा छोरी र बुहारीबिच पाइने अन्तरको उठान पाइन्छ ।

खास गरी उनका लघुकथा सन्देशमूलक, परिवर्तनमुखी र व्यङ्ग्यात्मक पनि छन् । अटोग्राफ कथामा नेपाली कलाकारिता क्षेत्रमा झाँगिएको प्रेम र त्यो प्रेमसम्बन्धमा तुषारापात भएपछि कसरी बलात्कार बन्न पुग्दछ भन्ने कुरा पनि उठाइएको छ । गाउँमा मलिलो माटो भएर पनि मानिस पशुपालन र कृषिकार्य नै चटक्क छाडेर गाउँबाट सहर पस्दा गाउँमा के खाएर बाँच्नु भन्ने कथामा गाउँमा नै खानेकुराको अभाव भएको भाव चित्रण भएको छ ।

# गजल

✍ **लक्ष्मी स्मृति**



अहो महोदय अति झुक्नुभो ।
सबैले भन्छन् फेरि चुक्नुभो ।

राम्री मैयाँ त पोईला गईन रे
आशमा बाटो ब्यर्थ ढुक्नुभो ।

नियम मान्दिन भनेकै थिए त,
खुव जान्ने भई सिठ्ठी फुक्नुभो ।

लक्ष्य जूनै छुने पो सुनिन्थ्यो,
ईशारा कस्को?टक्क रूक्नुभो ।

भन्नुस अव कुन स्मृतिमा राखुँ
भेटिन खोतल्दा कता लुक्नुभो ।

*विराटनगर-५*

'माटोको माया' र 'एक मुठ्ठी माटो'मा देशप्रेमको उच्च भावना पाइन्छ । छोराछोरी विदेशमा भएको पात्र जो अन्तिम समयमा नेपालमा आएर प्राण त्याग गरेको छ । यसमा देशप्रेमको भावना पाइन्छ भने एक मुठ्ठी माटोमा भने कोरोनाका कारण स्वदेश फिर्ता हुँदा सिमानामा चौध दिन एकान्तवास बसेको र नेपाली सीमामा आइपुगेपछि कर्णबहादुर नामक पात्रले जीवनको अन्तिम श्वास फेरेको छ त्यतिबेला केवल उसको हातमा एकमुठ्ठी माटो हुन्छ । यो देशप्रेम र राष्ट्रिताको सजिव चित्रण भएको उत्कृष्ट लघुकथा हो । यसै कथाबाट यस कृतिको नामकरण भएको छ । जातका कारण नेपाली समाज पछाडि परेको कुरालाई पनि स्पष्टसँग जातको कुरा कथामा देखाइएको छ ।

त्यस्तै, रूखहरूको प्रायश्चित कथामा रूखहरूले बञ्चरोप्रति देखाएको उदारताका कारण आफ्नो विनाश व्यहोर्नु परेको यथार्थसँगै नेपाली समाजमा भुइँमान्छेले आफ्नो वर्गको नेता भनेर विजयी गराउँदा त्यसले उनीहरूमाथि नै दमन गरेको प्रतीकका रूपमा यो लघुकथामा चित्रण गरिएको छ । कलाकार लघुकथामा आफ्नो दृढइच्छा पूरा गर्न कस्तो खालको विषम परिस्थितिसँग सामना गर्नुपर्छ भन्ने विषयलाई जोडदार रूपमा उठाइएको छ । समयको प्रवाह कथामा विवाह भनेको समान तहसँग गर्नुपर्छ (पृ.१७) भन्ने अभिव्यक्तिले नेपाली समाजमा गरिने विवाहको परम्परागत मूल्य र मान्यतालाई एक पटक सोचविचार गर्न बाध्य बनाएको छ । त्यस्तै सजाय कथामा आफूमाथि जबर्जस्ती गर्ने पुरुषको यौनाङ्ग नै काटिदिएको कुरामार्फत नारी हिम्मतको कुरा उठाइएको छ । प्रतिस्पर्धा कथाले धनसम्पत्तिमा मात्र नभएर मरपछि मलामीमा हुने प्रतिस्पर्धाको कुरा पनि उठाएको छ । सबैभन्दा गह्रौं वस्तु लघुकथामा आफ्नो जवान छोरा गुमाएको अभिभावकको पीडालाई प्रस्तुत गरिएको छ ।

यस सङ्ग्रहमा समावेश भएका लघुकथामा सजाय, भाइरल, मित्रता र नाता, एक मुठ्ठी खरानी, अटोग्राफ, मजदुर, सम्झौता र प्रेम आदि लघुकथा उत्कृष्ट छन् । सकारात्मक र सुधारात्मक सन्देश प्रवाह गर्ने भुजूका लघुकथा पठनीय छन् । उनका कथामा सकारात्मक सोचको उद्घोष भएको पाइन्छ । नेपाली समाजका वर्तमान विविध समस्यालाई सशक्त रूपमा उठान गरी परिवर्तनकारी सन्देश प्रवाह गर्ने उनका कथामा डायोस्पोरिक पीडा, भ्रष्ट र गैरचरित्र, राजनैतिक विकृति, मान्छेका अनेकाकन पीडाको सूक्ष्म तवरले उद्घाटन गर्दै सुललित शैलीमा कथालाई निष्कर्षमा पुऱ्याएको पाइन्छ । लघुकथासङ्ग्रह एक मुठ्ठी माटो पठनीय कृति हो । जसले नेपाली लघुकथाको क्षेत्रलाई थप मजबुत बनाउन मद्दत गरेको छ । ■■

arl.deven@yahoo.com

# गजल



**शशीश्री आचार्य**

धर्मका नाममा जब युद्ध चलिरहन्छ
देशको आँसु भित्रैभित्र बलिरहन्छ

स्वतन्त्रता लुटिन्छ यहाँ दिनदहाडै
बाँच्ने भरोसा मनभित्र गलिरहन्छ

युवाको पसिना बग्दछ खाडीतिर
श्रमको लाज अब मुखमै चलिरहन्छ

झरनाको देशमा प्यासा छ जीवन
आँखा अगाडि पानी मात्र झलिरहन्छ

संस्कारझैं ढलेको छ संस्कृति नै
घामले जल्दा जून पनि दलिरहन्छ

मातृभूमि पोल्दा मुटु लफ्किन्छ यहाँ
भीडभित्र कोही मौनमै मलिरहन्छ

फूलको देशमा काँडाको खेती भयो
कोइलीको स्वर कैदमा पलिरहन्छ

बालकको आँखामा सुनको सपना
अन्नको लाज पेटमै जलिरहन्छ

भोकको देशमा सत्ताको भोज छ
थालभित्र पनि शासकले छलिरहन्छ

*बौद्ध, कुमारीगाल, काठमाडौं ।*

कविता

# भानु



**सुमित्रा बजगाईं**

विवेकको कोदालीले ताछेर अशुद्धता,
बनायौ असारे खेतका आलीझैं भाषा ।
धर्ती जोतेर रोप्यौ मौलिकताको दियालो,
अर्पणको मलजलले हुर्कियो संस्कृति चहकिलो ।

अर्ती-उपदेशका कुलोले पखालिए मनका दुर्विचार,
साधनाका गोडमेलले झ्याङ्गिए सभ्यताको घार ।
चिनें आज मैले मलाई तिम्रो तपले,
शिक्षा सज्जनता पाएँ सुकविता तिम्रै ध्यानले ।

रम्यव्यङ्ग्य गरीकन बाल्यौ यशको दीपक,
साहित्य नक्षत्रमा तिमी जूनको प्रतीक ।

राम-सीता धन्य भए, झुन्डिए सबका कण्ठमा,
अजर बने राष्ट्रभाषा तिम्रो प्रतिमा ।

घाँसीको एक प्रेरणा नै भयो ठुलो ओखती,
नेपालको युगपुरुष हौ देशको सम्पत्ति ।
खुल्ला किताब तिमी ज्ञानको सागर,
सार्थक भयौं हामी तिमीलाई पाएर ।

खोज्छु तिमिलाई कता-कता आकाशमा झुल्कन्छौ,
छाम्छु तिमिलाई कता-कता मुटुमै धड्कन्छौ ।

- *काभ्रे* ।

कृति समीक्षा

# 'कल्पध्वनि'भित्र नियाल्दा



✍ अरूणबहादुर खत्री 'नदी'

लघुकथाकार कल्पना पौडेल 'जिज्ञासु'को 'कल्पध्वनि' नामक लघुकथासङ्ग्रह २०८१ मा प्रकाशित भयो । यस कृतिभित्र उनले लेखेका सन्तान, औकात, सम्मान, छोरी, सङ्कल्प, मानवतालगायत विभिन्न शीर्षकका ५५ वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ५५ वटै लघुकथा पाठकलाई प्रभावकारी रूपमा आकर्षित गर्न सक्षम रहेका छन् । यस सङ्ग्रहभित्रको 'सन्तान' शीर्षकको पहिलो लघुकथामा 'नातिनातिनाले डाँडाकाँडा ढाकेपछि सुत्केरी भएकीलाई खसीको मासु लैजानुपर्ला हा ! हा ! हा !' गीता म्याडमले व्यङ्ग्य गर्दै भनेकी छिन् । 'मानवता' शीर्षकको लघुकथामा होसमा आएपछि समाको दिमाखमा युद्धको आकृति खेल्न थाल्यो । एक टुक्रो मासुको निम्ति कुकुर हरूको लुछाचुँडीजस्तो । देशका लागि दोहोरो भिडन्त आँखामा नाच्न थाल्यो भनिएको छ ।




'जमाना' शीर्षकको लघुकथामा होसमा आएपछि रगतको आहालबाट बिस्तारै उठेर ओछ्यानमा पल्टिदै पितृसत्तात्मक समाजको सोचलाई धिक्कार्दै थिइन् विमला भनिएको छ । बौद्धिक 'छोरी' शीर्षकको लघुकथाभित्र रूपक खुसीले प्रफुल्लित हुँदै धन्यवाद फर्काउँदै थिए । पत्रकार प्रेसका मालिकलगायत मिडियाकर्मी जम्मा भए लगत्तै कार्यक्रम सुरु भयो भनिएको छ ।

यसभित्र लेखिएका लघुकथा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्त्व बढ्ने छ । यस तथ्यलाई लघुकथाकार कल्पनाले मनन गरेकी छिन् । विषय छनोट कथाकारको महत्त्वपूर्ण परीक्षणको क्षेत्र हो । कथाकारले आजको पाठकको भोकतिर्खा मेट्न सक्ने विषय छनोट गर्न सक्यो कि सकेन त्यो महत्त्वपूर्ण पाटो हो । यस सङ्ग्रहभित्रका कथाको शीर्षकहरूबाट नै कतिपय कथा व्यक्तिको चरित्र वा स्वभावसँग सम्बन्धित छन् भन्ने स्पष्ट देखिन्छ । कतिपय शीर्षकले घटना, कतिले समस्या, कतिपयले जीवनानुभव र कतिपयले अवस्थाको सङ्केत गरेका छन् । यस कृतिभित्रका कथामा पनि व्यक्तिगत स्वभाव, सामाजिक परिघटनाहरू र प्रवृत्तिहरूकै चित्रण भएकाले कथाकार कल्पना शीर्षक चयन वा कथाको नामकरण गर्नमा खप्पिस छिन् ।

सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिर्सँदै गएको आफ्नो धरातल तथा हराइरहेको मानवीय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन् । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन । यही समाजमा रहेका सङ्गत, विसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नु नै पर्छ ।

'विभेद' शीर्षकको लघुकथामा नारी दिवसको कार्यक्रममा निमन्त्रणा आएकोले पवित्रा उत्साहित थिइन् । एकदिन भए पनि घरको कामबाट छुटकारा पाइने, दिदीबहिनीहरूसँग भेट हुने, मन खोलेर बोल्न पाइने साथै महिला हकअधिकारका विषयमा थप जानकारी पाइने कुरा गमेर खुसी थिइन् भनेर लेखिएको छ । 'परीक्षा' शीर्षकको लघुकथामा सहरमा क्याम्पसको पहिलो दिन अभिषेक हतारिँदै कक्षा कोठामा छिरे कक्षामा गाउँकै स्कुलमा पढाउने

लघुकथा

# पाखण्ड



✍ **सुरेशकुमार पाण्डे**

के भयो किन उठ्यौ ?' – "चामीले घ्यूको हर्पे राखी र जुरुक्कै उठेको देखे पछि रन्जुले सोधी ।"

ऊ केही बोलिन । लक्षबत्ती बाल्ने तैयारी चल्दै थियो । बाहिर थुप्रै पाहुना आइसकेका थिए ।

चामी यसरी पूजाकै ठाउँबाट उठेर आएको देखेपछि रञ्जुलाई नराम्रो लाग्यो ।

"समिरले एक बिसौली घ्यू आफ्नै घरबाट ल्याएको थियो, त्यो चामीको हातमा थमाएको हो । चामी के भयो ?" रञ्जु भित्रबाट करेसामा चामी उभिएको ठाउँ तिर आएर सोधी ।

"आमा ! कति वेला नछुने भएछ थाहा नै पाएन ।" '– चामीले दिक्का मान्दै बोली ।

"कस्तो यही वेला हुनुपरेको जा पर ढिकी भएको पछि गएर बस्, ढिकी झाँतो नछुनू", रञ्जुले आदेश गरिन् ।

एक कान दुई कान मैदान, पण्डितको कानसम्म कुरा पुगेछ ।

"ओहो यो पूजाको सबै समान बिल्टो भयो, फटाफट बदलेर राख । " ब्राह्मणले भने, "यो सबै फ्याकौं र अरू जस्ताको तस्तै तैयार गरी राखौं ।" ...! ब्राह्मणले एकान्तमा लगेर सविस्तार सम्झाए ।

"त्यो घ्यू के गरौं ब्राह्मणलाई दिन भनेर समीरले पठाएको घ्यू ? अरु पाइदैन गाउँबाट ल्याएको एक बिसौली घ्यू !" रञ्जुले सुस्तरी भनिन् ।

"त्यसलाई म लगिहाल्छु काठको भाँडामा छ, काठको भाँडो शुद्ध हुन्छ ।", ब्राह्मणले बायाँ आँखो झमक्क पर्दै रञ्जुलाई जानकारी गराए । ■■

*– दाङ, घोराही १८*

शिक्षकले लेक्चर दिँदै थिए भनिएको छ । 'योजना' शीर्षकको लघुकथामा तिमीसँग जीवन बिताउन पाए अरू कसैको साथ चाहिँदैन मलाई । प्रमोदले बेला बेलामा भनिरहेको हुन्थ्यो भनिएको छ ।

'परिणाम' शीर्षकको लघुकथाभित्र पर्यावरण संरक्षण र प्रवर्धनको आवश्यकता टट्कारो रूपमा बढ्दै गइरहेको छ । पर्यावरण संरक्षणसम्बन्धी कार्यशालामा प्रशिक्षक रोहितले प्रकाश पारे भनिएको छ । कल्पनाले समाजका कुनै पनि क्षेत्रमा घटेका त्यस्ता घटना, घटनालाई कथात्मकता दिन उत्प्रेरित गर्ने वातावरण वा परिवेश, घटनामा संलग्न चरित्र/पात्र, बिनाबाधा अवरोध प्रदान गरेकी छिन् ।

कथा आफैंमा पूर्ण भएजस्तै लघुकथा पनि स्वयंमा पूर्ण हुन्छ अर्थात् लघुकथा कथाको सङ्क्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ ।

अन्त्यमा लघुकथाकार कल्पनाको अन्य कृतिहरू पनि प्रकाशित भएर हामीहरूले पढ्न पाउने आशा गर्न गरौं ।

कृतिः कल्पध्वनि
कृतिकारः कल्पना पौडेल 'जिज्ञासु'
प्रकाशकः कल्पना फाउण्डेसन नेपाल
संस्करणः प्रथम, वि.सं. २०८१
मूल्यः रू.२५०।–
पृष्ठः७६

*– बुढानीलकण्ठ-४, पासीकोट, काठमाडौं ।*

■■

कविता

# देखिन्न हेर मानव



**हरिभक्त सिग्देल 'महेश'**

राजतन्त्र प्रजातन्त्र गणतन्त्र कठैबरा
देश र जनतालाई कसैको छैन है भर ।
गरेनन् कसैले नि जनता सुखी हुन् भनी
कर्तव्य निष्ठभै काम देश र जनता पनि ॥

बिचौलिया छानिदिन्छन् उपल्लो तहमा पनि
को आएमा सहज हुन्छ दोहोरो चल्छ जीवनी ।
निकासा बजेटदेखि खरिद बिक्री ठुलो धन
आकार हेरी उसैले गर्छ खेलो दिई मन ॥

अर्थ, गृह, परराष्ट्र, उद्योग, रक्षा र अन्यको
चलखेल तलमाथि व्यवस्था हेर गर्छ जो ।
जो खान्छ र खुवाउँछ मिल्छ अनि मिलाउँछ
डुलाउँछ भित्र साथै बाहिर नि पिलाउँछ ॥

गहनता विषयादि विज्ञ चाहिन्न क्वै पनि
मिलाउने पिलाउने दुष्ट बुद्धि छ जो अनि ।
खोज त्यस्ता हुन्छ भन्ने तर्क दिने हटाउनू
व्यक्ति र पार्टी पोस्न सक्नेलाई अटाउनू ॥

हेरियो देखियो सारा पहिले अहिले पनि
थिएनन् र छैन मान्छे मेरो देश भनी अनि ।
स्वार्थको खेलमा देश बेवारिस बनिसक्यो
देखिन्न हेर मानव पशुत्वमा झरिसक्यो ॥

# समय सधैँ एकै हुँदैन



**रेणु अधिकारी 'मौनता'**

समय सधैँ एकै हुँदैन
बदलिरहन्छ मौसमजस्तै

जुन हातले सम्मान गर्छ
उही हातले अपमान पनि गर्न सक्छ
कहिले अचुक औषधी बनी
कोपिएको घाउ भर्छ ।

समय सधैँ एकै हुँदैन

रातपछि दिन आउँछ
दुःखपछि सुख पनि आउँछ
आत्मबलले जितिन्छ यात्रा,
सङ्घर्षमै रमाउनुपर्छ
समय सधैँ एकै हुँदैन

मेहनत सधैँ गर्नुपर्छ
परिश्रमले घडा भर्नुपर्छ
चुम्ने छ लक्ष्य निरन्तरताले एक दिन
प्रयास सधैँ गर्नुपर्छ

समय सधैँ एकै हुँदैन

हिजोको मुर्ख ज्ञानी बन्न सक्छ
गरिब मानिस धनी बन्न सक्छ
रूपान्तरण गरेर हेर आफूलाई
गुणी अनि स्वाभिमानी बन्न सक्छ

समय सधैँ एकै हुँदैन

*- टोखा १० काठमाडौँ*

लघुकथा

# सत्यता



✍ **सीताराम नेपाल**

एकाबिहानै चौतारीमा गाउँका ज्येष्ठ नागरिकद्वय पिलपिल आँसु झार्दै रोएको देखी मैले सोधें । उनीहरूले मन नलागी नलागी जबाफ गरे- 'हेर न बाबू ! छोराछोरीहरू कोही बा-बा भन्दै कुदे, कोही घन्टी बजाउनतिर लागे । तिनलाई जन्माउने, हुर्काउने, पढाउने हामी आमाबाबालाई मरेको सिनुझैं छाडे । अनि हामी नरोए को रून्छ त !'

तिनका कुराले मलाई पनि झस्का पस्यो, मुटुमै । छोराछोरीलाई युरोप र अमेरिका पठाएर मख्ख परेको मेरो मन बुहारी झारझैं खुम्चियो ।

बिहानी भ्रमणमा निस्केको म त्यही चौतारीमै अलमलिएछु । म अलमलिएको देखी उहाँहरूले सोध्नुभयो -'तपाईं कहिलेदेखि हामीजस्तै फुर्सदिलो हुनुभयो ? हिजोअस्ति त फटाफट हिँड्नुहुन्थ्यो । आज त हतार छैन ?'

- 'एऽ ! तपाईंहरूका कुराले मैले त बिर्सेछु !'

- 'बिदेसिएका छोराछोरीको यादले होला बाबू ! धन्दा नमान्नुस् बाबू ! तपाईंका सन्तानले त हप्तैपिछे भिडियो कल गर्छन् । भिडियोमा देखिन्छन्, गफगाफ गर्छन् । हाम्रा त बेकामे भइगए । बाँदरको पुच्छर लौरो न हतियार !'

बाटो लाग्दै मैले आश्वासन दिएँ- 'तपाईंका सन्तान स्वदेशमै छन् । ठूलाबडाको पछि लाग्या छन् । माननीय होलान्, मन्त्री होलान् ।'

म पर पुग्दा पनि उहाँहरूले भन्दै हुनुहुन्थ्यो- 'आऽ ! बाबू ! नैतिकता, सत्यता, इमानदारी बिर्सेर हिँड्नेहरूका पछि लाग्ने व्यक्तिको कुनै काम राम्रो हुँदैन । हाम्रा त कि पुच्छर मात्रै हुन्छन् कि निर्दोष हुँदाहुँदै भ्रष्टाचारमा जाकिन्छन् ।' ■■

*काठमाडौं-१४, कलङ्की*

## कल्पतरूका प्रतिनिधि/आजीवन सदस्यहरू

संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा), डा. रूपक श्रेष्ठ (बेलायत)
ताराप्रसाद चापागाईं (यु.ए.ई.), गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया), अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम), सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका), सागर फुयाँल (जर्मनी), खिम पुन (कतार)
डम्बर थामी (बहराइन), दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ), प्रेम कटुवाल (कुवेत)
अजय गोले 'अञ्जान', मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– टीका चापागाई (९८६३६०५९३५)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान केसी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रूद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)

# विभिन्न साहित्यिक गतिविधिका झलक














# बाढी र पहिरोबाट सचेत होऔँ

**बाढी र पहिरो आउनुअघिः**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔँ,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔँ,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔँ,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौँ,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔँ ।

**बाढी र पहिरो आएमाः**

- अनावश्यक हिडडुल नगरौँ,
- सुरक्षित स्थानतर्फ जाऔँ.
- बिजुलीका लाइन वा पोलहरूबाट टाढा रहौँ,
- खोलानाला सुरक्षित तबरले पार गरौँ,
- अफवाह नफैलाऔँ, सत्य सूचना मात्र आदान-प्रदान गरौँ,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौँ ।

नेपाल सरकार

# विज्ञापन बोर्ड